सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ वैशाख २०८३, बुधबार (22 Apr 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रतिनिधिसभा नियमावलीमा के-के फेरिँदै छ ?

रास्वपा सांसद गणेश पराजुलीको समितिले मंगलबार सभामुखलाई बुझाएको प्रतिवेदन आगामी संसद् अधिवेशनबाट अनुमोदन भएपछि लागू हुने



● मस्यौदा समितिका सभापति रास्वपा सांसद गणेश पराजुलीले भने–



सरकार र संसद्लाई अझै जवाफदेही बनाउने गरी मस्यौदा प्रतिवेदन तयार भएको छ। जवाफदेहिताको कसीमा नियमहरू परिमार्जन गरिएको छ। नयाँ नियमहरूले जनताप्रति उत्तरदायी बनाउने हाम्रो अपेक्षा छ।

१ संसदीय समितिको निर्देशन ३० दिनभित्र कार्यान्वयन गर्नुपर्ने

संसदीय समितिका निर्देशन सम्बन्धित निकायले ३० दिनभित्र कार्यान्वयन गरेको प्रगति विवरण दिनुपर्ने भनिएको छ। कार्यान्वयन गर्न नसक्ने भएमा ३० दिनभित्रै पुनरवलोकनका लागि पठाउनुपर्ने र त्यसमा समितिले विचार गर्नुपर्ने भनिएको छ। यसैगरी संसदीय समितिमा क्यालेन्डर लागू गर्ने तथा समयसीमा तोकेर विधेयक टुंग्याउने व्यवस्था गरिएको छ। विधेयक मस्यौदा टेबुलदेखि पारित नहुँदासम्म कहाँ छ भनेर डिजिटल माध्यमबाट अपेडट दिनुपर्ने व्यवस्था गरिएको छ।

२ महाभियोग पाँच महिनाभित्र टुंग्याउनुपर्ने

राष्ट्रपतिसहित संवैधानिक अंगका पदाधिकारीविरुद्ध आउने महाभियोग अर्को सदनले पाँच महिनाभित्र टुंग्याउनुपर्ने व्यवस्था गरिएको छ। यसअघि राष्ट्रपति र उपराष्ट्रपति तथा प्रधानन्यायाधीशसहित संवैधानिक पदाधिकारीविरुद्धको महाभियोग प्रस्ताव पाँच महिनाभित्र टुंग्याउने, नसकिए आउने प्रतिनिधिसभाका लागि अभिलेखका रूपमा रहने र आवश्यक निर्णय गर्ने व्यवस्था थियो।

३ असंसदीय शब्दको परिभाषा थपियो

प्रस्तावित मस्यौदामा 'अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिंगलाई होच्याउने वा अरू कुनै किसिमले असर पर्ने, भेदभाव गर्ने, मर्यादा घटाउने, अप्रमाणित आरोप लगाउने, भौगोलिक भेदभाव झल्कने गरी बोलेको शब्दलाई' असंसदीय शब्द भनिएको छ।

४ बजेटको छलफलमा अर्थमन्त्री जरुरी नहुने

बजेटसम्बन्धी छलफलमा अर्थमन्त्री उपस्थित हुनैपर्ने व्यवस्थाका ठाउँमा अर्थमन्त्री वा तोकिएको अन्य कुनै मन्त्री वा राज्यमन्त्री भए पनि हुने व्यवस्था गरिएको छ।

५ सांसदलाई हाजिरमा छुट

प्रतिनिधिसभा बैठकमा उपस्थित हुने सदस्यलाई विद्युतीय हाजिरी अनिवार्य गरिएको छैन। हाजिरी पुस्तिका वा विद्युतीय उपस्थिति उपकरणमध्ये एकमा हाजिर गर्नुपर्ने भनिएको छ। विगतमा हाजिरी पुस्तिकामा पुरानो दिनको हाजिरी गर्ने बेथिति बढेपछि विद्युतीय हाजिरी लागू गरिएको थियो। तर, राजनीतिक नेतृत्वको अनिच्छाका कारण कार्यान्वयनमा आएन। सांसदहरूको हाजिर सचिवालयले सार्वजनिक गर्न सक्ने भनिएको छ।

६ कार्यव्यवस्था परामर्श समितिको संख्या घट्यो

प्रतिनिधिसभा बैठकमा पेस हुने विषयको प्राथमिकता तथा समयावधिको निर्धारणलगायत बैठकलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्न सभामुखको अध्यक्षतामा रहने कार्यव्यवस्था परामर्श समितिको आकार घटेको छ। यसअघि २१ सदस्यीय रहेको समितिलाई १५ सदस्यमा झारिएको हो।

७ सांसदले फोटो र भिडियो खिच्न नपाउने

प्रतिनिधिसभा बैठकमा यसअघि फोन साइलेन्समा राख्नुपर्ने, फोनमा कुरा गर्न र रेकर्ड गर्न नहुने उल्लेख भएकोमा अब फोटो खिच्ने, अडियो र भिडियो रेकर्ड गर्न नहुने नियम बनाइएको छ। यसअघि पुस्तक, समाचारपत्र वा अन्य कागजपत्र पढ्न नहुने नियमलाई निरन्तरता दिइएको छ।

कमलराज भट्ट / नयाँ पत्रिका

प्रतिनिधिसभा सञ्चालनसम्बन्धी 'प्रतिनिधिसभा नियमावली, २०७९' मा विभिन्न संशोधनको प्रस्ताव तयार पारिएको छ। नियमावली संशोधन गर्न प्रतिनिधिसभाले २४ चैतमा रास्वपा सांसद गणेश पराजुलीको नेतृत्वमा बनाएको मस्यौदा समितिले मंगलबार सभामुख डोलप्रसाद अर्याललाई प्रतिवेदन बुझाएको छ। मस्यौदा प्रतिवेदन बुझ्दै सभामुख अर्याललले यसमा थप छलफल गरिने बताए। संविधान, विगतका नजिर, प्रचलित कानुनी व्यवस्था, साथै विज्ञ र सम्बन्धित निकायसँगको परामर्शका आधारमा नियमावली परिष्कृत गरिने सभामुख अर्याललले बताए। उनले सदनमा विस्तृत छलफल हुने र कमी-कमजोरी सुधार गर्न सकिने स्पष्ट गरे।

समिति सभापति पराजुलीले संसद् र सरकारलाई जवाफदेही बनाउने गरी नियमावली संशोधनका लागि मस्यौदा प्रतिवेदन तयार पारिएको बताए। 'सरकार र संसद्लाई अझै जवाफदेही बनाउने गरी

» पृष्ठ २ मा क्रमशः

■ धितोपत्र बोर्डको जाँचबुझ प्रतिवेदनको निष्कर्ष

कृत्रिम रूपमा सेयर मूल्य उचाल्न बिचौलिया भट्ट र ब्रोकरबिच मिलेमतो

बिचौलिया दीपक भट्टले परिवार र आफूआबद्ध संस्थामार्फत कानुनविपरीत शून्य भुक्तानीमै गरे अर्बौंको सेयर कारोबार, अझै तीन अर्ब तिर्न बाँकी, सर्वसाधारणले पाउँदैनथे सेयर बेचेको रकम

■ भट्टको बदमासीमा ब्रोकर सन्दीप चाचान, व्यवसायी सुलभ अग्रवाल, ऋषिराज मोर र राजबहादुर शाह पनि संलग्न, रोहित गुप्ता र शेखर गोल्छा सहयोगी



दीपक भट्ट



सन्दीप चाचान



सुलभ अग्रवाल



ऋषिराज मोर



राजबहादुर शाह



रोहित गुप्ता



शेखर गोल्छा

पवन तिमिल्सिना / नयाँ पत्रिका

धितोपत्र बोर्डको जाँचबुझमा बिचौलिया दीपक भट्ट पुँजीबजारमा कृत्रिम रूपमा सेयर मूल्य बढाउने योजनामा संलग्न रहेको देखिएको छ। भट्टले ब्रोकरसँग मिलेमतो गरी परिवार र आफूआबद्ध संस्थामार्फत कृत्रिम रूपमा सेयर मूल्य उचाल्न चलखेल गरेको बोर्डले गठन गरेको जाँचबुझ समितिले निष्कर्ष निकालेको हो। चलखेलमा व्यवसायीहरू सुलभ अग्रवाल, राजबहादुर शाह, ऋषिराज मोर, शेखर गोल्छालगायतको पनि संलग्नता देखिएको समितिको ठहर छ।

» पृष्ठ २ मा क्रमशः

थप अनुसन्धान गर्न प्रहरीलाई सिफारिस

धितोपत्र बजारमा सेयर मूल्य कृत्रिम रूपमा बढाउन केही प्रभावशाली व्यक्ति र कम्पनीहरूको संलग्नता देखिएको निष्कर्ष निकाल्दै जाँचबुझ समितिले थप अनुसन्धानका लागि प्रहरीलाई सिफारिस गरेको छ। जाँचबुझ प्रतिवेदनअनुसार दीपक भट्ट र भृकुटी स्टक ब्रोकिङ कम्पनीका कार्यकारी प्रमुख सन्दीप चाचानले धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गतका विभिन्न प्रावधान उल्लंघन गरेको देखिएको छ। उनीहरूले सेयर बजारमा अवैध गतिविधि गरेको निष्कर्षसहित समितिले मुद्दा अनुसन्धानका लागि प्रहरी प्रधान कार्यालयमा पठाउन सुझाव दिएको हो। यसमा सुलभ अग्रवाल, ऋषिराज मोर र राजबहादुर शाहले पनि केही कम्पनीहरूको सेयर मूल्य बढाउन भूमिका खेलेको देखिएको छ। शेखर गोल्छा र रोहित गुप्तालगायतको पनि यसमा सहयोगीको भूमिका देखिएको प्रतिवेदनमा उल्लेख छ। उनीहरूसहित हिमालयन रिइन्स्योरेन्स, हिमालयन क्यापिटल सेवा, नेपाल माइक्रो इन्स्योरेन्स, हिमालय सेक्युरिटिज, एचएलआई लार्ज क्याप फन्डलगायत संस्थाको रकम प्रयोग भएको देखिएको छ।

विशेषगरी नेपाल रिइन्स्योरेन्सको सेयर मूल्य बढाउन उनीहरूको संलग्नता देखिएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा हिमालयन लाइफ इन्स्योरेन्स र हिमालय इन्भेस्टमेन्ट बैंकरजस्ता संस्थाहरूले गरेको सेयर कारोबार पनि शंकास्पद रहेको औंल्याइएको छ। उनीहरूले गरेको कारोबारबाट ऐन उल्लंघन भएको देखिएको भन्दै अनुसन्धानका लागि सिफारिस गरिएको छ। एनएलजी इन्स्योरेन्स कम्पनीको पनि सेयर मूल्य बढाउने लक्ष्यसहित भट्टको नेटवर्क सक्रिय भएको जाँचबुझमा देखिएको छ। यसमा संलग्न देखिएका संस्थाहरूमा हिमालयन रिइन्स्योरेन्स, हिमालय इन्भेस्टमेन्ट बैंकर, एचएलआई लार्ज क्याप फन्ड, हिमालयन क्यापसर्भ, विभिन्न माइक्रो इन्स्योरेन्स कम्पनीहरू र हिमालयन लाइफ इन्स्योरेन्स छन्। यो कार्यमा संलग्नलाई धितोपत्रसम्बन्धी ऐन, २०६३ का दफा ९४, ९५, ९६ र ९८ अन्तर्गत पर्ने गम्भीर कसुर हुन सक्ने जाँचबुझ समितिको निष्कर्ष छ।

गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको सेयर मूल्य बढाउनसमेत सुलभ अग्रवाल, ऋषिराज मोर र सन्दीप चाचानको मिलेमतो देखिएको छ। यसमा हिमालयन रिइन्स्योरेन्स र एचएलआई लार्ज क्याप फन्डको समेत भूमिका रहेको उल्लेख गरिएको छ। प्रतिवेदनले सेयर बजारमा मिलेमतोमार्फत मूल्य चलखेल गरिएको निष्कर्ष निकाल्दै सम्बन्धित सबै पक्षमाथि थप अनुसन्धानका लागि प्रहरीलाई जिम्मा दिनुपर्ने सुझाव दिएको छ।

फेक रेस्क्युका 'मास्टरमाइन्ड' सिंहविरुद्ध अन्ततः मुद्दा दर्ता

चलखेलको जालो भत्किएपछि कानुनी घेरामा **राजेन्द्रबहादुर सिंह**



टेकराज थामी / नयाँ पत्रिका

'फेक रेस्क्यु' प्रकरणको 'मास्टरमाइन्ड' ठहर गर्दै प्रहरीले मुद्दा चलाउन सिफारिस गरे पनि निवर्तमान सरकारको पालामा उन्मुक्ति पाएका हवाईविज्ञ राजेन्द्रबहादुर सिंहविरुद्ध अन्ततः अदालतमा मुद्दा दर्ता भएको छ। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले मंगलबार सिंहविरुद्ध संगठित अपराधसहित राष्ट्रहितविपरीतको कसुरमा संलग्न रहेको अभियोगमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरेको हो।

सिंहविरुद्ध मुद्दा दर्ता भएको काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयका प्रवक्ता मोहन खनालले बताए। 'फेक रेस्क्यु प्रकरणमा राजेन्द्रबहादुर सिंहविरुद्ध पनि मुद्दा दर्ता भएको छ। प्रहरीले यसअघि उनीविरुद्ध जुन अभियोग लगाउन सुझाव दिएको थियो, सोही कसुरअनुसार नै मुद्दा दर्ता भएको हो,' उनले भने, 'सिंहलाई उक्त मुद्दामा मतियार मानिएको जस्तो लाग्छ।'

५१ दिनको अनुसन्धानपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सिंहसहित ३३ अभियुक्तविरुद्ध संगठित अपराध, राष्ट्रहितविरुद्ध कसुर, आपराधिक लाभ र लिखतसम्बन्धी चार संयुक्त कसुरमा मुद्दा चलाउन सिफारिस गरेको थियो। तर, ९ चैतमा वकिल कार्यालयले सिंहलाई उन्मुक्ति दिएर ३२ अभियुक्तविरुद्ध मात्रै अदालतमा मुद्दा दर्ता गरेको थियो। तत्कालीन श्रममन्त्री राजेन्द्रसिंह भण्डारी, महान्यायाधिवक्ता सविता भण्डारीसहित टोलीको चलखेलपछि वकिल कार्यालयले सिंहलाई उन्मुक्ति

» पृष्ठ २ मा क्रमशः



महान्यायाधिवक्ता डा. कँडेलले दिएका थिए पुनः अनुसन्धानको निर्देशन

यसअघि निवर्तमान श्रममन्त्री राजेन्द्रसिंह भण्डारी र महान्यायाधिवक्ता सविता भण्डारीसहित टोलीको चलखेलपछि सरकारी वकिल कार्यालयले सिंहलाई दिएको थियो उन्मुक्ति। रास्वपाको नयाँ सरकार बनेसँगै नियुक्त भएका महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेलले सिंहमाथि थप अनुसन्धान गरी मुद्दा प्रक्रिया अघि बढाउन जिल्ला सरकारी वकिल कार्यालय र प्रहरीलाई दिएका थिए निर्देशन।

देशभर बढ्यो तापक्रम

पश्चिम तराईमा तातो हावाको लहर, ४२ डिग्री सेल्सियससम्म पुग्यो तापक्रम

यम बम / नयाँ पत्रिका


अधिकतम र न्यूनतम तापक्रम उकालो लागेसँगै पश्चिम तराईमा तातो हावाको लहर चल्न थालेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार आइतबारदेखि पश्चिम तराईबाट तातो हावा चल्न थालेकोमा मध्य तराईमा पनि विस्तार भएको छ। उपत्यकामा पनि तापक्रम बढेको छ। विभागले अझै केही दिन तराईमा गर्मी कायमै रहने जनाएको छ।

मंगलबार सबैभन्दा बढी अधिकतम तापक्रम भैरहवामा ४२ डिग्री सेल्सियस मापन भएको छ। रुपन्देहीको भगवानपुरमा ४०.५ डिग्री सेल्सियस तापक्रम रेकर्ड भएको छ। त्यसबाहेक सिमरामा ४०.३, नेपालगन्जमा ३९.३ र धनगढीमा ३८.८ डिग्री सेल्सियस मापन भएको छ।

लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका तराई भूभागका थोरै स्थानमा ६ वैशाखदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस र सोभन्दा बढी मापन गरिएको छ। साथै, मधेश प्रदेशलगायत बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका तराईका केही स्थानमा ३८ डिग्री सेल्सियसआसपास मापन गरिएको छ। यसबाहेक मधेश प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनीका तराई तथा उपत्यका र खोँचमा पनि तापक्रम बढ्ने अनुमान छ। बुलेटिन जारी गर्दै विज्ञान विभागले अझै केही दिन तराईमा गर्मी कायमै

» पृष्ठ २ मा क्रमशः

आज (बुधबार)को मौसम पूर्वानुमान



उच्च मापन भएको अधिकतम तापक्रम

मंगलबार : ४२ (भैरहवा)
सोमबार : ४१.६ (भैरहवा)
आइतबार : ४०.६ (खजुरा, बाँके)

पश्चिमदेखि पूर्वसम्मकै तराई मधेशमा गर्मी बढेको छ, यो अवस्था कम्तीमा दुई-तीन दिन रहन्छ

● **रोजन लामिछाने**, मौसमविद्



वर्षा गराउने प्रणाली सक्रिय छैन। माथिल्लो वायुमण्डलमा उच्चचापीय प्रणाली पनि विकास भएकाले वर्षाका गतिविधि हुन नसक्दा तापक्रम बढेको छ। विशेषगरी पश्चिम तराईमा तातो हावाको लहर चलिरहेको छ। पूर्वी तराईमा हिजोअस्तिभन्दा तापक्रम बढेको छ। नक्सामा सुन्तला रङको संकेत चिह्न रहेका कञ्चनपुर, कैलाली, डोटी, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही र नवलपरासीमा मध्यम तातो लहर छ। त्यस्तै, नक्सामा पहेँलो रङको संकेत रहेका जिल्लामा मधेशको पूरै भूभाग, बागमती, गण्डकीको तराई र पहाडी क्षेत्र तथा लुम्बिनी र सुदूरपश्चिमको पहाडी क्षेत्र, खोँच तथा उपत्यकामा पनि तापक्रम बढिरहेको छ। दुई-तीन दिन गर्मी नै रहने देखिन्छ।

रक्षात्मक स्थितिमा कम्युनिस्ट पार्टीहरू



०७४ मा ६४.३६ प्रतिशतसम्म फैलिएका कम्युनिस्ट पार्टी फागुनको निर्वाचनबाट १५.२७ प्रतिशतमा खुम्चिए

ओलीको तस्बिरविनै पार्टी स्थापना दिवसमा एमालेको प्रचार

(विस्तृत पृष्ठ ३)

भ्रष्टाचार निर्मूल पार्न व्यापक पुनर्संरचना आवश्यक



अग्रलेख

● शंकरप्रसाद कोइराला

कानुन, स्रोत, पूर्वाधार र उपयुक्त वातावरण बनाउँदा पनि कर्मचारीले काम गरेन भने त्यस्तालाई बर्खास्त नै गर्नुपर्छ

(पृष्ठ ४)

हिमालयन रिका चार सञ्चालकले राजीनामा दिएपछि रिक्तियो निर्वाचित समिति

प्राधिकरणले सोधेको स्पष्टीकरणमा व्यवस्थापक र राजीनामा गरेका सञ्चालकले बुझाए जवाफ

HIMALAYAN RE

केराको अस्वाभाविक मूल्य नियन्त्रण गर्न उत्पादक किसानको माग

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अधिकांश निजी स्कुलले राख्न मानेनन् मौलिक नाम

अदालतको निष्कर्ष कुर्दै महानगर, १०७ विद्यालयको दर्ता अनुमति खारेज गरिँदै

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले ०८० जेठदेखि निजी (संस्थागत) विद्यालयको नाम परिवर्तन गर्ने अभियान चलाएको थियो। तर, तीन वर्ष हुनै लाग्दा पनि आधाभन्दा बढी विद्यालयले मौलिक नाम राख्न चाहेको देखिएन। अहिले पनि पुरानै नामअनुसार सञ्चालनमा छन्। महानगरले नाम परिवर्तन गर्न निर्देशन दिएपछि निजी विद्यालयहरूले त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सर्वोच्चले तत्काललाई पुरानै नामलाई यथावत् राख्न अन्तरिम आदेश दिएपछि महानगरपालिका पछि हटेको थियो।

महानगरको विद्यालय शिक्षा व्यवस्थापन निर्देशिका, २०७४ अनुसार विद्यालयहरूले 'इन्टरनेसनल, नेसनल र पब्लिक'जस्ता शब्दहरू हटाउन थालेको थियो। ती शब्द जोड्दा विद्यार्थीलाई दिनुपर्ने सेवा-सुविधा दिन नसकेपछि नामै सच्याउन महानगरपालिकाले निर्देशन दिएको थियो। तर, सामान्य नाम सच्याउने विषयसमेत अदालत पुगेपछि सर्वोच्चले पुरानै कायम राख्न भन्दै दुवै पक्षलाई छलफलमा बोलाएको छ।

हालसम्म ५-६ पटक सर्वोच्चले निजी विद्यालयका प्रतिनिधि र महानगरका प्रतिनिधिलाई बोलाएर राय लिए पनि अन्तिम निष्कर्ष भने दिन सकेको छैन। सोही कारण मौलिक नाम राख्ने र एकरूपता दिने कार्य असम्भव भएको महानगरका शिक्षा अधिकृत इन्द्रप्रसाद दाहालले बताए। उनले अदालतको आदेशपछि मात्रै यो विषय महानगरले टुंगो लगाउने बताए। 'नामलाई एकरूपता, मौलिकता र सेवा-सुविधासँग जोडेर परिवर्तन गर्न निर्देशन दिएका थियौं,' उनले भने, 'तर, अदालतमा पुगेपछि उक्त निर्णय पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। तर, केही निजी विद्यालयले नाम परिवर्तन गरिसकेका छन्, केही विद्यालयलाई प्रशासनिक कामले हामीकहाँ आएका वेला नाम परिवर्तन पनि गर्न भनिरहेका छौं, तर मुख्य कुरा अदालतको निष्कर्ष के आउँछ भन्ने नै हो।'

महानगरले निजी विद्यालयहरूले नाम मात्रै 'इन्टरनेसनल' राखेको, तर सेवा-सुविधा भने निम्छरो दिएको भन्दै नयाँ नियम ल्याएको थियो। विदेशी नाम झुन्ड्याएर विद्यार्थी तानिरहेका निजी विद्यालयलाई महानगरले अदालतको फैसलापछि मात्रै थप कारबाही गर्ने तयारी गरेको छ। महानगरका तत्कालीन मेयर बालेन्द्र शाह बालेनले १४ जेठ ०८० मा मापदण्ड पालना गर्न निर्देशन जारी गरेका थिए। महानगरको शिक्षा निर्देशिकाअनुसार कुल विद्यार्थीको एकतिहाइ विदेशी विद्यार्थी अध्यापन गराउने भए मात्रै 'इन्टरनेसनल' शब्द जोड्न पाइन्छ। तर, विद्यार्थी तान्न र विदेशी सहरको जस्तै शिक्षा दिने बहानामा 'इन्टरनेसनल' झुन्ड्याइराख्न पाइँदैन।

यस्तै, विद्यालयको नामको पछाडि 'नेसनल' शब्द जोड्न कम्तीमा पनि २५ जिल्लाका विद्यार्थी अध्ययनरत हुनुपर्छ। निर्देशिकाले यदि कुनै स्कुलले 'पब्लिक' शब्द जोड्छ भने त्यहाँ पढ्नेमध्ये कम्तीमा एकतिहाइले छात्रवृत्तिमा पढेको हुनुपर्छ। तर, यो नियम अधिकांश निजी विद्यालयले पालना गरेका छैनन्। त्यस्तै, पछिल्लोपटक महानगरपालिकामा नाम परिवर्तन गर्न पाँच स्कुलले निवेदन दिएका छन्।

विद्यार्थी नभएका १०७ स्कुल बन्द गरिँदै

काठमाडौं महानगरभित्र रहेका १०७ वटा स्कुल बन्द गर्ने तयारीमा महानगर लागेको छ। तीमध्ये अधिकांशमा विद्यार्थी संख्य शून्य छ। अधिकांशको भौतिक संरचनासमेत छैन। केहीले घरधनीलाई भाडा नै नतिरी विद्यालय नै बन्द गरेका छन्। केहीले विद्यार्थीलाई अलपत्र पारेर स्कुल बन्द गरेका छन्। त्यस्ता स्कुलको तथ्यांक संकलन गरिसकेकाले अब औपचारिक रूपमा ती स्कुल बन्द गर्ने महानगरको शिक्षा विभागले जनाएको छ।

अमेरिकी मन्त्री कपुरले भेटे परराष्ट्रमन्त्री र अर्थमन्त्री

सरकारका सुधार कार्यक्रमप्रति अमेरिका सकारात्मक : कपुर

नयाँ पत्रिका

दक्षिण तथा मध्य एसिया हेर्ने अमेरिकी सहायक विदेशमन्त्री समिर पल कपुरले मंगलबार परराष्ट्रमन्त्री शिशिर खनाल र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग बेग्लाबेग्लै भेटवार्ता गरेका छन्। वर्तमान सरकारले लिएको सुधारका कार्यक्रमलाई अमेरिकी राष्ट्रपति र अमेरिकी जनताले सकारात्मक रूपमा नजिकबाट हेरिरहेका कपुरले दुवै मन्त्रीहरूलाई बताएका छन्।



परराष्ट्रमन्त्री शिशिर खनाल र दक्षिण तथा मध्य एसिया हेर्ने अमेरिकी सहायक विदेशमन्त्री समिर पल कपुरबिच मंगलबार भएको भेटवार्ता

भेटमा दुई देशबिच दीर्घकालीन आर्थिक साझेदारी सुदृढ बनाउने तथा नेपालमा अमेरिकी लगानी सुदृढ गर्नेलगायत विषयमा छलफल भएको छ। सोमबार नेपालको तीनदिने कार्य भ्रमणमा आएका कपुरले यसअघि रास्वपा सभापति रवि लामिछाने तथा केही उद्यमीसँग भेटवार्ता गरेका छन्। उनले बौद्धनाथ मन्दिर र पाटन दरबार क्षेत्रको भ्रमण गरेका छन्।

मंगलबारका दुवै भेटमा नेपालमा २१ फागुनमा भएको निर्वाचन, सरकार गठन तथा सरकारको प्राथमिकताबारे छलफल भएको छ। नेपाल सरकार र अमेरिकी सरकारबिच सम्भावित साझेदारीका क्षेत्रहरू, लगानी प्रवर्द्धन र द्विपक्षीय सहयोगका विषयमा छलफल भएको छ।

परराष्ट्रमन्त्री खनालसँग भेटमा व्यापार र लगानी प्रवर्द्धनसहितका विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। 'व्यापार र लगानीमा थप जोड दिँदै नेपाल-अमेरिका द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा छलफल भयो,' परराष्ट्र मन्त्रालयले भनेको छ। कपुरले पनि परराष्ट्रमन्त्री खनालसँग फलदायी भेटवार्ता भएको जनाएका छन्। 'परराष्ट्रमन्त्री खनालसँग फलदायी भेटवार्ता भयो। यस अवसरमा नेपाल-अमेरिकाबिचको दीर्घकालीन साझेदारीलाई सुदृढ बनाउने, दुई देशबिचको व्यापार तथा लगानी अभिवृद्धि गर्ने र अवैध आप्रवासन एवं मानव बेचबिखन नियन्त्रण गर्ने विषयमा छलफल भयो,' कपुरले एक्स पेजमा लेखेका छन्।

अर्थमन्त्री वाग्लेले कपुरसँगको भेटमा नेपाल सरकारको मुख्य प्राथमिकता सुशासन, आर्थिक सुधार र गुणस्तरयुक्त भौतिक पूर्वाधार निर्माण रहेको बताए। उनले पुराना अनावश्यक कानुनहरूको खारेजी र नयाँ कानुन निर्माणद्वारा आर्थिक सुधार र लगानीको वातावरण सिर्जना गर्नु सरकारको प्राथमिकता रहेको उल्लेख गर्दै अमेरिकी लगानीकर्ता तथा गैरआवासिय नेपाली लगानीकर्ताबाट विशेष गरी पर्यटन, स्वच्छ ऊर्जा र सूचना प्रविधिका क्षेत्रमा लगानी अपेक्षित रहेको बताएका थिए।

अर्थ मन्त्रालयका अनुसार कपुरले नेपाल र अमेरिकाबिचको ऐतिहासिक सम्बन्ध आगामी दिनमा अझ सुदृढ हुने उल्लेख गरे। उनले वर्तमान सरकारले लिएको सुधारका कार्यक्रमलाई अमेरिकी राष्ट्रपति र अमेरिकी जनताले सकारात्मक रूपमा नजिकबाट हेरिरहेको बताएका थिए। सफल व्यापारिक सम्बन्ध र युएस इन्टरनेसनल डेभलपमेन्ट फाइनान्स कर्पोरेसनजस्ता संस्थाहरूसँगको साझेदारीमा दुवै राष्ट्रले लाभ लिन सक्ने कपुरको भनाइ थियो। 'अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग नेपालको व्यावसायिक वातावरणमा सुधार ल्याउने र अमेरिकी कम्पनीहरूलाई आकर्षित गर्ने प्रयासबारे उत्कृष्ट छलफल भयो। घनिष्ठ व्यावसायिक सम्बन्धले नेपालको यातायात, ऊर्जा र डिजिटल पूर्वाधारलाई थप मजबुत बनाउँदै दुवै देशको हित हुने गरी आर्थिक विकासलाई प्रोत्साहन गर्नेछ,' उनले भनेका छन्।

बागलुङका ५८ प्रतिशत नागरिक स्वास्थ्य बिमामा आबद्ध

बागलुङ/ दुई लाख ४९ हजार २११ जनसंख्या रहेको बागलुङमा ५८ प्रतिशत नागरिक स्वास्थ्य बिमामा आबद्ध छन्। स्वास्थ्य बिमा बोर्ड सम्पर्क शाखा कार्यालय बागलुङका अनुसार हालसम्म एक लाख ४३ हजार ६५२ जनाले स्वास्थ्य बिमा गरेका छन्। जसमा कुल ४६ हजार ४५४ घरपरिवार आबद्ध रहेको बिमा बोर्ड सम्पर्क कार्यालयका संयोजक नारायणप्रसाद पौडेलले बताए। जिल्लामा गत वर्षको तुलनामा यस वर्ष बिमा गर्नेको संख्या नौ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष ४९ प्रतिशत बिमित थिए भने यस वर्ष ५८ प्रतिशत पुगेको पौडेलले बताए।

'स्वास्थ्य बिमामा आबद्ध भएपछि एक लाखसम्मको स्वास्थ्य उपचार निःशुल्क पाइने भएकाले स्वास्थ्य बिमा गराउनेको संख्या बढिरहेको छ, वर्षमा एकपटक प्रिमियम तिरेपछि सूचीकृत भएका अस्पतालबाट वर्षभरि उपचार पाइने भएकाले अधिकांशले स्वास्थ्य बिमा गर्न थालेको पौडेल बताउँछन्।

स्वास्थ्य बिमामा आबद्ध हुनेको संख्या बढ्दै गए पनि नवीकरण नगर्ने पनि धेरै छन्। जिल्लाको कुल बिमित सदस्यमध्ये ३० प्रतिशतले नवीकरण गरेका छैनन्।

स्वास्थ्य बिमा गरे पनि तोकिएका औषधि नपाएकोमा भने बिमितको गुनासो छ। सरकारले एक हजार २८८ प्रकारका औषधि बिमाबापत पाउने भने पनि अस्पतालको फार्मेसीमा औषधि नभएपछि नवीकरणका निम्ती चासो नहुने बिमित सदस्य लक्ष्मी शर्मा बताउँछिन्। 'हामीलाई नियमित खानुपर्ने औषधि बिमाबाटै पाउने सुविधा छ, तर अस्पतालमा समयमा नै खरिद नहुँदा त्यो औषधि किन्नुपर्ने बाध्यता हुन्छ,' उनले भनिन्, 'बिमा गर्दा अन्य सुविधा त सहज छ, तर औषधि नपाउँदा किन गरिएछ जस्तो हुन्छ।'

प्रतिनिधिसभा...

पृष्ठ १ बाट क्रमशः

मस्यौदा प्रतिवेदन तयार भएको छ। जवाफदेहिताको कसीमा नियमहरू परिमार्जन गरिएको छ। नयाँ नियमहरूले जनताप्रति उत्तरदायी बनाउने हाम्रो अपेक्षा छ,' उनले भने। मस्यौदा समितिमा ओजस्वी शेरचन, खगेन्द्र सुनार, खुस्बु ओली, गजलासमिम मिकरानी, तपेश्वर यादव, ध्रुवराज राई, निशा डाँगी, निस्कल राई, बलावती शर्मा, मधु चौलागाईं, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव र सुलभ खरेल सदस्य थिए। प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को झन्डै दुईतिहाइ बहुमत छ।

धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धि ३५ दिने सुचना

प्रकाशित मिति : २०८२/०१/०९

यस रिभरसिटि सेभिङ्ग एण्ड क्रेडीट को-अपरेटिभ लिमिटेडका विभिन्न समयमा व्यवसायीक कर्जा उपभोग गरेका तपसिल बमोजिमका ऋणीहरुलाई कर्जा चुक्ता गर्ने बारेमा यस संस्थाबाट बारम्बार मौखित एवं लिखित रुपमा अनुरोध तथा ताकेता गर्दा समेत कुनै बास्ता नगरी ऋण दायित्व फछ्यौट गर्ने तर्फ तदारुकता नदेखाएको, संस्थाले कर्जा चुक्ता गर्न समय समयमा पत्राचार गर्दा पत्र बुझेर पनि कर्जा बुझाउने तर्फ बेवास्ता गरी बसेको संस्थामा समेत सहभागी भई ऋणी तथा ऋणीको घर परिवार संग छलफल गर्दा कर्जा चुक्ता गर्छु भनी संस्थालाई लेखिदिएको निवेदन प्रतिवद्धताहरु पुरा नभएको र ऋणीको कर्जा चुक्ता गर्ने मनसाय समेत नदेखिएको हुनाले यो अभिलम्ब कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र यस संहकारीलाई बुझाउन बाँकि रहेको सम्पूर्ण सावाँ, व्याज हर्जाना व्याज तथा अन्य रकम एकमुष्ठ बुझाउन सुचित गरिन्छ। उपरोक्त अनुसारको म्याद भित्र बक्यौता रहेको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी नगरेमा यस सुचना प्रकाशित भएको मितिले ३६ औ दिनमा ऋणीले यस सहकारीलाई लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि गरि संस्थाको सम्पूर्ण लेना रकम असुल गरिनेछ। कदमकदाचित यो धितोबाट सम्पुर्ण रकम असुल उपर हुन नसकेमा असुल उपर हुन बाँकि रकम निजको एकासगोंल परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट असुल उपर गरिनेछ। साथै ऋण लिंदा व्यक्तिगत जमानी दिनेको नाममा रहको वा निजको एकासंगोल परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत सहकारी ऐन २०७४ बमोजिम असुल उपर गरिनेछ। यस सहकारी संस्थाको कर्जा असुली निति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्रि गरी वा अन्य कानुनी प्रक्रिया अवलम्वन गरी संस्थाको लेना रकम असुल उपर गरीने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराइन्छ।

साथै यो सुचना बामोजिम यस संस्थामा रहेको चल अचल सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संस्थाबाट यो सुचना प्रकाशित भएको मितिले ३६ औ दिन अर्थात मिति २०८३/०२/१३ दिनको ४:०० बजे सम्म कार्यालयको समर्यभित्र संस्थाको कार्यालयमा आईपुग्ने गरी निम्न सर्तहरुको अधिनमा रहि यो गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आह्वान गरीन्छ। बोलपत्र प्राप्त भएको ३७ औ दिन अर्थात मिति २०८३/०२/१४ गते दिनको ३:०० बजे संस्थाको कार्यालयमा खोलिने हुँदा बोलपत्र दाता वा अधिकारीक प्रतिनिधि उपस्थित हुन यसै सुचना द्वारा जानकारी गराइन्छ। यो सुचना बमोजिम अचल सम्पत्ति लिलाम बिक्रि हुन नसकेमा संस्थाको अनुकुल समयमा संस्था आफैले सम्वन्धित ऋणीलाई पूर्व सुचना नदिइकन पनि संस्थाकै नाममा सकार गरी लिनसकिने व्यहोरा पनि सुचित गराइन्छ।

तपसिल

क्र.स.	ऋणीको नाम थर	बाबुको नाम थर	बाजेका नाम थर	कर्जा शिर्षक	धितोको विवरण
१	कृष्ण हरी खड्का	टोप बहादुर खड्का	पदम बहादुर खड्का	व्यापार	काडमाण्डौ गा.वि.स/न.पा. साखुं पुखुलाछी वडा नं.४(क) कि.नं. ४३७ क्षे.फ ०-१२-३-० (४०५.४)

१. बोलपत्र फाराममा आफूले बोल कवोल गरेको रकम अकं र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
२. बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण सहकारी संस्थाबाट प्रकाशित सुचनाको आधारमा नै पर्ने छ।
३. बोलपत्रको खाम बाहिर समेत कर्जा शिर्षक र नं. उल्लेख गर्नुपर्नेछ।
४. लिलाम बिक्रि हुने धितो सुरक्षणको जग्गा हेर्न चाहेका वा लिलाम बिक्रि हुने सम्पत्ति बापत ऋणीले तिर्न बुझाउन बाँकि रकम बारे जानकारी लिन चाहेमा बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र सहकारी संस्थामा सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोहि अवस्थामै बुझनु वा निरिक्षण गर्न सकिनेछ।
५. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम संस्थामा बुझाई अचल सम्पत्ति आफ्नो नाममा दा खा नामसारी गरी लिनुपर्नेछ।
६. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेख रकम वा सर्तमा कुनै हेरफेर हुने छैन।
७. रित नपुगेको वा म्याद नाधि पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
८. बोलपत्र स्वीकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार सहकारी संस्थामा नै निहित रहनेछ।
९. बोलपत्र सदर बदर हुन अगावै ऋणीले संस्थाको लेना रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटिमा फिर्ता दिन सकिनेछ।

RIVERCITY SAVING AND CREDIT CO-OPERATIVE LTD.
रिभरसिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
बसन्तपुर, काठमाण्डौं, फोन नं.४२२६१२९

कृत्रिम रूपमा...

पृष्ठ १ बाट क्रमशः

धितोपत्र बोर्डले हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडका अध्यक्ष सुलभ अग्रवाल र उनका छोरा कृषिवले उक्त कम्पनीको भित्री कारोबार गरेको हुन सक्ने सम्बन्धमा जाँचबुझ गर्ने निर्णय १७ चैतमा गरेको थियो। बोर्डको निर्णयअनुसार जाँचबुझ अधिकृत दीपेश ताम्राकारको नेतृत्वमा गठित समितिले ३ वैशाखमा प्रतिवेदन बुझाइसकेको छ। अग्रवाललगायतसँग मिलेर इन्फिनिटी होल्डिङ्सका सञ्चालक दीपक भट्ट पुँजीबजारमा कृत्रिम रूपमा सेयर मूल्य बढाउने योजनामा संलग्न रहेको जाँचबुझ समितिको निष्कर्ष छ। धितोपत्र बोर्डको सुपरिवेक्षण तथा विभिन्न निकायबाट संकलित कागजातको विश्लेषण गर्दा सेयर ब्रेकर भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रालिबिच मिलेमतोमा यस्तो कार्य भएको देखिएको छ।

जाँचबुझ प्रतिवेदनअनुसार भृकुटी स्टकका कार्यकारी प्रमुख सन्दीप चाचानसँगको मिलेमतोमा अग्रिम रकम नै नदिई भट्ट, अग्रवाल, शाह, मोर र गोल्छालगायतले ठुलो परिमाणमा सेयर कारोबार गरेको भेटिएको छ। ब्रोकर कम्पनीले कम्तीमा २५ प्रतिशत अग्रिम रकम अनिवार्य लिएर मात्रै सेयर कारोबार गर्न दिनुपर्ने प्रचलित व्यवस्था छ। तर, उनीहरूले कत्ति पनि रकम नतिरी अर्बौं रुपैयाँबराबरको सेयर किनबेच गरेको देखिएको छ। जाँचबुझ प्रतिवेदनअनुसार यो कार्यमा भट्ट नै 'मास्टर माइन्ड'को भूमिकामा थिए।

प्रचलित व्यवस्थाविपरीत शून्य भुक्तानीमै अर्बौंको सेयर कारोबार

भट्टले ०८२ को ५ साउनदेखि १ चैतसम्म करिब ३ अर्ब ८० करोड रुपैयाँबराबरको सेयर खरिद गरेका छन्। करिब ९३ करोड रुपैयाँको सेयर बिक्री गरेका छन्। तर, यस अवधिभर उनले ब्रोकरलाई कत्ति पनि रकम भुक्तानी नगरेको जाँचबुझमा देखिएको छ। करिब २ अर्ब ८९ करोड रुपैयाँ उधारो अभै बाँकी रहेको देखिन्छ। यो अवस्था हेर्दा ब्रोकर कम्पनीले आफ्ना अन्य ग्राहकहरूको रकम प्रयोग गरेर भट्टको कारोबार राफसाफ गरेको जाँचबुझ प्रतिवेदनको ठहर छ। यसरी अन्य लगानीकर्ताको रकम 'नेटिङ' प्रणालीमार्फत प्रयोग गरेर अनियमितता गरेको प्रतिवेदनमा उल्लेख छ।

कृत्रिम माग सिर्जना, मूल्यमा अस्वाभाविक वृद्धि

जाँचबुझ प्रतिवेदनअनुसार भट्ट र भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रालिबिच मिलेमतोमा गरिएको कारोबारबाट बजारमा कृत्रिम माग सिर्जना गरिएको थियो। परिणामस्वरूप, नेपाल रिइन्स्योरेन्स कम्पनीको सेयर मूल्य छोटो अवधिमा उल्लेखनीय रूपमा बढाइएको देखिन्छ। ५ साउन ०८२ मा प्रतिकित्ता एक हजार ४६१ रुपैयाँ रहेको मूल्य १० भदौमा एक हजार ६८६ रुपैयाँभन्दा माथि पुगेको थियो। वास्तविक लगानी र मागविना यसरी मूल्य बढ्नु बजार हेरफेर भएको प्रतिवेदनको निष्कर्ष छ।

यो कार्यमा भट्टसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहेका विभिन्न कम्पनीहरूको संलग्नता पनि जाँचबुझमा भेटिएको छ। भट्टको स्वामित्वको इन्फिनिटी होल्डिङ्स, हिमालयन रिइन्स्योरेन्स, हिमालयन क्यापसर्भ र नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीलगायत संस्थाको समन्वयमा यो योजना अघि बढाइएको जाँचबुझ प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, अन्य केही वित्तीय संस्था, फन्ड र व्यक्तिहरूको रकमसमेत प्रयोग गरिएको देखिएको छ।

प्रारम्भिक निष्कर्षअनुसार धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गतको दफा ९६ र ९८ अनुसार कसुरको आधार तयार भएको देखाएको छ। यी दफाहरूले बजारमा भ्रम सिर्जना गर्ने, कृत्रिम मूल्य निर्धारण गर्ने र लगानीकर्तालाई भुक्यaउने गतिविधिलाई दण्डनीय ठहर गरेको छ। सेयर मात्र होइन, ऋणपत्र (डिबेन्चर) कारोबारमार्फत पनि मूल्य हेरफेर गरिएको प्रतिवेदनको निष्कर्ष छ। भट्टले आफू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा जोडिएका कम्पनीहरूको सञ्जाल प्रयोग गरी योजनाबद्ध रूपमा ऋणपत्रको मूल्य बढाएको देखाएको छ।

उनले एनबिएलडी ८५ नामक ऋणपत्र हिमालयन रिइन्स्योरेन्स कम्पनीबाट प्रतिकित्ता १ हजार ८० रुपैयाँमा खरिद गरेका थिए। त्यसको एक हप्ताभित्रै उनले सोही ऋणपत्र आफूले प्रभाव राख्ने विभिन्न कम्पनीहरूलाई १ हजार एक सयदेखि १ हजार १८५ रुपैयाँसम्मको मूल्यमा बिक्री गरेका थिए। जुन कम्पनीहरूमा उनको प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व रहेको जाँचबुझ समितिले औंल्याएको छ। गार्डियन माइक्रो लाइफ, क्रेस्ट माइक्रो लाइफ र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनीमा उनको स्वामित्व देखिएको हो। आफैंले किनेको सेयर आफ्नै नियन्त्रणमा रहेका कम्पनीलाई उच्च मूल्यमा बेचेर कृत्रिम नाफा सिर्जना गरेको जाँचबुझ प्रतिवेदनमा उल्लेख छ।

एसबिएलडी ८९ ऋणपत्रमा पनि उस्तै प्रवृत्ति देखिएको छ। भट्टले हिमालयन रिइन्स्योरेन्सबाट ३ लाख ३८ हजारभन्दा बढी कित्ता खरिद गरी त्यसको ठुलो हिस्सा आफ्नै स्वामित्व वा प्रभाव भएका कम्पनीहरू नेपाल माइक्रो इन्स्योरेन्स, गार्डियन माइक्रो लाइफ, क्रेस्ट माइक्रो लाइफ र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सलाई बिक्री गरेको प्रतिवेदनमा उल्लेख छ। यो कारोबारमा माग र आपूर्तिको स्वच्छ प्रक्रियाभन्दा पनि मिलेमतोको किनबेच देखिएको अनुसन्धानको निष्कर्ष छ।

स्वार्थको द्वन्द्व

जाँचबुझ प्रतिवेदनले भट्टको स्वार्थको द्वन्द्वलाई पनि उजागर गरेको छ। भट्ट स्वयं हिमालयन रिइन्स्योरेन्सका आधारभूत सेयरधनी हुन्। खरिदकर्ता कम्पनीहरूमा पनि उनको प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण छ। यसले 'स्वार्थको द्वन्द्व'सँगै योजनाबद्ध रूपमा मूल्य बढाउने 'सर्कुलर ट्रेडिङ' भएको प्रतिवेदनमा उल्लेख छ। यसले वास्तविक लगानीकर्तालाई भ्रममा पार्ने र बजारको स्वाभाविक मूल्य निर्धारण प्रक्रियालाई विकृत पार्ने जोखिम हुने ठहर गर्दै जाँचबुझ समितिको यस्तो गतिविधि धितोपत्रसम्बन्धी ऐन, २०६३ का दफा ९४, ९५ र ९८ अन्तर्गत पर्ने सम्भावित कसुर भएको जनाएको छ। यो प्रकरणले सेयर बजारपछि ऋणपत्र बजारमा समेत 'इनसाइड नेटवर्क' प्रयोग गरी मूल्य हेरफेर हुने गरेको तथ्य उजागर गरेको छ।

आफ्नै परिवारबाट ऋणपत्र खरिद-बिक्री

दीपक भट्टसँग सम्बन्धित ऋणपत्र कारोबारमा थप गम्भीर अनियमितता भेटिएको छ। प्रारम्भिक जाँचबुझअनुसार उनले आफू र आफ्नै परिवार तथा सम्बन्धित कम्पनीहरूको सञ्जाल प्रयोग गरी योजनाबद्ध रूपमा ऋणपत्रको मूल्य बढाउने काम गरेका छन्। उनले एनआइएमबिडी ९० नामक ऋणपत्र १६ कात्तिक ०८२ मा हिमालयन रिइन्स्योरेन्स कम्पनीबाट १ लाख ४ हजार ४०३ कित्ता खरिद गरेका थिए।

केही दिनमै २३ र २४ कात्तिकमा सोही ऋणपत्र उनले पत्नी आयुष्मा नेपालको संलग्नता रहेको हिमालयन इन्भेस्टमेन्ट बैंकरद्वारा सञ्चालित एचएलआई लार्ज क्याप फन्डलाई बिक्री गरेका थिए। भट्टले कम मूल्यमा ऋणपत्र किनेर आफ्नै सम्बन्धित संस्थालाई बेचेर लाभ लिएको यो चलखेलले देखाएको छ। जाँचबुझ समितिले उनको यो बदमासीलाई लगानीकर्ता भुक्याउँदै मूल्यवृद्धि गराउने योजनाको हिस्सा मानेको छ। एसबिआईडिबी ३ नामक ऋणपत्रमा पनि समान प्रवृत्ति देखिएको छ। भट्टले १६ कात्तिक ०८२ मा ४४ हजार कित्ता खरिद गरी २३ कात्तिकमा सोही फन्डलाई बिक्री गरेका थिए। आफ्नै प्रभाव क्षेत्रभित्र किन्ने र बेच्ने गरी एउटै मोडेलमा बारम्बार कारोबार गरेको प्रतिवेदनको निष्कर्ष छ।

दीपक भट्टसँगै व्यवसायीहरू सुलभ अग्रवाल, राजबहादुर शाह, ऋषिराज मोर, शेखर गोल्छालगायतको पनि संलग्नता

धितोपत्र बोर्डको जाँचबुझ समितिले ऋणपत्र र सेयर खरिदबिक्रीमा दीपक भट्टसँगै व्यवसायीहरू सुलभ अग्रवाल, राजबहादुर शाह, ऋषिराज मोर, शेखर गोल्छालगायतको पनि संलग्नता ठहर गरेको छ। अग्रवाल, शाह र मोरले पनि भट्टलेजस्तै अग्रिम रकम नदिई सेयर किनबेच गरेको जाँचबुझ प्रतिवेदनको निष्कर्ष छ। उनीहरूले पूरा भुक्तानी नगर्दै सेयर आफ्नो खातामा लिँदा बजारमा कृत्रिम माग सिर्जना गरी मूल्य बढाउन सहयोग पुगेको प्रतिवेदनमा उल्लेख छ। यो कार्यमा हिमालयन रिइन्स्योरेन्स, हिमालय सेक्युरिटिज, हिमालयन क्यापसर्भ, एचएलआई लार्ज क्याप फन्ड तथा नेपाल, गार्डियन, क्रेस्ट, लिबर्टी र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सजस्ता संस्थाको संलग्नता देखिएको छ। शेखर गोल्छा र रोहित गुप्ताको रकम पनि प्रयोग भएको अनुसन्धानमा देखिएको छ।

यी व्यक्ति र संस्थाहरूको कारोबार एउटै आइपी एड्रेस (२०२.१६६.२०६.२४२ र १०.११२.१.२११) बाट सञ्चालन भएको पनि जाँचबुझमा भेटिएको छ। यसले 'ट्रेड म्यानेज्मेन्ट सिस्टम' एउटै व्यक्तिले नियन्त्रण गरेको खुलेको छ। उनीहरूको केही कारोबारमा वास्तविकतामा स्वामित्व परिवर्तन नगरी झुटो कारोबार गरेको देखाइएको छ। विशेष गरी हिमालयन लाइफ इन्स्योरेन्सको ७५ प्रतिशत स्वामित्व रहेको हिमालय इन्भेस्टमेन्ट बैंकर, हिमालयन रिइन्स्योरेन्सको पूर्ण वा उच्च स्वामित्व रहेका अन्य कम्पनीहरूबिच भएको कारोबार 'कागजी किनबेच' (झुटो) रहेको जाँचबुझ समितिको निष्कर्ष छ।

फेक रेस्क्युका...

पृष्ठ १ बाट क्रमशः

दिएको थियो। सिंह पूर्वश्रममन्त्री भण्डारीका सम्धी हुन्। सिंहले 'फेक रेस्क्यु'मा आफूअनुकूल काम गर्न नागरिक उड्डयन प्राधिकरण (क्याान)को बोर्ड सदस्य नै नियुक्त गराएका थिए। सिआइबीले अनुसन्धान गरेर काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयमा पेस गरेको अभियोगपत्रमा सिंहले 'फेक रेस्क्यु' धन्दा चलाउन क्यानको सञ्चालक समितिमा रवीन्द्र सिलवाललाई नियुक्त गरेको उल्लेख छ। तर, उनलाई उन्मुक्ति दिन तत्कालीन सरकारले वकिल कार्यालयका तत्कालीन प्रमुख रामहरि काफ्लेलाई नै सरुवा गरेको थियो। चलखेलकै कारण वकिल कार्यालयले सिआइबीको अनुसन्धान प्रतिवेदन अध्ययनका नाममा एक सातासम्म रोकेर सिंहबाहेकलाई मुद्दा चलाएको थियो।

तर, रास्वपाको नयाँ सरकार बनेसँगै नियुक्त भएका महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेलले सिंहमाथि थप अनुसन्धान गरी मुद्दा प्रक्रिया अघि बढाउन जिल्ला सरकारी वकिल कार्यालय र प्रहरीलाई निर्देशन दिएका थिए। सिंहसहित अभियुक्तविरुद्ध एक अर्ब ५१ करोड रुपैयाँ (डलर र युरोसमेत) मूल्यबराबरको धनमाल जफत गर्ने भनिएको छ।

यसअघि मुद्दा चलाइएका ३२ प्रतिवादीमध्ये ११ पक्राउ परेकामा सिंह त्यतिवेला मुद्दा नचल्ने निर्णयसँगै छुटेका थिए। अदालत उपस्थित गराइएका अन्य १० प्रतिवादी पनि एक लाखदेखि ३० लाख रुपैयाँ धरौटी रकम बुझाएर हिरासतमुक्त भइसकेका छन्। हिरासतमुक्त हुनेहरू माउन्टेन रेस्क्यु सर्भिस प्रालिका सञ्चालक जयराम रिमाल र म्यानेजर विवेक पाण्डे, नेपाल चार्टर सर्भिस प्रालिका सञ्चालक रवीन्द्र अधिकारी र म्यानेजर विवेकराज थपलिया, एभरेस्ट इक्सपेरियन्स एन्ड असिस्टेन्स प्रालिका सञ्चालकद्वय मुक्ति पाण्डे र सुभाष केसी हुन्। त्यस्तै

रक्षात्मक स्थितिमा कम्युनिस्ट पार्टीहरू

०७४ मा ६४.३६ प्रतिशतसम्म फैलिएका कम्युनिस्ट पार्टी फागुनको निर्वाचनबाट १५.२७ प्रतिशतमा खुम्चिए

■ कम्युनिस्ट जनमतको उतारचढाव

- ०४८ को आमनिर्वाचनमा कम्युनिस्ट दलहरूले उल्लेखनीय मत प्राप्त गरेका थिए। माले र मार्क्सवादी मिलेर बनेको एमालेले ६९, संयुक्त जनमोर्चाले नौ र नेमकिपाले दुई सिट जित्दै २०५ मध्ये ८० सिट कम्युनिस्ट धारमा पुगेका थिए, जुन ३९.०२ प्रतिशत हो।
- ०५१ मा कम्युनिस्ट जनमत अझ बढ्यो। २०५ मध्ये एमाले ८८ सिटसहित संसद्कै सबैभन्दा ठुलो दल बन्यो भने नेमकिपाले चार सिट जित्यो। कुल प्रतिनिधित्व ४४.८७ प्रतिशत हो।
- ०५६ मा भने माओवादी जनयुद्धका कारण कम्युनिस्ट प्रतिनिधित्व केही घट्यो। त्यसवेला एमालेले ७१, राष्ट्रिय जनमोर्चाले पाँच तथा संयुक्त जनमोर्चा नेपाल र नेमकिपाले एक-एक सिट जित्दै कुल ७८ सिट कम्युनिस्ट धारमा परे। जुन ३८.०४ प्रतिशत हो।
- ०६२/६३ को दोस्रो जनआन्दोलनपछि तथा माओवादी शान्ति प्रक्रियामा आएपछि ०६४ को पहिलो संविधानसभा निर्वाचनपछि कम्युनिस्ट शक्ति ऐतिहासिक उचाइमा पुग्यो। ६०१ सदस्यीय संविधानसभामा माओवादी २३७ सिटसहित पहिलो दल बन्यो, एमालेले १०८ सिट जित्यो। अन्य कम्युनिस्ट दलहरू माले नौ, नेकपा संयुक्त पाँच, नेमकिपा पाँच र राष्ट्रिय जनमोर्चाको चार सिट थियो। कुल प्रतिनिधित्व ६१.२३ प्रतिशत हो।
- ०७० को दोस्रो संविधानसभा निर्वाचनमा यो अनुपात घटेर करिब ४८ प्रतिशतमा झर्‍यो। मनोनीतसहित ६०१ सिटमध्ये एमाले १८४, माओवादीले ८३, मालेले पाँच, संघीय समाजवादी पार्टी पाँच, नेमकिपा चार, राष्ट्रिय जनमोर्चा तीन, नेकपा संयुक्तले तीन सिट जितेका थिए। पहिलो संविधानसभामा पहिलो दल बनेको माओवादी तेस्रोमा खुम्चियो भने एमाले दोस्रोमा उक्लियो। जुन समग्रमा ४७.७५ प्रतिशत हो।
- संविधान जारी भएपछि ०७४ को निर्वाचनमा एमाले-माओवादी गठबन्धनले करिब दुईतिहाइ शक्ति प्राप्त गर्‍यो। एमाले र माओवादी चुनावी तालमेल गरेर एउटै घोषणापत्रसहित निर्वाचनमा गएका थिए। २७५ सिटमध्ये एमालेले १२१ र माओवादीले ५३ गरी १७४ सिट जिते। सदनमा जनमोर्चाको दुई र नेमकिपाको एक सिट थियो। कुल सदनमा कम्युनिस्टको ६४.३६ प्रतिशत हो।
- तर, ०७९ को निर्वाचनमा कम्युनिस्ट शक्ति उल्लेख्य रूपमा घट्यो। एमाले ७९ र माओवादी ३२ सिटमा सीमित भए भने अन्य कम्युनिस्ट दलहरूको उपस्थिति पनि न्यून रह्यो। एकीकृत समाजवादीले १०, जनमोर्चा र नेमकिपाले १-१ सिट जितेका थिए। एमालेका बागी प्रभु साह र किरण साहले स्वतन्त्र रूपमा जितेका थिए। संसद्मा कम्युनिस्ट शक्ति कुल सिटमा ४५.४५ प्रतिशत थियो।
- ०८२ को निर्वाचनमा १५.२७ प्रतिशत ल्याएका कम्युनिस्ट पार्टीले ०४८ पछिकै कम ४२ सिट मात्र जिते। विश्लेषकहरूले कम्युनिस्टहरूको जितलाई अहिलेसम्मकै निराशाजनक रूपमा चित्रित गर्ने गरेका छन्। एमालेले प्रत्यक्षमा नौ र समानुपातिकमा १६ सहित २५ र नेकपाले प्रत्यक्षमा आठ र समानुपातिकमा नौसहित १७ सिट जितेका छन्। नेमकिपासहित अन्य कम्युनिस्ट पार्टीको उपस्थिति शून्य बनेको छ।



७७औँ नेकपा स्थापना दिवस

■ राजनीतिक विश्लेषक भन्छन्-



● श्याम श्रेष्ठ

राजनीतिक परिवर्तन त भयो, तर आर्थिक-सामाजिक रूपान्तरणको अनुभूति दिलाउन सकेनन्। मुख्य उद्देश्यमै चुकेका हुन्, कम्युनिस्ट भनेको गरिखाने वर्गका लागि हो। त्यो गर्न छाडेर वर्ग परिवर्तन भएपछि आजको स्थिति आएको हो। उनीहरूले गम्भीर आत्मसमीक्षा गरेर, यहाँ चुक्यौं, यहाँ गल्ती भयो भनेर गल्ती नदोहोर्‍याउने गरी अगाडि बढ्ने हो भने उठ्न सक्छन्। तर, अहिलेसम्म आत्मसमीक्षा गरेको देखिएन।



● राजेन्द्र महर्जन

मूल समस्या भनेको कम्युनिस्टहरू वर्गको कुरा गर्छन्, खास वर्ग को हो ? मजदुर को हो ? यकिन छैन। उत्पीडित समुदायबारे एक शब्द बोल्दैनन्। यिनीहरूको मुद्दा के हो भन्ने नबुझ्नै, उनीहरूको चिन्ता नगर्ने अनि क्रान्तिको गफ गर्नुको के अर्थ रहन्छ र ? तसर्थ, विचारधारामा नवीनता, उत्पीडित वर्गका मुद्दालाई प्रमुख बनाउनु अत्यन्त आवश्यक छ। पुराना आदर्श र शास्त्रहरूमा अड्किएर अब सम्भव छैन।

प्रेम गौतम/नयाँ पत्रिका

दर्जनौँ पार्टीमा विभाजित नेपालका कम्युनिस्टहरूले बुधबार स्थापना दिवस मनाउँदै छन्। एमाले, नेकपालगायत दलले स्थापना दिवसका अवसरमा छुट्टाछुट्टै कार्यक्रम आयोजना गरेका छन्। लेनिन जयन्तीको अवसर पारेर ७७ वर्षअघि २२ अप्रिलमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा भारतको कोलकातामा नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको थियो। ००६ मा स्थापित पार्टी ०८३ सम्म आइपुग्दा निकै उतारचढाव बेहोर्न पुगेको छ।

पञ्चायतकालमा जनपक्षीय उम्मेदवार भएरसमेत जितेका कम्युनिस्टहरू गत २१ फागुनको निर्वाचनबाट प्रतिनिधिसभामा १५.२७ प्रतिशतमा खुम्चिएका छन्। प्रतिनिधिसभामा दर्जनौँ कम्युनिस्ट पार्टीमध्ये एमाले र नेकपाको मात्र प्रतिनिधित्व छ। एमालेले प्रत्यक्षमा नौ र समानुपातिकमा १६ गरी २५ सिट जितेको छ। नेकपाले प्रत्यक्षमा आठ र समानुपातिकमा नौ गरी १७ सिट जितेको छ। २७५ सदस्यीय प्रतिनिधिसभामा कम्युनिस्ट सांसद जम्मा ४२ जना छन्।

०४८ देखि निरन्तर प्रतिनिधित्व गर्दै आएको नेमकिपा संसदीय राजनीतिबाट यसपालि बाहिरियो। जनमोर्चा पनि प्रतिनिधिसभामा शून्य भयो। समानुपातिकमा एमालेले १३.४४, नेकपाले ७.४९, नेमपिकाले ०.३९, जनमोर्चाले ०.२७, माओवादीले ०.२२, मालेले ०.०६, नेकपा पुष्पलालले ०.०४, नेकपा संयुक्तले ०.०४ गरी जम्मा २१.९५ प्रतिशत मत ल्याए।

०४८ को निर्वाचनपछि संसद्मा ३९.०२ प्रतिशत हिस्सा ओगटेका कम्युनिस्ट ०७४ मा पुग्दा प्रतिनिधिसभामा ६४.३६ प्रतिशतमा फैलिएका थिए। तर, जनमतअनुसार काम गर्न नसक्दा र टुटफुटमा रुमलिँदा कम्युनिस्ट आन्दोलन इतिहासकै रक्षात्मक अवस्थामा पुगेको छ। कम्युनिस्ट पार्टी छाडेर प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) गठन गरेका डा. बाबुराम भट्टराई र जनार्दन शर्माको पनि बेहाल भयो। तर, उनीहरूले कमजोरी सच्याउने गरी आत्मसमीक्षा गरेका छैनन्। जसले उनीहरू सच्चिएर अगाडि बढ्न तयार छैनन् भन्ने देखाएको विश्लेषकहरू बताउँछन्। सामाजिक न्याय, समानता र श्रमिक वर्गका अधिकारको पक्षमा काम गर्नुपर्ने कम्युनिस्टहरू मूल लक्ष्यबाट विचलित हुँदा रक्षात्मक अवस्थामा पुगेको विश्लेषकहरू बताउँछन्। सामाजिक, सांस्कृतिक रूपान्तरण र समानताको सवालमा काम हुन नसकेको कम्युनिस्ट नेताहरू नै स्विकार्छन्। परिष्कृत गर्दै रूपान्तरित भएर अगाडि नबढे आगामी दिन अझ कठिन रहेको छ।


राजनीतिक विश्लेषक श्याम श्रेष्ठ जनअपेक्षा पूरा गर्न नसक्नु नै कम्युनिस्ट कमजोर हुनुको मुख्य कारण भएको बताउँछन्। जनताले पटक-पटक अवसर दिए पनि सदुपयोग गर्न नसकेकाले रक्षात्मक अवस्थामा पुगेको उनको भनाइ छ। 'राजनीतिक परिवर्तन त भयो, तर आर्थिक-सामाजिक रूपान्तरणको अनुभूति दिलाउन सकेनन्। मुख्य उद्देश्यमै चुकेका हुन्, कम्युनिस्ट भनेको गरिखाने वर्गका लागि हो। त्यो गर्न छाडेर वर्ग परिवर्तन भएपछि आजको स्थिति आएको हो। उनीहरूले गम्भीर आत्मसमीक्षा गरेर, यहाँ चुक्यौं, यहाँ गल्ती भयो भनेर गल्ती नदोहोर्‍याउने गरी अगाडि बढ्ने हो भने उठ्न सक्छन्।'

लेखक तथा राजनीतिक विश्लेषक राजेन्द्र महर्जन नयाँ ढंगले नसोच्ने हो भने कम्युनिस्ट आन्दोलन अघि बढ्न गाह्रो हुने बताउँछन्। नयाँ ढंगले सोच्ने पार्टी र आन्दोलन आवश्यक रहेको उनले औंल्याए। 'नेपालको स्थिति विशिष्ट खालको छ। त्यसको पहिचान गरी समस्याको डायलाइसिस गर्दै उपचार गर्ने हो भने कम्युनिस्ट पार्टीहरूको सान्दर्भिकता अझै छ। समस्या जटिल छ। मुद्दा थाती छन्। त्यसमा कम्युनिस्ट पार्टीहरूले कसरी काम गर्छन् भन्ने कुरा मुख्य हो। त्यस खालको पार्टी, नेतृत्व र वैचारिकी विकास भएको छैन। अहिलेको नेतृत्वबाट सम्भव पनि देखिँदैन।'

■ ओलीको तस्बिरविनै पार्टी स्थापना दिवसमा एमालेको प्रचार

एमालेले पार्टीको ७७औँ स्थापना दिवसका लागि अध्यक्ष केपी ओलीको तस्बिरविनै कार्यक्रमको प्रचार गरेको छ। पार्टी केन्द्रीय कार्यालय च्यासलमा बुधबार दिउँसो २ बजे आयोजना गरिएको कार्यक्रमका लागि महासचिव शंकर पोखरेलले नै अध्यक्ष ओलीको तस्बिरविनैको सूचना सामग्रीको प्रचार गरेका छन्।

एमालेभित्र पार्टीलाई केन्द्रदेखि तलैसम्म पुनर्गठन गर्नुपर्ने आवाज उठिरहेका वेला पार्टी स्थापना दिवसका अवसरमा गरिने कार्यक्रमको सूचना सामग्रीमा तयार पारिएका विभिन्न सामग्रीमा ओलीको तस्बिर नराखिएकाले एमाले वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ। जबकि ओलीको विश्वासपात्र महासचिव पोखरेलले नै उनको तस्बिर नराखिएको सूचना पोस्टरमार्फत कार्यक्रममा सहभागी हुन पार्टीपंक्तिलाई अपिल गरेका छन्।



केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले कार्यक्रममा सहभागी हुन आह्वान गरिएको सूचना मात्र भएकाले कसको तस्बिर राखियो कि राखिएन भन्ने कुराको कुनै अर्थ नै नभएको बताए। 'मूल ब्यानरमा होइन, कार्यक्रममा सहभागी हुन सूचित गरिएको सूचना सामग्रीमा अध्यक्षको तस्बिर नराखिएको हो, सूचना सामग्रीमा कहाँ राखिन्छ त ?' अधिकारीले भने। उनले कार्यक्रमको मूल ब्यानर तयार नभइसकेको भन्दै स्वास्थ्य अवस्थाका कारण अध्यक्ष ओलीको उपस्थितिमा स्थापना दिवससम्बन्धी कार्यक्रम आयोजना हुने कि नहुने अझै निश्चित भइनसकेको बताए। 'अध्यक्षज्यू अप्रेसन गरेर स्वास्थ्य लाभमा हुनुहुन्छ, यस्तो अवस्थामा उहाँ स्थापना दिवसजस्तो महत्त्वपूर्ण कार्यक्रममा सहभागी हुने कि नहुने अझै तय भइसकेको छैन, त्यसैले सहभागिताका लागि आह्वान गरिएको सूचना सामग्रीमा उहाँको तस्बिर किन राखिएन भन्ने प्रश्नकै अर्थ रहेन,' उनले भने।

स्थापना दिवस पनि एमालेले सामान्य रूपमै मनाउने तयारी गरेको छ। १७ चैतमा सम्पन्न केन्द्रीय सचिवालय बैठकले पार्टी स्थापना दिवसमा अन्तर्क्रिया, संवाद, विचार गोष्ठीलगायत विभिन्न रचनात्मक कार्यक्रमसहित मनाउने निर्णय गरेको थियो। अध्यक्ष ओलीको स्वास्थ्य अवस्थाका कारण पनि कार्यक्रममा वक्ता को-को रहने, कसरी कार्यक्रम सञ्चालन गर्ने तय भइनसकेको केन्द्रीय कार्यालययले जनाएको छ। काठमाडौंमा उपलब्ध केन्द्रीय सदस्य र सल्लाहकार र उपत्यकामा रहेका पार्टीका कार्यकर्ता तथा शुभेच्छुकको उपस्थितिमा कार्यक्रम आयोजना गरिए पनि अरू पार्टीबाट सहभागी हुने गरी एमालेले कसैलाई पनि आमन्त्रण गरेको छैन।

विगतमा भने एमालेले आफ्नो प्रचार सामग्री तयार गर्दा र पार्टी कमिटीहरूले कुनै पनि कार्यक्रमको ब्यानर बनाउँदा अध्यक्ष ओलीको तस्बिर अनिवार्य राख्न निर्देशन दिएको थियो। २९ साउन ०८० को सचिवलाय बैठकले सार्वजनिक कार्यक्रममा पार्टी अध्यक्ष ओलीबाहेक अन्यको फोटो प्रयोग नगर्ने निर्णय गरेको थियो। त्यतिवेला तत्कालीन उपमहासचिव विष्णु रिमालले सामाजिक सञ्जालमार्फत सार्वजनिक कार्यक्रममा फोटोको प्रयोग, आसनग्रहण र मञ्च व्यवस्थापनसम्बन्धी पार्टीका निर्णयबारे नेता-कार्यकर्तालाई परिपत्र गरिएको सामाजिक सञ्जालबाटै पनि जानकारी दिएका थिए।

गृहमन्त्रीमाथि छानबिन गर्न विपक्षी दलहरूको माग

नयाँ पत्रिका

विपक्षी दलहरूले विवादास्पद व्यापारीसँग सेयर कारोबार गरेका गृहमन्त्री सुदन गुरुङमाथि छानबिन गर्न सरकारसँग माग गरेका छन्। प्रमुख प्रतिपक्षी दल कांग्रेस, एमाले, श्रम संस्कृति पार्टी र राप्रपाले गृहमन्त्री गुरुङमाथि नैतिक प्रश्न उठाउँदै मार्गप्रशस्त गर्नसमेत भनेका छन्। कांग्रेसले गुरुङमाथिका सम्पूर्ण आरोपको स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय छानबिन गर्न माग गरेको छ।



गृहमन्त्रीसँग सम्बन्धित पछिल्लो प्रकरणले राजनीतिक नैतिकता र पारदर्शितासँग जोडिएको गम्भीर प्रश्न उठाएको प्रस्ट्याउँदै कांग्रेसले उच्चस्तरीय छानबिनको माग गरेको हो। छानबिनको विषयलाई ढिलासुस्ती, प्रभाव वा ढाकछोपतर्फ लैजाने प्रयासले सुशासन, नैतिकता र जनविश्वासमाथि गम्भीर आघात पुऱ्याउनेतर्फ कांग्रेसले सचेत गराएको छ।

एमालेले गृहमन्त्री गुरुङ जोडिएको पछिल्लो प्रकरणमा निष्पक्ष र स्वतन्त्र अनुसन्धान गर्न माग गरेको छ। एमाले प्रचार विभाग प्रमुख मीनबहादुर शाहीले मंगलबार जारी गरेको विज्ञप्तिमा कुनै पनि अनुसन्धान शक्ति वा प्रभावबाट मुक्त हुनुपर्ने भन्दै गृहमन्त्रीको संलग्नता देखिएका सबै विषयमा गहिरो छानबिन गर्न आग्रह गरेको छ। एमालेले गृहमन्त्री स्वयंले अनुसन्धान प्रक्रियालाई सहज बनाउन मार्गप्रशस्त गर्नुपर्ने पनि माग गरेको छ।

श्रम संस्कृति पार्टीले गृहमन्त्री गुरुङलाई राजीनामा दिन सुझाएको छ। पार्टी अध्यक्ष हर्क साम्पाङले मंगलबार पत्रकार सम्मेलन गरी दिनदिनै विवादमा आउनु ठिक नभएको भन्दै गृहमन्त्री गुरुङले मार्गप्रशस्त गर्नुपर्ने बताए। राप्रपाले पनि गृहमन्त्री गुरुङको विषयमा सरकार र रास्वपाले जवाफ दिनुपर्ने माग गरेको छ।

यसैबिच, गृहमन्त्री गुरुङले बैंकबाट ऋण लिएर सेयरमा लगानी गरेको प्रस्टीकरण दिएका छन्। विवादित व्यापारी दीपक भट्टसँग नाम जोडिएपछि सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत स्पष्टीकरण दिँदै उनले ऋण लिएर सेयरमा लगानी गरेको र सबै कारोबार बैंकिङ च्यानलबाटै भएको स्पष्ट पारेका हुन्। '२५ लाखको सेयर लुकाइएको भनिएको छ। वास्तविकता के हो भने सबै सेयर एउटै प्रकृतिका हुँदैनन्। मैले धितोपत्र बजारमा कारोबार हुने सेयरहरू भनेर दुई करोडभन्दा बढी लगानी सम्पत्ति विवरणमै स्पष्ट उल्लेख गरेको छु, जुन जोकोहीले मन्त्रिपरिषद्को वेबसाइटमा हेर्न सक्नुहुन्छ। स्टार माइक्रो इन्स्योरेन्स र लिबर्टी माइक्रोमा भएको लगानी पनि यही समूहभित्र समेटिएको हो। यो लुकाउने होइन, वर्गीकरणको विषय हो। सिधा कुरा, लुकाउने मान्छेले खुला रूपमा दुई करोडभन्दा बढी सम्पत्ति देखाउँदैन,' गुरुङले भनेका छन्।

■ रातो मत्स्येन्द्रनाथको जात्रा सुरु



वर्षा र सहकालका देवता मानिने रातो मत्स्येन्द्रनाथको जात्रा मंगलबारबाट सुरु भएको छ। रथ पुल्चोकबाट गःबहाल पुऱ्याइएको छ। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

संक्षेप

पर्यटकलाई हैरानी दिने थप तीन महिला पक्राउ

कास्की/ पर्यटकलाई दुःख र हैरानी दिएको आरोपमा थप तीनजना महिला पक्राउ परेका छन्। पोखराको लेकसाइडमा रातिको समयमा पर्यटकलाई हैरानी दिएको आरोपमा जिल्ला प्रहरी कार्यालय कास्की र मातहतको वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले मंगलबार बिहान करिब साढे २ बजे उनीहरूलाई पक्राउ गरेको हो। आन्तरिक तथा बाह्य पर्यटकलाई लेकसाइड क्षेत्रमा रातिको समयमा विभिन्न महिलाले अनावश्यक हैरानी दिने, लुटपाट गर्ने सँगै अनैतिक क्रियाकलाप बढ्दै गइरहेको भन्ने जनगुनासोपछि प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका निमित्त सूचना अधिकारी गणेश पाण्डेले बताए। पर्यटकलाई हैरानी दिएको आरोपमा यसअघि ५ वैशाखमा १६ जना महिलालाई प्रहरीले लेकसाइड क्षेत्रबाट पक्राउ गरेको र मंगलबार पुनः थप तीनजना पक्राउ परेका हुन्।

लुम्बिनी मन्त्रिपरिषद् बैठकद्वारा अस्थायी दरबन्दी स्वीकृत

बुटवल/ लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले अस्थायी दरबन्दी स्वीकृत गर्नेदेखि विभिन्न निर्णय गरेको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा देउखुरीस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार बसेको बैठकले आर्थिक वर्ष ०८२/८३ को तेस्रो त्रैमासिकका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको हो। बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको प्रस्तावमा प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७६ र साझेदारी (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गरेको छ। सामाजिक विकास मन्त्रालयको प्रस्तावमा थारू समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा संवर्द्धन गर्ने सम्बन्धमा बनेको विधेयक, २०८३ प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरिएको छ। बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुनसचिव वीरबहादुर केसीलाई आन्तरिक मामिला मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालयका निर्देशक अनिल मरासिनीलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिवको थप जिम्मेवारी प्रदान गरिएको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए।

कटुवा पेस्तोलसहित भारतीय युवक पक्राउ

रौतहट/ प्रहरीले कटुवा पेस्तोलसहित एक भारतीय युवकलाई पक्राउ गरेको छ। नेपाल-भारत सीमाबाट अवैध रूपमा साना हातहतियार ओसारपसार भइरहेको विशेष सूचनाका आधारमा प्रहरीले भारतको बिहार राज्य पूर्वी चम्पारण जिल्ला मौवाह ग्रामपञ्चायत चनारमण टोल बस्ने २० वर्षीय सूर्यकुमार दासलाई पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार बौधिमाई नगरपालिका- ७ स्थित बंकुलमा रहेको माँ इँटा उद्योगनजिक सडकमा चेकजाँचका दास पक्राउ परेका हुन्। गत ३ वैशाख साँझ करिब ७:१५ बजे शंकास्पद अवस्थामा हिँडिरहेका उनलाई प्रहरीले नियन्त्रणमा लिएर शरीर तलासी गर्दा पाइन्टभित्र लुकाइछिपाइ टिसर्टले छोपेर राखिएको अवस्थामा एक थान नलकटुवा पेस्तोल बरामद गरेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले सोमबार साँझ जारी गरेको विज्ञप्तिअनुसार दासको साथबाट भारतीय सिम प्रयोग गरिएको ओपो कम्पनीको मोबाइल फोनसमेत फेला परेको छ। दास र बरामद सामग्रीलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक विष्णुप्रदीप बस्यालले जानकारी दिए।

उदयपुरमा आगलागीबाट हजुरबुबा र नातिको मृत्यु

उदयपुरमा **विदुर कटुवाल**

उदयपुरको बेल्टार बजारमा मंगलबार बिहान आगलागी हुँदा दुईजनाको मृत्यु भएको छ। चौदण्डीगढी नगरपालिका- ७, बेल्टार बजारस्थित पुष्पलाल चोकमा भएको आगलागीमा एकै घरका हजुरबुबा र नातिको जलेर मृत्यु भएको हो। इलाका प्रहरी कार्यालय बेल्टारका प्रमुख प्रहरी निरीक्षक प्रभात लिम्बूका अनुसार आगलागीमा परी ७० वर्षीय लक्ष्मीनारायण खड्का र उनका नाति पवन खड्काको ज्यान गएको हो।

रातको समयमा दुवैजना घरभित्रै रहेका वेला आगोको लप्काले घेरिएपछि बाहिर निस्कन नपाई मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको उनको भनाइ छ। जलेको घर लक्ष्मीनारायणका छोरा पदम खड्काको हो। आगलागीबाट पदम खड्काको घरसहित दुईवटा खसी जलेर करिब ३१ लाख रुपैयाँबराबरको क्षति भएको छ। त्यस्तै, छिमेकी रविनकुमार दासको काठको घर तथा किराना पसलमा करिब २० लाख रुपैयाँबराबरको क्षति पुगेको छ।

सोही घरमा सञ्चालनमा रहेको मित्र थापामगरको स्टेसनरी पसलमा करिब ६ लाख रुपैयाँ, होमबहादुर परियारको ट्रेलरमा करिब दुई लाख रुपैयाँ तथा मैया पौडेलको चटपटे पसलसहित अन्य सामानमा करिब चार लाख रुपैयाँ गरी कुल ६३ लाख रुपैयाँबराबरको क्षति भएको प्रहरीले जनाएको छ।



उदयपुरको चौदण्डीगढी नगरपालिका- ७, बेल्टार बजारको पुष्पलाल चोकमा भएको आगलागी

दुवै घर काठका भएकाले आगलागी तीव्र रूपमा फैलिएको बताइएको छ। प्रारम्भिक अनुसन्धानअनुसार आगलागीको कारण विद्युत् सर्ट भएको इन्स्पेक्टर लिम्बूले बताए। 'बिहान २ बजेतिर आगलागी भएको हो। आगलागीका कारण विद्युत् सर्ट हो भन्ने अहिलेसम्म खुलेको छ,' उनले भने। पदम खड्काको घरमा रहेका पाँचमध्ये तीनजना सकुशल रहेका छन्। रविनकुमार दासको घरका पाँचैजना सुरक्षित थिए।

जिल्ला प्रहरी कार्यालय उदयपुरको तथ्यांकअनुसार पछिल्लो ६ वर्षमा आगलागीबाट पाँचजनाको मृत्यु र २७ जना घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डिएसपी निरञ्जन थापाका अनुसार गत पाँच आर्थिक वर्ष र चालू आर्थिक वर्षको ८ वैशाखसम्म आगलागीबाट ३६ करोड ६८ लाख १६ हजार रुपैयाँबराबरको भौतिक क्षति भएको छ।

कुन आर्थिक वर्ष कतिको क्षति ?

प्रहरीका अनुसार चालू आर्थिक वर्ष ०८२/८३ को ८ वैशाखसम्म उदयपुरमा ७७ स्थानमा आगलागी भएका छन्। यस अवधिमा दुईजनाको मृत्यु भएको छ। तीन करोड २७ लाख ७१ हजार रुपैयाँबराबरको क्षति भएको छ। आव ०८१/८२ मा ८६ स्थानमा आगलागी हुँदा सातजना घाइते भएका थिए। पाँच करोड ७८ लाख ८७ हजार दुई सय रुपैयाँबराबरको क्षति भएको थियो।

आव ०८०/८१ मा १३६ स्थानमा आगलागी हुँदा नौजना घाइते भएका थिए। नौ करोड ३९ लाख ४७ हजार आठ सय रुपैयाँबराबरको क्षति भएको थियो। त्यस्तै, आव ०७९/८० मा १२८ स्थानमा आगलागी हुँदा दुईजनाको मृत्यु र चारजना घाइते भएका थिए। नौ करोड ५० लाख ८२ हजार रुपैयाँबराबरको क्षति भएको थियो।

आव ०७८/७९ मा ९१ स्थानमा आगलागी हुँदा एकजनाको मृत्यु र चारजना घाइते भएका थिए। तीन करोड ३० लाख ५३ हजार रुपैयाँबराबरको क्षति भएको थियो। त्यस्तै, आव ०७७/७८ मा ४८ स्थानमा आगलागी हुँदा तीनजना घाइते भएका थिए। एक करोड ६ लाख ७५ हजार रुपैयाँबराबरको क्षति भएको थियो।

प्रहरीका अनुसार ६ वर्षमा ५५६ घर तथा गोठ जलेका छन्। साथै, सामुदायिक वन क्षेत्र पनि आगलागीबाट प्रभावित हुने गरेको छ। डिएसपी थापाका अनुसार सुक्खा मौसममा आगलागीका घटना बढी हुने गरेका छन्। ग्रामीण क्षेत्रमा मानवीय लापरबाही, वन डढेलो, असुरक्षित विद्युत् तार तथा उपकरण, घ्यास र भान्सामा सावधानी नअपनाउनु आगलागीका मुख्य कारण रहेको प्रहरीले जनाएको छ।

विद्युत् सर्ट भई आगलागी हुँदा एकजनाको मृत्यु

सल्यान/ आगलागीबाट सल्यानमा एकजनाको मृत्यु भएको छ। बागचौर नगरपालिका- ४, मोहर बस्तीका ७० वर्षीय मोतीराम वलीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। मंगलबार दिउँसो भन्द्रबहादुर घर्तीको बाख्राको खोरमा विद्युत् सर्ट भई एक्कासि आगलागी हुँदा बाख्राको खोरमा सुतिरहेका वलीको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक तथा सूचना अधिकारी देवराज भट्टराईले बताए। घटनाको थप अनुसन्धान भइरहेको उनको भनाइ छ। यस्तै, सामुदायिक वनमा लागेको आगो बस्तीमा पस्दा दुई घरमा क्षति पुगेको छ। शारदा नगरपालिका- ४ स्थित सालटाकुरी सामुदायिक वनमा लागेको आगो बस्तीमा पस्दा शारदा नगरपालिका- ४ की गायात्रा विष्टको भान्साकोठा र ५३ वर्षीय खिमबहादुर डाँगीको घरमा सामान्य क्षति भएको छ।

भ्रष्टाचार निर्मूल पार्न व्यापक पुनर्संरचना आवश्यक

कानुन, स्रोत, पूर्वाधार र उपयुक्त वातावरण बनाउँदा पनि कर्मचारीले काम गरेन भने त्यस्तालाई बर्खास्त नै गर्नुपर्छ



● शंकरप्रसाद कोइराला

अग्रलेख



भ्रष्टाचारलाई छाडेर बहुदलअघिको प्रशासनसँग तुलना गर्दा अहिलेको प्रशासन अब्बल हो। कर्मचारीको क्षमता र प्रविधिमा विकास भएको छ। सेवाप्रवाहमा पनि धेरै सुधार भएका छन्, तर भ्रष्टाचारचाहिँ मौलाउँदै गएको छ। व्यापकता र रकमको मात्रा दुवैका हिसाबले भ्रष्टाचार पहिलेभन्दा बढेको छ। सरकारी अड्डामा काम गराउन कि पैसा, कि आफ्नो मान्छे वा भनसुन चाहिन्छ। यस्तो प्रचलन पहिले थिएन। भए पनि ज्यादै कम थियो।

विगतमा सेवा प्रवाहमा आजको जस्तो प्रविधि थिएन, ढिलासुस्ती थियो। त्यतिबेला राजनीतिक तहमा भ्रष्टाचार कम थियो, कर्मचारीलाई त पर्चा खडा गरेर निकालिदिने हुनाले डराउँथे। आचरणमा नबस्ने र भ्रष्टाचार गर्ने कर्मचारीलाई पर्चा खडा गरेर निकालिन्थ्यो। स्रोतको संकुचन र प्रविधिको अभावले कर्मचारीमा व्यावसायिकता विकास हुन नसके पनि भ्रष्टाचारचाहिँ एकदमै कम थियो। भ्रष्टाचार हुँदा पनि खुद्रे किसिमका हुन्थे।

कर्मचारी राजनीतिबाट मुक्त थिए। राजनीतिक चेत भए पनि खुलेर राजनीतिक गतिविधि गर्दैनथे। कर्मचारी व्यवस्था र प्रणालीप्रति प्रतिबद्ध थिए। बहुदलअघिसम्म राजनीतिज्ञ र कर्मचारीबिच भ्रष्टाचारको 'नेक्सस' नगण्य थियो। बहुदलपछि राजनीतिक धारमा कर्मचारी पनि विभक्त भए। कर्मचारीको सरुवा-बढुवामा राजनीतिक हस्तक्षेप बढेर गयो। प्रशासनमा राजनीति हाबी भयो। भ्रष्टाचारमा पनि राजनीति र कर्मचारीबिच अपवित्र साँठगाँठ र सम्बन्ध विस्तार भयो। राजनीतिले दलगत कर्मचारीको संरक्षण गर्ने र दलमा आबद्ध कर्मचारीले पनि मन्त्रीलाई सिकाउने, अह्राउने काम गर्न थाले। नेपालमा नीतिगत भ्रष्टाचारको सुरुवात त्यसपछि भयो। आजका समस्याको जरो खोज्दै जाँदा बहुदलको पूर्वार्द्धतिर पुग्न सकिन्छ। बहुदलपछि मिलीभगत प्रकृतिको भ्रष्टाचार मौलाएको हो।

भ्रष्टाचारमा लालायित कर्मचारी : आजका कर्मचारीलाई भ्रष्टाचारमा लालायित गराउने काम हाम्रो परिवेशले पनि गराएको हो। लोकसेवा पास गरेर आउने कर्मचारीलाई सोधियो भने भ्रष्टाचार गर्दैनौं भन्छन्। तर, तिनै कर्मचारी लोकसेवा पास भएको भोलिपल्ट कहाँ कमाइ हुन्छ, त्यहाँ जान तँछाडमछाड गर्छन्। यो हाम्रो समाज र हाम्रो परिस्थितिले उब्जाएको हो। पहिला कर्मचारी जागिर खान विभिन्न जिल्ला जान्थे। परिवार उसको घरैमा हुन्थ्यो। त्यो परिवारले घरमा आफैं उत्पादन गरेर जीविका चलाउँथ्यो। कर्मचारीले कमाएको पैसा जोगाउँथ्यो। अहिले फरक परिस्थिति बनेको छ। कर्मचारी भएपछि उसको परिवार सुगम ठाउँमा सर्न थाल्यो। काठमाडौं र सहरी क्षेत्रमा आउँदा खर्च बढ्ने नै भयो। शिक्षा, स्वास्थ्यको निजीकरणले पनि खर्च बढायो। बच्चाबच्चीलाई राम्रो स्कुल-कलेज पढाउने, मिठो खाने संस्कृतिको विकास भयो। यो परिवेशले पैसा नै ठुलो हो भन्ने मानसिकता बढायो। र, मैले यही वेला नगरे कहिले गर्ने ? वेलामा कमाइहाल्नुपर्छ भन्ने सोच पनि बढ्यो। कर्मचारीको तलबभत्ता न्यून छ। यसले कर्मचारीको शिक्षा, स्वास्थ्य, आवासजस्ता न्यूनतम आवश्यकता पूरा गर्न पनि गाह्रो भयो। यस्ता विभिन्न पक्षले भ्रष्टाचार गर्न प्रोत्साहन गरिरहेका छन्।

कर्मचारी जहिल्यै जनताबाट आलोचित : कर्मचारी जनताको प्रिय हुने सकेनन्। पछिल्लो दिनमा जनताबाट बढी आलोचित छन्। कर्मचारी भ्रष्टाचारमा लिप्त छन्, अल्छी छन्, काम गर्दैनन्, सेवा दिँदैनन् भन्ने भाष्य निर्माण भएको छ। यद्यपि, सबै कर्मचारी त्यस्ता छैनन्। त्यसो हुन्थ्यो भने त मुलुक नै चल्दैनथ्यो। यस्तो भाष्य निर्माणमा सञ्चारमाध्यमको विकासले पनि भूमिका खेलेको छ। सञ्चारमाध्यमको विकासले जनतालाई सचेत बनाइदिएको छ भने कतिपय अवस्थामा नकारात्मक कुरा मात्रै थुपारिदिएको छ। यद्यपि, यो भाष्य चिर्ने काम कर्मचारीकै हो।

प्रशासन र कर्मचारीको सम्बन्ध : खटाएको ठाउँमा गएन, अह्राएको कानुनसम्मत काम गरेन अथवा गलत गऱ्यो भने निजामती सेवा ऐनअनुसार कर्मचारीलाई विभागीय कारबाही हुन्छ। कर्मचारी लोकसेवा प्रतिस्पर्धा गरेरै सेवामा प्रवेश गरेको हुन्छ। उसले काम गरेन, अनुशासनहीन भयो भने कानुनबमोजिम कारबाही गर्नुपर्छ। त्यस्ता कर्मचारीलाई मार्गप्रशस्त गर भन्नुको साटो विभागीय कारबाहीतर्फ जानुपर्छ। कुनै कर्मचारीले ठुलो भ्रष्टाचार गरेको अवस्थामा मार्गप्रशस्त गर्ने होइन, विभागीय कारबाही गर्नुपर्छ।

नयाँ नेतृत्वले हामीले जितेर आयौं, अब हामी नै कानुन हो भन्नु उचित हुँदैन। मौजुदा कानुनअनुसार कर्मचारीले काम गरेन भने त्यसलाई विभागीय कारबाही गर्नुपर्छ। हटाउने कुरा विवेकपूर्ण र जायज होइन। कर्मचारीलाई सेवाबाट हटाउने प्रक्रिया कानुनमै छ।

अख्तियारको त्रास : केही व्यक्तिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग खारेज नै गर्नुपर्छ भनेको सामाजिक सञ्जालमा देखिन्छ। यस्तो संस्था संसारमा कहीं पनि छैन भनेको पनि सुनिन्छ। त्यस्तो अभिव्यक्ति दिनेले कति बुझेर भन्नुभयो। तर, नियन्त्रण गर्ने ठाउँ त चाहियो नि ! भविष्यमा संविधान संशोधन गरेर अख्तियार खारेज गरियो भने फरक कुरा भयो। तर, त्यसबारे विवेचना आवश्यक हुन्छ।

मैले निजामती सेवामा ३४ वर्ष काम गरेँ। त्यत्रो अवधिमा अख्तियारको हाउगुजी मलाई भएन। कुनै पनि अख्तियारले मलाई हस्तक्षेप गरेन। सामान्य प्रशासन मन्त्रालयको सचिव हुँदा अख्तियारबाट माग भएर आएका अधिकांश कर्मचारी मैले पठाइनँ। अख्तियारमा गएर प्रमुख आयुक्तदेखि आयुक्त र सचिवसँग छलफल गरेर संघीयता कार्यान्वयनका क्रममा प्रदेश र स्थानीय तहमा कर्मचारी पठाउनुपर्ने अवस्था र दबाबबारे जानकारी गराएँ। प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारी मागे भने त्यहाँको काममा बाधा पर्छ भन्ने विषय राखेर अख्तियारले मागेबमोजिमका कर्मचारी पठाउन नसक्ने बताएँ।

कतिपय विषय र नीतिगत रूपमा गलत भएको छ भने अख्तियारले रोक्छ नै। गलत काम भइरहेको छ भने त्यसलाई रोक्नु स्वाभाविक पनि हो। तर, अख्तियारलाई नै देखाएर निर्णयबाट पन्छिनुचाहिँ राम्रो होइन। अख्तियारले साँच्चै काममा अवरोध गरेको छ भने सचिवले गएर कुरा गर्न सक्नुपऱ्यो। अख्तियारको निर्देशनले यो काम गर्न अप्ठ्यारो भयो भन्नुपऱ्यो। अख्तियारले पनि निकास दिन्छ। कानुनसम्मत काम गर्न अख्तियारले रोक्दैन।

> व्यापकता र रकमको मात्रा दुवैका हिसाबले भ्रष्टाचार पहिलेभन्दा बढेको छ। सरकारी अड्डामा काम गराउन कि पैसा कि आफ्नो मान्छे वा भनसुन चाहिन्छ। यस्तो प्रचलन पहिले थिएन।

समाधानमुखी सेवाप्रवाह : कतिपय ठाउँमा कुनै काम गर्न समय लाग्छ। विदेशमा पनि भन्नेबित्तिकै हुँदैन। तर, फरक के छ भने त्यता काम ढिला हुँदा पनि अनुमानयोग्य हुन्छ। हामीकहाँ सेवा पाउने समयको टुंगो र अनुमान हुँदैन।

अब चुस्त सेवाप्रवाहका लागि हामीले कानुन फेर्नु आवश्यक छ। सेवालाई अनुमानयोग्य बनाउनुपर्छ। सेवा पाउन के-के कागजात चाहिन्छ पनि भनिदिनुपर्छ। नागरिक बडापत्रमा लेखिएका हुन्छन्, तर त्यसको पालना भइरहेको छैन। सेवाप्रवाहको मामिलामा उठेका सवालमा सेवाग्राहीमा पनि समस्या छन्। यसो कर्मचारीलाई खुवाएर भए पनि काम अलि छिटो र लाइनमा नबसीकन लिने कुरा सेवाग्राहीको दिमागमा पनि छ।

बदलिँदो राजनीति र प्रविधिको उपयोग : राजनीतिक नेतृत्वले कर्मचारीलाई विश्वासमा लिनुपर्छ। कर्मचारीले पनि निष्ठापूर्वक राजनीतिक नेतृत्वलाई सघाउनुपर्छ। राजनीतिले नीति बनाउँछ। दलसँग भिजन, घोषणापत्र र जनतासँग कबोल गरेर आएका विषय हुन्छन्। ती दलले बनाउने नीतिमा कर्मचारीले सहयोग गर्नुपर्छ। ती नीति कार्यान्वयनमा पनि कर्मचारीले काम गर्नुपर्छ।

अब कानुन नै ल्याएर समयबद्ध सेवाप्रवाहको प्रबन्ध गर्नुपर्छ। समयमा काम नगर्ने र निर्णय पन्छाउने गर्न पाइँदैन। सचिव वा कार्यालय प्रमुखहरूले निर्णय गर्नैपर्छ। कि आधार र कारणसहित मेरो अधिकार क्षेत्रभित्र पर्दैन भन्नुपऱ्यो, नत्र निर्णयबाट पन्छिन र पन्छाउन पाइँदैन। अधिकार क्षेत्रभित्रको भूमिका कर्मचारीले निभाउनुपर्छ।

हामीकहाँ सेवा दिने विषयमै आमूल परिवर्तनको खाँचो छ। बैंकमा खाता खोल्न गयो भने खानेपानी र बिजुलीको बिल तिरेको समेतको कागज पेस गर्नुपर्छ। प्रविधिको यति ठुलो विकास भएको छ, हामीसँग राष्ट्रिय परिचयपत्र पनि छ। परिचयपत्र भएपछि अर्को कागज या प्रमाण खोज्नु जरुरत छैन। परिचयपत्रले व्यक्तिको परिचय त दिएकै हुन्छ।

पहिले प्रमुख जिल्ला अधिकारीले आवश्यक प्रमाण हेरेर नागरिकता जारी गर्थ्यो। त्यसले गर्दा कतिपय अवस्थामा सजिलो थियो। अहिले स्थानीय तहबाट सिफारिस लिएर जिल्ला प्रशासन जानुपर्छ। यसले तह बढ्यो। यस्ता धेरै उदाहरण छन्। त्यसैले अब सकेसम्म त्यस्ता तह कम गर्नुपर्छ। डिजिटलाइज्ड गरेर अनलाइनमार्फत नै सेवाप्रवाहको प्रबन्ध गर्नुपर्छ। नागरिकताका लागि वडामा पेस गरेको कागज वडाबाट फेरि जिल्ला प्रशासन कार्यालय जान नपर्ने बनाउनुपर्छ। कर्मचारीले पनि अनावश्यक कागज माग्नु गलत हो। कानुन वा नागरिक बडापत्रमा यी कागजात चाहिन्छ भनिसकेपछि त्यसमा अनावश्यक कागजात थप मागेर सेवाग्राहीलाई दुःख दिनुहुँदैन।

प्रशासनका समस्या : सुशासन कायम गर्न र सेवाप्रवाहलाई सहज बनाउन अहिलेको सरकारले सयबुँदे कार्ययोजना जारी गरेको छ। त्यसमा धेरै विषय छन्। त्यसको साँच्चै कार्यान्वयन गर्ने हो भने सेवाप्रवाहमा आमूल परिवर्तन आउँछ। तर, हामीले सोचेको र सुधारका लागि बनाएको योजना कार्यान्वयनका लागि आवश्यक पूर्वाधार तयार गरेका छौं कि छैनौं भन्ने पनि महत्त्वपूर्ण पाटो छ। पूर्वाधार तयार गर्न स्रोत र साधन चाहिन्छ। सोहीअनुसार जनशक्ति व्यवस्थापन र तिनको क्षमता विकास जरुरी हुन्छ। यसर्थ, स्रोतसाधन, जनशक्ति व्यवस्थापन र क्षमता विकास नगरी योजना बनाएर मात्र हुँदैन। अबको सरकारले सेवा प्रवाह गर्ने निकायमा आवश्यक स्रोतसाधन र पूर्वाधार पनि पूरा गरिदिनुपर्छ। आवश्यक जनशक्ति व्यवस्थापन र कर्मचारीलाई काम गर्ने वातावरण पनि हुनुपर्छ। उपयुक्त वातावरण भएन भने पनि कर्मचारीले काम गर्दैन।

राजनीति र प्रशासनको सम्बन्ध : राजनीतिक नेतृत्वले प्रशासनलाई विश्वासमा लिएर काम लगाउनुपर्छ। प्रशासनिक नेतृत्व र समग्र कर्मचारीले पनि राजनीतिक नेतृत्वका एजेन्डालाई कार्यान्वयन गर्न सहयोग गर्नुपर्छ। कानुन र नियमसंगत छ भने कर्मचारीले नगरी सुखै छैन। कानुन र क्षेत्राधिकारबमोजिम काम नगर्ने कर्मचारीलाई कारबाही गर्नुपर्छ।

कर्मचारीले पनि सुधार या परिवर्तनलाई अवरोध गर्नभन्दा तिनलाई आत्मसात् गरेर आफ्ना कमजोरी सुधार्नुपर्छ। राजनीतिक नेतृत्वले पनि हाम्रो सरकार छ, अब हामी नै कानुन हौं भन्यो भने राम्रो सन्देश जाँदैन। कानुन, स्रोत, पूर्वाधार र उपयुक्त वातावरण बनाउँदा पनि कर्मचारीले काम गरेन भने त्यस्तालाई बर्खास्त नै गर्नुपर्छ।

राजनीतिक नेतृत्वलाई मैले जे भन्यो कर्मचारीले मान्नुपर्छ भन्ने किसिमको अहं र दम्भ छ। कर्मचारीलाई पनि म पनि लोकसेवा भिडेर आएको, मैले पनि जाने-बुझेको छु भन्ने अहंकार छ। यी दुवै अहंकार राम्रो होइन। दुवैबिच सहकार्य हुनुपर्छ। राजनीतिक नेतृत्वले प्रशासनलाई डोहोऱ्याउनैपर्छ। राजनीति जनताबाट चुनिएर आएको अभिभावक हो। निजामती सेवा वा कर्मचारी भनेको मेसिन हो। मेसिनलाई चलाउने इन्जिनियर र प्रणाली विकास गरिदिने राजनीतिक नेतृत्वले हो। यसर्थ, आगामी दिनमा कर्मचारीले मन, वचन र कर्मले निष्ठापूर्वक राजनीतिलाई सहयोग गर्नुपर्छ। कर्मचारी जनताप्रति जवाफदेही र उत्तरदायी हुनुपर्छ। अनुशासनमा पनि बस्नुपर्छ। खासगरी बहुदलपछि कर्मचारीमा जवाफदेही र उत्तरदायी नहुने रोग बढेको छ। जवाफदेहिताको विकास र जिम्मेवारी पूरा नगर्नेलाई कारबाही गर्नुपर्छ। भ्रष्टाचार निर्मूल पार्न व्यापक पुनर्संरचनाको आवश्यकता छ।

(कोइराला नेपाल सरकारका पूर्वसचिव हुन्)

---

३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक **दीपेश घिमिरे**लाई



यतिखेर वाम एकताको सम्भावना कति देखिँदै छ ?

एमाले र तत्कालीन माओवादी अर्थात् अहिलेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बिचको एकता पहिल्यै 'टेस्टेड' भइसकेको विषय हो। एकपटक टेस्टेड भइसकेको विषय इतिहासमा दोहोरिँदैन। २१ फागुनको निर्वाचन परिणामपछि ०७४ मा फर्किंदा दुवै पार्टीका सीमित नेताका स्वार्थ पूरा त होला। एमालेलाई दोम्रो ठुलो दल बन्नु छ र प्रचण्डलाई प्रमुख प्रतिपक्षी दलको नेता बन्नु छ। तर, रास्वपाजस्तो 'मास बेस्ड' पार्टी जबर्जस्त उदाएको र पुराना 'क्याडर बेस्ड' पार्टीहरू धराशायी भएको अहिलेको अवस्थामा वाम एकता भइहाले पनि त्यसले सोचेजस्तो परिणाम दिँदैन। यसले तत्काल संसद्भित्रको अंकगणितमा सामान्य फेरबदल ल्याए पनि कुनै गुणात्मक परिणाम दिन सक्दैन।

यस्तो एकता भइहालेमा त्यसबाट दलमा रूपान्तरण र नेतृत्वमा पुस्तान्तरणको सम्भावना कति देख्नुहुन्छ ?

साँच्चै वाम एकता भयो भने दलमा रूपान्तरण र नेतृत्वमा पुस्तान्तरणको सम्भावना भने घटेर जानेछ। यसले पार्टीभित्र पुस्तान्तरण र रूपान्तरणको सम्भावनामा डरलाग्दो पर्खाल निर्माण गर्नेछ। नयाँ विचार, नयाँ सोच, नयाँ कार्यनीतिका साथ महाधिवेशनको वैधानिक बाटोबाट आएको भए आशा गर्न सकिन्थ्यो। तर, यसरी दुई नेताको स्वार्थ मिलेकै भरमा एकता भयो भने त्यसले ६३ प्रतिशतको जनमतबाट २४ प्रतिशतमा झरेको कम्युनिस्ट आन्दोलनलाई थप क्षयीकरणको दिशामा धकेल्नेछ।

फुट्ने, जुट्ने, फुट्ने र फेरि जुट्ने वामपन्थी रोगको उपचार कहिले होला ?

कम्युनिस्ट आन्दोलनको इतिहासमा यस्तो रोगको कुनै उपचार सम्भव देखिन्न। पुष्पलालको नेतृत्वमा गठन भएयता सबैभन्दा बढी टुक्रिएको पार्टी नै कम्युनिस्ट पार्टी हो। ०७४ मा पनि 'अढाई वर्षपछि मलाई किन छाडेनौ' भन्ने विवादमा पार्टी छिन्नभिन्न भएको हो। अहिले केही नेता मिले पनि सबै मिल्दैनन्, बाँकीले अर्को पार्टी बनाउँछन्। त्यसैले, यो टालटुले प्रयास हो। यसले वाम राजनीतिलाई थप पतनको दिशामा धकेल्छ।

प्रेरक प्रसंग

द्वारपाल र सम्राट् शिवाजी

छत्रपति शिवाजी भारतमा निकै चर्चित सम्राट् थिए। उनी आफ्नो शासनकालमा न्याय र सुशासनका लागि विख्यात थिए। उनी आफू पनि अनुशासित थिए र आफ्ना कर्मचारीदेखि जनतासम्म सबै अनुशासित होऊन् भन्ने चाहन्थे।



एकपटक उनी कामविशेषले कतै जाँदै गर्दा आफ्नै राज्यको कुनै किल्लाबाहिर पुगदा रात पऱ्यो। विश्रामका लागि उपयुक्त स्थल कतै नभेट्दा उनले सोही किल्लामा रात बिताउने सोच बनाए। उनी किल्लाबाहिर पुगे। तर, रात परिसकेको हुनाले किल्लाको ढोका बन्द भइसकेको थियो। उनले द्वारपाललाई आवाज दिएर किल्ला खोल्ने आदेश दिए। तर, द्वारपालले सुन्यानसुन्यै गरेर किल्लाको ढोका खोल्दै खोलेनन्।

केही गरे पनि किल्लाको ढोका खुलाउन नसकेपछि शिवाजी महाराजले किल्लाबाहिरै रात बिताउनुपऱ्यो। जब बिहानको उज्यालो भयो, त्यसपछि मात्र द्वारपालले किल्लाको ढोका खोलिदिए। शिवाजीले द्वारपालसित प्रश्न गरे- के हिजो साँझ तिमीले मलाई चिनेनौ ? तिमीले त मेरो आदेशसमेत पालना गरेनौ ? तिमीले यस्तो किन गऱ्यौ ?

द्वारपालले सहजतापूर्वक जवाफ दिए- महाराज, हजुरलाई नचिनेर ढोका नखोलेको होइन। अनि मैले हजुरको आदेश पालना नगरेको पनि होइन। मैले त हजुरकै आदेश पालना गरेको हुँ महाराज ! हजुरले नै सूर्यास्तपछि कुनै पनि किल्लाको ढोका कुनै पनि मूल्यमा नखोल्नू भन्ने आदेश दिनुभएको थियो, होइन र ? हजुरको आदेश उल्लंघन गरेर म कसरी किल्लाको ढोका खोल्न सक्थें त ? अनि, हजुरको आदेश स्वयं हजुरले नै पालना गर्नुभएन भने जनताले के पालना गर्दा हुन् ? द्वारपालको निर्भीक जवाफबाट महाराज शिवाजी निकै खुसी भए। उनले ती सिपाहीलाई आफ्नो अंगरक्षक बनाए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

महँगीले सतायो सरकार !

यतिखेर मध्यपूर्वको लडाइँले विश्वभर पेट्रोलियम पदार्थको मूल्य अकासिएको छ। त्यसको प्रभाव हाम्रो देशमा पनि परेको छ। यहाँ पनि पेट्रोलियम पदार्थको मूल्य कल्पनै गर्न नसक्ने गरी बढेको छ। इन्धनको मूल्य बढ्नासाथ सवारी ढुवानीको भाडा बढ्दा यतिखेर बजार पूरै अनियन्त्रित भएको छ। विश्वका अधिकांश मुलुकले इन्धनको मूल्य बढे पनि त्यसबाट जनतालाई राहत दिन अनेकौं उपाय अपनाएर इन्धनको मूल्य स्थिर गराएका छन्। त्यसले गर्दा उनीहरूले अस्वाभाविक मूल्यवृद्धिको सामना पनि गर्नुपरेको छैन। तर, हामीकहाँ भने सरकारले यसतर्फ कत्ति पनि सोचेको देखिन्न ? सरकार, महँगीले जनताको ढाड भाँचिसक्दा पनि किन चुपचाप रमिते बनिरहेका छौ ?

● **सुजिता रजक**, ढल्को, काठमाडौं

विद्यार्थी संगठन नचाहिने नै हो ?

सरकारले विश्वविद्यालय र क्याम्पसबाट विद्यार्थी संगठनका कार्यालय हटाउने निर्देशन दिएको समाचार पढियो। शैक्षिक संस्थामा राजनीतिक दलका भ्रातृ संगठन अस्तित्वमा रहँदा ती शैक्षिक संस्थाको पठनपाठनमा सहयोगभन्दा पनि अवरोध नै पुगिरहेको यथार्थ हो। तर, विद्यार्थी संगठन भनेको भविष्यमा राष्ट्रको राजनीतिमा नेतृत्व प्रदान गर्ने नेता उत्पादन गर्ने नर्सरी पनि हो। नर्सरीलाई मास्नुअघि घनीभूत बहस गर्ने हो कि ?

● **सापेक्ष सापकोटा**, शान्तिनगर, काठमाडौं

मूल्यवृद्धि मात्र समाधान हो ?

नेपाल आयल निगमले एक महिनामा ६ पटकसम्म पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको समाचार पढियो। के मूल्य बढाउनु मात्र समाधान हो ? सरकारले पेट्रोलियम पदार्थको बिक्रीबाट लिँदै आएको कर आधा घटाउँदा पनि मूल्य घट्नुको साटो उल्टो निगमलाई नाफा कम भएको भन्दै मूल्यवृद्धि गरियो। यो सरकार गरिब जनताको सरकार हो कि आयल निगमको ? नत्र त मूल्यवृद्धिमा मात्र समाधान नदेख्नुपर्ने हो नि !

● **सुमित्रा लिम्बू**, ताहाचल, काठमाडौं

कांग्रेस संस्थापनले ठिक निर्णय गऱ्यो


कांग्रेसको वर्तमान संस्थापन समूहले पार्टीमा अधिकतम एकता कायम गर्न सबै पक्ष र सबै नेतासित संवाद गर्ने बताएको समाचार पढियो। जिम्मेवार संस्थापनले गरेको यो निर्णय एकदम सही छ। पार्टीभित्र विवाद देखिएपछि त्यसको समाधानका लागि पहलकदमी चाल्नु पार्टी संस्थापन समूहकै कर्तव्य हुन्छ। संस्थापनइतर समूहले त विरोध गरेर, असन्तुष्टि देखाएर या धुर्की लगाएर भए पनि चल्छ। तर, संस्थापन पक्षले सबै असन्तुष्टिको जवाफ दिनुपर्छ। सबैलाई मिलाएर लानुपर्छ। कसैले अनावश्यक विरोध या धुर्की लगाएर पार्टी नेतृत्वलाई गलाउने, दबाउने या झुकाउने प्रयास गर्छ भने उसमाथि पार्टी अनुशासनको डन्डा लगाउन पनि पछि हट्नुहुँदैन।

यतिखेर पार्टीको पूर्वसंस्थापन या पूर्वसभापति शेरबहादुर देउवाका सहयोगी पार्टीभित्र गम्भीर छटपटीमा देखिन्छन्। निर्वाचन आयोग र सम्मानित सर्वोच्च अदालतबाट आफ्नो गुटको पक्षमा निर्णय नभएर पार्टीका बहुसंख्यक कार्यकर्ता तथा महाधिवेशन प्रतिनिधिको उपस्थितिमा सम्पन्न विशेष महाधिवेशनलाई आधिकारिकता प्रदान गरिएपछि उनीहरूमा गम्भीर छटपटी देखिएको छ। उनीहरू यतिखेर सर्वोच्च अदालतको निर्णयलाई समेत 'च्यालेन्ज' गरेर पुनरावलोकनमा समेत जाने तयारीमा रहेको र परिआएमा अर्कै पार्टी गठन गरेर जानेसम्मको विकल्पमा तयार भएको समाचार आइरहेको छ। यस्तो हो भने उनहरूलाई अर्को पार्टी खोल भनेर छाडिदिए पनि हुन्छ। किनकि, असली कांग्रेसले कुनै अमुक नेताको दौराको फेर समातेर रुख र चारतारे झन्डा छाडेर हिँड्दैन। हिजो नेताका आडमा मस्तै खाईपाई आएकाहरू मात्र जाने न हुन्।

● **वन्दना शिवाकोटी**, झम्सीखेल, ललितपुर

खडेरीले एन्टिबायोटिक प्रतिरोधलाई बनाउन सक्छ झन् खराब

एन्टिबायोटिक प्रतिरोध केवल एक चिकित्सा समस्या मात्र होइन, यो एक पारिस्थितिक समस्या पनि हो



देश/विदेश

● मनल मोहमद

एन्टिबायोटिक प्रतिरोध प्रायः अस्पताल र कृषिमा एन्टिबायोटिकको अत्यधिक प्रयोगसँग सम्बन्धित छ। दुवै वास्तविक समस्या हुन्, तर नयाँ अनुसन्धानले अर्को सम्भावित समस्यालाई पनि सुझाव दिन्छ, जुन धेरै मानिसले विचार गरेका छैनन्- जलवायु परिवर्तनका कारण हुने खडेरी।


नेचर माइक्रोबायोलोजी जर्नलमा प्रकाशित हालैको एक अध्ययनले पत्ता लगायो कि जब माटो सुक्छ, यसले एन्टिबायोटिक प्रतिरोध सिर्जना गर्ने र फैलाउने प्राकृतिक प्रक्रियालाई गति दिन सक्छ। यसको अर्थ खडेरीले अस्पतालमा प्रत्यक्ष रूपमा सुपरबग (सबै एन्टिबायोटिक प्रतिरोधी ब्याक्टेरियाको एक प्रकार) उत्पन्न गर्छ भन्ने होइन, बरु यसले जलवायु परिवर्तनले समस्यालाई अझ खराब बनाउन सक्छ भन्ने सुझाव दिन्छ।

यो बेलायतका लागि धेरै महत्त्वपूर्ण छ। मौसम कार्यालयले भविष्यवाणी गरेको छ कि गर्मी मौसम झन् तातो र सुक्खा हुँदै जानेछ र उत्सर्जन उच्च रह्यो भने लामो खडेरी हुनेछ। यसैबिच नेसनल हेल्थ सर्भिसले पहिले नै एन्टिबायोटिक प्रतिरोधी संक्रमणसँग संघर्ष गरिरहेको छ, जसको उपचार गर्न गाह्रो छ र बिरामीलाई लामो समयसम्म अस्पतालमा राख्नुपर्छ। जब सामान्य एन्टिबायोटिकले काम गर्न छोड्छ, चिकित्सकहरू कहिलेकाहीं झन् कडा विकल्प प्रयोग गर्न बाध्य हुन्छन्, जुन रिजर्भमा राखिन्छ, किनभने तिनीहरूको अत्यधिक प्रयोगले ती प्रतिरोधीलाई पनि जोखिममा पार्छ। यी 'अन्तिम उपाय'का रूपमा चिनिन्छन्।

त्यसो भए माटोमा वास्तवमा के भइरहेको छ ? माटो ब्याक्टेरियाले भरिएको छ र तीमध्ये धेरैले प्राकृतिक रूपमा प्रतिद्वन्द्वीलाई मार्न एन्टिबायोटिक उत्पादन गर्छन्। अन्य ब्याक्टेरियाले जिनहरू बोक्छन्, जसले तिनलाई ती आक्रमणको प्रतिरोधी बनाउँछ।

माटोमा तीव्र प्रतिस्पर्धा : ब्याक्टेरिया अपेक्षाकृत स्थिर वातावरणमा बस्छन्। तर, जब माटो सुक्छ, पानी ससाना पृथक् क्षेत्रमा निचोरिन्छ। ब्याक्टेरिया एकसाथ जम्मा हुन्छन्, पोषक तत्त्वहरूको अभाव हुन्छ र प्रतिस्पर्धा क्रूर हुन्छ। यस्तो अवस्थामा ब्याक्टेरियाले एक-अर्कालाई आक्रमण गर्न बढी एन्टिबायोटिक उत्पादन गर्छन् र तिनलाई बाँच्न मद्दत गर्न थप प्रतिरोधी जिन देखा पर्छन्। यो खडेरीले प्रेरित तीव्र प्रतिस्पर्धा हो।

यो मानव स्वास्थ्यसँग किन सान्दर्भिक छ भने, ब्याक्टेरियाले तेम्रो जिन ट्रान्सफर भनिने प्रक्रियामार्फत एक-अर्कासँग जिन साट्न सक्छन्। यसलाई एउटा भिडियो गेममा 'चिट कोड' साझा गर्नेजस्तै सोच्नुहोस्। यसको अर्थ माटोको ब्याक्टेरियाबाट प्रतिरोधात्मक जिनहरू मानिसलाई संक्रमित गर्ने ब्याक्टेरियाले लिन सक्छन्। वास्तवमा माटोको ब्याक्टेरियामा पाइने केही प्रतिरोधी जिन पहिले नै मानिसलाई संक्रमित गर्ने ब्याक्टेरियामा देखिएका छन्, जसले दुईबिचको लामो विकासवादी सम्बन्धलाई संकेत गर्छ।



सम्पत्ति र स्वास्थ्य सेवाको गुणस्तरमा भिन्नतालाई ध्यानमा राख्दा पनि केही ठुला अध्ययनले पत्ता लगाएका छन् कि संसारका सुक्खा क्षेत्रले अस्पतालमा एन्टिबायोटिक प्रतिरोधी संक्रमणको उच्चस्तर रिपोर्ट गर्ने प्रवृत्ति छ। यद्यपि, यी अध्ययनले प्रत्यक्ष कारण र प्रभाव होइन, सहसम्बन्ध देखाउँछन्। संक्रमण कसरी ट्र्याक गरिन्छ वा स्वास्थ्य सेवामा पहुँच गर्न कति सजिलो छ जस्ता अन्य कारकले पनि यो ढाँचालाई व्याख्या गर्न सक्छन्।

यस समस्यासँग जोडिएका केही माटोका ब्याक्टेरिया अस्पतालका रोगजनक (कुनै पनि सूक्ष्मजीव, जस्तै- ब्याक्टेरिया, भाइरस, फंगी वा परजीवी, जसले रोग निम्त्याउँछ) जस्तै 'क्लेब्सिएला' निमोनिया र 'स्युडोमोनास एरुगिनोसा'का नजिकका परिवार हुन्, जुन 'एस्केप' भनिने समूहसँग सम्बन्धित छन्। यो समूह विश्वका धेरै उपचार गर्न गाह्रो संक्रमणका लागि जिम्मेवार छ। फेरि, यसको मतलब यी बग (किराहरू) माटोबाट आउँछन् भन्ने होइन, तर यसले वातावरणीय र 'क्लिनिकल' ब्याक्टेरियाबिच वास्तवमा कति निकटता छ भनेर देखाउँछ।

एन्टिबायोटिक प्रतिरोधले पहिल्यै विश्वभर हरेक वर्ष लाखौं संक्रमण निम्त्याएको छ। यसको सामना गर्ने धेरैजसो प्रयास औषधि र कृषिमा अनावश्यक एन्टिबायोटिक प्रयोग घटाउनमा केन्द्रित छन्, जुन अझै पनि महत्त्वपूर्ण छ। तर, यो अनुसन्धानले वातावरण आफैंले र जलवायु परिवर्तनले यसलाई कसरी पुनः आकार दिइरहेको छ भन्ने कुराले पनि हामीले बेवास्ता गर्न नसक्ने भूमिका खेल्छ भन्ने सुझाव दिन्छ। यहींबाट स्वास्थ्यको विचार आउँछ। स्वास्थ्य भनेको मानव, जनावर र वातावरणीय स्वास्थ्य सबै नजिकबाट जोडिएको विचार हो। यस 'लेन्स'बाट हेर्दा एन्टिबायोटिक प्रतिरोध केवल एक चिकित्सा समस्या मात्र होइन, यो एक पारिस्थितिक समस्या पनि हो।

बेलायत र विश्वभर खडेरी सामान्य बन्दै जाँदा वैज्ञानिकले हाम्रो खुट्टामुनि के भइरहेको छ भन्नेमा धेरै नजिकबाट नजर राख्नुपर्नेछ।

द कन्भर्सेसनबाट

(मोहमद वेस्टमिन्स्टर विश्वविद्यालयको मेडिकल माइक्रोबायोलोजीका वरिष्ठ व्याख्याता हुन्)

निजी क्षेत्रको मनोबल नबढाई उठ्दैन अर्थतन्त्र

उद्योगी-व्यवसायीको आत्मविश्वास घट्दा अगाडि बढ्ने माध्यम पनि कमजोर भएको छ



रोशन केसी
(अध्यक्ष, माछापुच्छ्रे बैंक)

सरकारका विभिन्न आर्थिक तथा वित्तीय नीतिका कारणले अधिक पुँजी हुँदा पनि अहिले बजारमा लगानी हुन सकेको छैन । धेरैजसो उद्योगको ब्यालेन्स सिट कमजोर छ, अधिकांश उद्योग घाटामा छन् । अनि 'प्रोभिजनिङ एक्ट'ले पनि लसमा रहेका कम्पनीहरूलाई लोन दिन अलिकति अप्ठ्यारो बनाएको छ । कर्जा लगानी हुन नसक्ने वातावरण सिर्जना हुनुका यो पनि प्रमुख कारण हो । त्यसैले अहिले बैंकिङ क्षेत्रमा कर्जाको माग नै छैन भन्दा पनि हुन्छ । आजको प्रमुख बैंकिङ समस्या पनि यही हो । अहिले बैंक तथा वित्तीय संस्थामा अधिक तरलता छ । तर, त्यो पैसा लगानी हुन सकेको छैन ।

जस्तो, बैंकहरूमा अधिक तरलता (लगानीयोग्य पुँजी) हुँदा पनि लगानी गर्न सकेनन् भन्ने विषय सर्वसाधारणले पनि नबुझेजस्तो लाग्छ । बैंकमा पैसा छ, तर बजारमा किन कर्जा गएन भन्ने प्रश्न बारम्बार आइरहन्छ । उद्योगहरू समस्यामा छन् । ऋण लिएर पनि त्यो समस्याको सम्बोधन हुन सक्थ्यो भन्ने धारणा पनि छ ।

२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका कारण धेरै निजी क्षेत्रको आत्मविश्वास एकदमै कमजोर भएको छ । उद्योगी-व्यवसायीको आत्मविश्वास घट्दा अगाडि बढ्ने माध्यम पनि कमजोर भएको छ । अहिले सरकारले केही सकारात्मक हौसला दिने संकेत देखाएको छ । सरकारले उपयुक्त नीति निर्माण गरेर लागू गऱ्यो भने कर्जा प्रवाह बढ्न सक्छ । विशेष गरी हाइड्रो सेक्टरलाई प्राथमिकतामा राख्नुपर्छ । अहिलेको मुख्य समस्या भनेको आत्मविश्वासको कमी नै हो । जसले गर्दा नयाँ लगानीकर्ताले व्यवसाय गर्न कस्तो बनाउने भन्ने अन्योल बनाएको छ ।

कर्जा विस्तार गर्न जलविद्युत्मा पिपिए खुलाउनुपर्छ

बैंकिङ क्षेत्रलाई लिक्विडिटी फ्लो गर्न सरकारले सबैभन्दा पहिले त राम्रो नीति ल्याउनुपर्छ । अहिलेको समयमा राम्रो नीति आयो भने लोन जान ठुलो समस्या हुँदैन । नेपालजस्तो सानो इकोनोमी भएको ठाउँमा आजको समयमा लोन जाने सबैभन्दा राम्रो सेक्टर भनेको हाइड्रोपावर नै हो । तर, हाइड्रोपावरमा पनि एकैचोटि लगानी जाँदैन ।

मान्नौं, कुनै आयोजनाको फाइनान्सियल क्लोजर भएर हामीले दुई अर्बको प्रतिबद्धता गऱ्यौं भने पनि त्यो एकै वर्षमा सम्पन्न हुँदैन । तीन-चार वर्षको चरणमा बल्ल सम्पन्न हुन्छ । देशले उन्नति गर्ने प्रमुख आधार पनि यही बिजुली बिक्री नै हो । हाम्रो मुख्य स्रोत पानी नै हो । पछिल्लो १२-१५ वर्ष हेर्दा, बैंकका लागि सबैभन्दा राम्रो र रिलायबल सेक्टर यही हो । जहाँबाट नियमित ब्याज पनि आइरहेको छ र सरकारको प्राथमिकतामा पनि परिरहेको छ । तर, अघिल्लो सरकारले 'टेक अर पे' र 'टेक एन्ड पे'सम्बन्धी कन्फ्युजन बजेटमा राखिदिँदा समस्या उत्पन्न भयो । त्यसले गर्दा पिपिए (खरिद-बिक्री सम्झौता) हुन सकेको छैन । ठुला प्रोजेक्टहरूमा पिपिए नभएपछि फाइनान्सियल क्लोजर हुने सकेन । यसले आर्थिक चक्रमा ठुलो असर पारेको छ ।

जलविद्युत् क्षेत्रका नीतिगत जटिलता सुल्झाउनुपर्छ

हाइड्रोपावर क्षेत्रमा विगतमा नीतिगत जटिलताका कारण विकास सुस्त भएको थियो । पिपिए हुने, तर वनबाट रुख कटानको अनुमति नपाउनेजस्ता समस्याले परियोजना समयमै पूरा हुन सकेनन् । एउटा अनुमति लिन वर्षौं लाग्ने अवस्था छ । अब यदि सरकारले स्पष्ट र कार्यान्वयनयोग्य नीति ल्यायो भने यो क्षेत्र तीव्र रूपमा अघि बढ्न सक्छ ।

सार्वजनिक सेयर निष्कासन आइपिओ रोकिँदा पनि निजी क्षेत्रलाई पुँजी जुटाउन कठिन भएको देखिन्छ । हाइड्रोपावरमा लगानी भएको पैसा देशभित्रै घुम्छ । न त आयातमा जान्छ, न त बाहिरिन्छ । त्यसैले यस्ता स्रोतहरू अवरुद्ध गर्नु उपयुक्त हुँदैन । आगामी २५-३० वर्ष हाइड्रोपावरलाई प्राथमिकतामा राख्न सके नेपालको आर्थिक रूपान्तरण सम्भव छ । यही क्षेत्र नै नेपाललाई समृद्धितर्फ लैजाने मुख्य माध्यम हुन सक्छ ।

नीतिगत स्थिरता र व्यवसायमैत्री वातावरण अत्यन्त आवश्यक छ । यदि स्पष्ट नीति बनाइयो र व्यवसायीलाई प्रोत्साहन गरियो भने उनीहरूले रोजगारी सिर्जना गर्छन्, उद्योग स्थापना गर्छन् र अर्थतन्त्रलाई गति दिन्छन् । अहिलेको जस्तो कठिन अवस्थामा पनि हजारौंलाई रोजगारी दिने व्यवसायीहरूले उचित वातावरण पाए अझ ठुलो योगदान दिन सक्छन् । व्यवसायीहरूलाई करदाताको रूपमा मात्रै होइन, अर्थतन्त्रका साझेदारका रूपमा हेर्नुपर्छ ।

घरजग्गा र सेयरबजारमा सहज कर्जा नीति

नेपालमा अर्थतन्त्रको ठुलो हिस्सा रियल इस्टेटसँग जोडिएको छ । तर, विभिन्न नीतिगत बन्देजका कारण यो क्षेत्र राम्रोसँग चलायमान हुन सकेको छैन । घरजग्गा खरिद गर्न कर्जाका लागि आयस्रोत देखाउनुपर्ने व्यवस्था छ । विशेषगरी ऋण लिन (इएमआई)का लागि व्यावहारिक रूपमा कठिनाइ देखिन्छ । राष्ट्र बैंकले यसमा केही सहजीकरण गऱ्यो भने रियल इस्टेट सेक्टर पनि चलायमान हुन सक्छ । जसले गर्दा लोन कर्जाको माग पनि बढ्न सक्छ ।

तेम्रो भनेको अहिले केही हदसम्म सेयरबजारमा पनि लगानी बढ्न सक्छ । तर, लगानीकर्तामा बजार कत्तिको स्थिर छ भन्ने विषयले प्राथमिकता पाउँछ । आगामी बजेटमा सरकारले बिजनेस सेक्टरलाई प्रोत्साहन गर्ने नीति-नियम ल्याएर कर्जाको माग बढाउन सहयोग गर्नुपर्छ ।

नेपालमा ऋणको हिस्सा हेर्ने हो भने धेरैजसो आयातमा गएको देखिन्छ । राष्ट्र बैंकले चालू पुँजी कर्जा केही खुकुलो बनाएको छ, जसले व्यापार गर्नेहरूलाई लिक्विडिटीमा सहजता दिन खोजेको छ । अब पछिल्लो समय मध्ये पूर्वमा देखिएको संकटले ऋणको मागमा कस्तो प्रभाव पार्छ भन्ने प्रश्न छ । यदि यो अवस्था लम्बियो भने सप्लाई चेनमै समस्या आउन सक्छ । पहिले युक्रेन युद्धको प्रभाव हामीले देखिसकेका छौं । तर, मिडल इस्टको अवस्थाले अझ ठुलो र नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ ।

सप्लाई चेन नै सिद्धिएपछि त पैसा भएर पनि आयात गर्न सकिँदैन । त्यसैले, नेपालजस्तो देश, जहाँ हामी अहिले उद्योगदेखि दैनिक जीवनसम्म पेट्रोलियम पदार्थमा पूर्ण रूपमा परनिर्भर छौं । विशेष गरी पेट्रोल, डिजेल, बिटुमिनजस्ता सामग्रीमा निर्भरता धेरै छ । कन्स्ट्रक्सन सेक्टर पनि यिनैमा टिकेको छ । यदि यस्ता सामग्रीको आपूर्ति रोकिन्छ भने आर्थिक चक्र नै अवरुद्ध हुन्छ । ठेकेदारले सामान नै नपाएपछि काम कसरी अगाडि बढाउने ? अब बैंकिङ सेक्टरमा निक्षेपकर्ता मुख्य स्टेकहोल्डर हुन् र प्राथमिकता पनि उनीहरूलाई नै दिइन्छ । तर, सेयर लगानीकर्ताहरूका लागि लामो समयदेखि डिभिडेन्ड घट्दै गएको छ । नाफा कम हुनु र प्रोभिजनिङ बढ्दै जाँदा यी सबैले दबाब सिर्जना गरेको छ । अहिले अवस्था पहिलेजस्तो भने छैन ।

> जेन-जी आन्दोलनका कारण धेरै निजी क्षेत्रको आत्मविश्वास एकदमै कमजोर भएको छ । उद्योगी-व्यवसायीको आत्मविश्वास घट्दा अगाडि बढ्ने माध्यम पनि कमजोर भएको छ । अहिले सरकारले केही सकारात्मक हौसला दिने संकेत देखाएको छ ।

घरजग्गा चलायमान बनाउन नयाँ सहर विकास गर्नुपर्छ

अहिले बैंकहरूको मुख्य चुनौती भनेको 'रिकभरी' हो । विशेषगरी तराई क्षेत्रमा कर्जा असुली गर्न जाँदा तनावपूर्ण अवस्था आउने गरेको छ । अर्कोतर्फ, रियल इस्टेट चलायमान नभएकाले धितोको रूपमा राखिएका जग्गा बिक्री हुन कठिन छ । धितोको जग्गामा ओभरप्राइसिङको समस्या पनि देखिन्छ । काठमाडौंमा नै ३५-४० लाख रुपैयाँ आनासम्म पुगेको मूल्यले बजारलाई असन्तुलित बनाएको छ । आयस्तर सोही अनुपातमा नबढ्दा लगानी गर्न गाह्रो भएको हो । त्यसैले बैंक तथा वित्तीय संस्थाको एनपिए पनि बढिरहेको छ । नेपालमा जग्गाको माग दीर्घकालीन रूपमा घट्ने सम्भावना कम देखिन्छ । देश सानो छ, भूमि सीमित छ र अधिकांशको आम्दानी भएपछि पहिलो प्राथमिकता जग्गा जोड्ने नै हुन्छ ।



विदेशी लगानी सरलतापूर्वक भित्र्याउनुपर्छ

उद्योगतर्फ नयाँ खालका परियोजना कम आएको देखिन्छ । यस्तो अवस्थामा विदेशी लगानी भित्र्याउन सकेमा सिर्जनात्मक क्रिएटिभ र नयाँ प्रकृतिका लगानी ल्याउन सकिन्छ । जसले अर्थतन्त्रलाई नयाँ गति दिन सक्छ । नेपालमा अहिले टेक्नोलोजी ट्रान्सफरका कुरा उठिरहेका छन् । तर, निजी क्षेत्र अलि क्रिएटिभ हुन छोडेको हो कि भन्ने चर्चा अर्थशास्त्रीहरूले गरेका छन् । त्यसले गर्दा पनि लोनको प्रयोग सीमित भइरहेको देखिन्छ । बैंकले लोन त दिन्छ, तर ठुलो पुँजी लिएर जोखिम उठाउने को छ भन्ने प्रश्न उठ्छ ।

म आफैंले पनि उद्योग चलाइरहेको छु । तर, हाम्रो उद्योगको सबैभन्दा ठुलो धक्का भनेको भारत र चीनसँग प्रतिस्पर्धा गर्न नसक्नु हो । छिमेकी देशका लगानीकर्ताहरूले ठुलो स्केलमा उत्पादन गर्छन्, मास प्रोडक्सन छ । हामी भने सानो स्केलमा उत्पादन गर्छौं । त्यसैले त्यहाँ नागरिकको पर्चेजिङ क्यापासिटी, डिलिङ क्यापासिटी र ठुलो बजारका कारण हामी प्रतिस्पर्धा गर्न सक्दैनौं ।

आज म आफैं एउटा उद्योगी भएको नाताले नयाँ उद्योग खोल्नुपऱ्यो भने हिच्किचाउँछु । किनभने त्यसमा पर्याप्त नाफा छैन । अर्को समस्या नीतिगत अस्थिरता हो । कहिले करको दर परिवर्तन हुन्छ, कहिले ब्याजदर । अहिले ६-७ प्रतिशतमा पाइने ब्याज २-३ वर्षमै १४-१५ प्रतिशत पुग्छ । जबसम्म ब्याजदर स्थिर हुँदैन, तबसम्म उद्योगको अपरेटिङ कस्ट नियन्त्रणमा आउँदैन । अर्को चुनौती भनेको दक्ष जनशक्तिको अभाव पनि हो । यी सबै कारणले उद्योगभन्दा हाइड्रोपावरजस्ता क्षेत्र लगानी प्राथमिकतामा पर्ने गरेको छ । विदेशी लगानीकर्ता नेपालमा नाफा कमाउन नै आउने हो । तर, हाम्रो विगत हेर्दा, लगानीमैत्री वातावरण दिन सकेका छैनौं । लगानी भित्र्याउने प्रक्रिया नै जटिल छ । कहिलेकाहीं स्वीकृति लिन दुई-तीन वर्ष लाग्ने अवस्था हुन्छ ।

बाहिरी लगानीकर्तालाई आकर्षित गर्न स्पष्ट नीति, लगानीको सुरक्षा र सहज प्रक्रिया आवश्यक हुन्छ । नत्र उनीहरूले किन लगानी गर्ने ? लगानीको मुख्य उद्देश्य नाफा नै हो । सरकारले 'बान विन्डो पोलिसी' ल्याउने भने पनि व्यवहारमा अझै झन्झट छ । कहिले लगानी बोर्ड, कहिले उद्योग विभाग यस्ता संरचनात्मक जटिलताले लगानीकर्ता निरुत्साहित भएका छन् । वास्तवमा, विदेशी लगानीभन्दा पहिले नेपाली लगानीकर्तालाई नै प्रोत्साहन गर्नुपर्छ । २०-२५ वर्षअघि साना हाइड्रो प्रोजेक्टबाट सुरु गरेका नेपालीहरू अहिले सयौं मेगावाटका आयोजना बनाउन सक्षम भएका छन् । यदि उनीहरूलाई राम्रो वातावरण दिइयो भने उनीहरू नै अझ ठुलो लगानी गर्न सक्छन् । त्यसपछि मात्र विदेशी लगानी स्वतः आकर्षित हुन्छ ।

कर्जा नीतिलाई थप खुकुलो पार्नुपर्छ

अर्थतन्त्रको प्रतिबिम्ब बैंकमा देखिन्छ । कोभिडपछि पछिल्लो पाँच वर्षमा बैंकिङ इन्डस्ट्रीले अपेक्षित प्रदर्शन गर्न सकेको छैन । पहिले १५-२५ प्रतिशतसम्म डिभिडेन्ड दिने बैंकहरू अहिले त्यस स्तरमा छैनन् । यसको मुख्य कारण कडा नीतिगत व्यवस्था र प्रोभिजनिङको दबाब हो । वर्किङ क्यापिटल गाइडलाइन कडा बनाइयो, प्रत्येक लोनमा थप प्रोभिजन गर्नुपर्ने भयो, जसले बैंकहरूको नाफा 'स्क्विज' गरिदियो । त्यसैले बैंकिङ सेक्टरमा डिभिडेन्डको हिसाबले आकर्षण कम देखिन्छ । अर्थतन्त्र सुधारिएपछि बैंकिङ सेक्टर पनि स्वतः राम्रो हुने नै हो । इन्डस्ट्रीले कमाएपछि मात्रै बैंक राम्रो हुन्छ । समग्र अर्थतन्त्रको प्रतिबिम्ब अन्ततः बैंकिङ क्षेत्रमा देखिन्छ । त्यसैले बैंक कमजोर हुनु भनेको अर्थतन्त्र पनि राम्रो अवस्थामा छैन भन्ने बुझ्नुपर्छ ।

इतिहासमा आज

अप्रिल २२



सन् २०१६ : जलवायु परिवर्तनलाई रोक्नेसम्बन्धी पेरिस सम्झौतालाई हस्ताक्षरका लागि खुला गरियो । यस ऐतिहासिक सन्धिले वायुमण्डलमा हरितगृह ग्यास उत्सर्जन नियन्त्रण कम गर्न खोजेको थियो । यो सन्धि सन् २०१६ को नोभेम्बरमा लागू भयो ।

सन् १५०० : पोर्चुगलका नाभिक पेड्रो अल्भारेज क्याब्रल ब्राजिलको तटमा ओर्लिने पहिलो युरोपेली बने ।

सन् १५२९ : 'सारागोसा सन्धि' गरेर पोर्चुगल र स्पेनले पूर्वी गोलार्द्धलाई आफूबिच बाँडे ।

सन् १७९३ : अमेरिकी राष्ट्रपति जर्ज वासिङटनले युरोपमा हुने युद्धमा अमेरिका तटस्थ बस्ने आदेश जारी गरे ।

सन् १८७० : सोभियत संघका संस्थापक नेता भ्लादिमिर इलिच लेनिन यही दिन जन्मिएका थिए ।

सन् १९१५ : पहिलो विश्वयुद्धको एउटा संघर्ष 'दोस्रो एप्रस युद्ध'मा जर्मनीले पहिलोपटक ठुलो स्तरमा विषालु ग्यास प्रयोग गऱ्यो ।

सन् १९४५ : बर्लिनतर्फ अघि बढेको सोभियत फौजलाई रोक्न जर्मन असफल भएको खबर सुनेपछि एडोल्फ हिटलरले सबै अन्त्य भएको भन्दै अब हार निश्चित भएको स्विकारे ।

सन् १९९५ : अफ्रिकामा चलिरहेको हुतु नरसंहारका क्रममा रुवान्डाली सेनाले गतवारा रंगशालामा लुकिरहेका झन्डै दश हजार हुतुहरूलाई एउटै ठाउँमा माऱ्यो ।

सन् २०२५ : भारतको कस्मिरको पहलगाम क्षेत्रमा मुस्लिम अतिवादी समूहले २६ जना हिन्दु तीर्थालुको हत्या गरे ।

इरान युद्धको वास्तविक आर्थिक पीडा महसुस हुनै बाँकी छ

डोनाल्ड ट्रम्प आफूलाई 'सम्झौता कला'का उस्ताद भएको दाबी गर्छन् । उनले यस विषयमा कुनै वेला (सन् १९८७ मा प्रकाशित) पुस्तक (आर्ट अफ डिल)समेत लेखेका छन् । तर पनि लामो र धैर्य गरेर गरिने वार्ता उनको शैली होइन । यो कुरा इरानसँग युद्धविराम गरेको एक साताभित्रै इरानमाथि नाकाबन्दीको घोषणा गरेर उनले पुनः प्रमाणित गरेका छन् । पछिल्लो यस रणनीतिले अमेरिकालाई घाटा हुने सम्भावना देखिन्छ ।



● गिडियन च्याचम्यान

(च्याचम्यान एलएसई आइडियाज नामक थिंकट्यांकका फेलो हुन् ।)

इजरायल-अमेरिका आक्रमणपछि इरानले स्ट्रेट अफ हर्मुज प्रभावकारी रूपमा बन्द गरेपछि विश्वभर तेलको मूल्य बढाएकै थियो । त्यसमाथि अमेरिकाले समेत सोही जलमार्गमा नाकाबन्दी लगाउँदा तेल र ग्यासको मूल्य थप बढाउन सघायो । यस्तो कदमले इरानलाई क्रुद्ध बनाएर खाडीमा ऊर्जा पूर्वाधारमा प्रहार गर्ने सर्धै उच्च जोखिम रहन्छ, जसले जारी युद्धविराममा नकारात्मक असर पर्न सक्छ ।

इरानीलाई अहिले जारी तनावमा समय उनीहरूको पक्षमा रहेको बलियो विश्वास हुन्छ । र, यसमा तिनीहरू सम्भवतः सही छन् । स्ट्रेट अफ हर्मुज जति लामो समयसम्म बन्द हुन्छ, अमेरिका र यसका सहयोगीहरूमाथि आर्थिक र राजनीतिक दबाब त्यति नै बढ्नेछ । फलस्वरूप, युद्ध अन्त्य हुने शान्तिवार्तामा इरानको हात बलियो हुने सम्भावना छ ।

हर्मुज बन्द हुँदा विश्वको ऊर्जा आपूर्तिको झन्डै २० प्रतिशत हिस्सा बजारमा पुग्न सकिरहेको छैन । यस अवरोधलाई ईगित गर्दै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका प्रमुख फातिह बिरोलले 'इतिहासको सबैभन्दा ठुलो वैश्विक ऊर्जा सुरक्षा' भन्दै आजको उर्जा संकट सन् १९७० को दशकमा देखिएको तेल धक्का (ओयल सक)भन्दा चर्को हुन सक्ने चेतावनी दिएका छन् । त्यतिखेर इजरायललाई समर्थन गरेको भन्दै अरबी देशले अमेरिकालगायत पश्चिमी देशलाई इन्धन आपूर्ति बन्द गर्दा वर्षौं लामो मुद्रास्फीति र मन्दी सिर्जना भएको थियो ।

यसपटक युद्धको आर्थिक प्रभाव खासमा अझै पूर्ण रूपमा महसुस भएन । यसको कारण थियो, अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि आक्रमण गनुअघि नै खाडी देशहरूले ठुलो परिमाणमा तेल र ग्यास हर्मुजबाट बाहिर निकालिसकेका थिए । बल्ल अब स्ट्रेट अफ हर्मुज बन्दको वास्तविक प्रभाव साँच्चै सुरु हुने विश्लेषकहरूले औंल्याएका छन् ।

पेट्रोलको मूल्यवृद्धि सुरुवात मात्र हो । हवाई इन्धनको अभाव हुन थालेपछि हवाई यात्रामा असर देखिन थाल्नेछ । यसले ठिक गर्मी मौसमअघि पर्यटनको आगमन बढ्ने समयमा त्यस क्षेत्रलाई प्रभावित बनाउनेछ । विश्वमा हेलियमको उल्लेख्य उत्पादन कतारमा हुन्छ । हर्मुजको अवरोधले त्यसको पनि आपूर्ति प्रभावित भएकाले यसको प्रयोग गरिने सेमिकन्डक्टर उद्योग नै रोकिन सक्छ । मलको अभावले खाद्य उत्पादनमा क्षति पुग्नेछ जसले गर्दा थप मुद्रास्फीति बढाउनमा सहयोग गर्नेछ । एसियाली विकास बैंकले हालै गरेको एक अध्ययनले इरान युद्धपछि देखिएको ऊर्जा संकटले यो वर्ष विकासशील एसियाली देशको वृद्धि दर १ प्रतिशतभन्दा बढीले घट्न सक्ने देखाएको छ ।

ट्रम्पले हर्मुजमाथि गरिने अमेरिकी नाकाबन्दीका कारण इरानमाथि आर्थिक दबाब पर्ने र त्यहीकारण इस्लामिक गणतन्त्र पछि हट्न बाध्य हुने अनुमान गरेका छन् । तर, साधनसम्पन्न इरानी आफ्नो जीवनरक्षाको लडाइँमा भएकाले उसले कठिनाइ सहेर पनि विपक्षीमाथि क्षति पुऱ्याउन खोज्नेछ । त्यसमाथि बढेको इन्धन मूल्यका कारण इरानको आय हालै बढेको छ । उसले पाइपलाइनबाट गर्ने ग्यास निर्यातमार्फत केही राजस्व पाइनैरहेको छ ।

यदि ट्रम्पले चाहेजस्तो हर्मुजको नाकाबन्दीबाट इरान झुकेन भने अमेरिकाले कठिन विकल्पको सामना गर्नुपर्नेछ । राष्ट्रपति ट्रम्पले इरानी पूर्वाधार विनाश गर्नेसम्मको चेतावनी दिइसकेका छन् । त्यसबाहेक उनले हर्मुजको इरानी नाकाबन्दी खोल्न सैन्य कारबाही गर्ने पनि चेतावनी दिए । तर, सैन्य कारबाहीमार्फत सो जलमार्ग खोल्ने विकल्प व्यावहारिक हुन्थ्यो भने यो विकल्प तिनले पहिले नै कार्यान्वयन गर्ने थिए ।

अमेरिकाले हर्मुज क्षेत्रमा केही युद्धपोत पठाउन सफल भयो भने पनि त्यसले व्यावसायिक ढुवानीको सुरक्षाको ग्यारेन्टी गर्दैन । इरानले प्रत्येक तेल ट्यांकरमाथि आक्रमण गरिरहनु आवश्यक नै छैन । केही ड्रोन वा स्पिडबोटबाट छिटपुट आक्रमणले नै तेल ट्यांकरको आवागमनमाथि गरिने बिमाको मूल्य आकासिनेछ । त्यसमाथि सञ्चालक कम्पनी वाहन चलाउनुभन्दा नचलाउनु उपयुक्त भएको निष्कर्षमा पुग्नेछन् ।



> युद्धको आर्थिक प्रभाव खासमा अझै पूर्ण रूपमा महसुस भएकै छैन । अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि आक्रमण गर्नुअघि नै खाडी देशहरूले ठुलो परिमाणमा तेल र ग्यास हर्मुजबाट बाहिर निकालिसकेका थिए । स्ट्रेट अफ हर्मुज बन्दको वास्तविक प्रभाव अब देखिने विश्लेषकहरूले औंल्याएका छन् ।

यदि अमेरिकाले ट्रम्पको इरानका ऊर्जा संयन्त्र वा समुद्री पानीलाई पिउनयोग्य बनाउने ' डिसेलिनेसन' संयन्त्रमाथि आक्रमण गर्ने धम्कीलाई निरन्तरता दिँदै त्यस दिशामा अगाडि बढ्ने निर्णय गरे भने इरानले पनि खाडी देश उस्तै संयन्त्रलाई निसाना बनाउन सक्छन् । खासमा डिसेलिनेसन संयन्त्रको ताजा पानीमाथि इरानभन्दा पनि बढी युएई र साउदी अरब निर्भर छन् । ती संयन्त्रविना ती देशमा जीवन नै असम्भव हुनेछ ।

साउदी अरबसँग लालसागर पार गर्ने र हर्मुज जानै नपर्ने पाइपलाइन थिए । तर, निर्यातको यस वैकल्पिक मार्गलाई पहिले नै निसाना बनाइएको छ । भविष्यमा थप प्रहार हुन सक्छ । अझ फारस खाडीको तटमा रहेका साउदी अरबका तेल पम्पिङ स्टेसनसमेत निसानामा पर्न सक्छन् । यमनमा रहेका इरान समर्थित हुथीहरूले स्ट्रेट अफ बब-अल-मन्देबलाई निसाना बनायो भने लालसागर हुँदै हुने ऊर्जा निर्यात पनि रोकिनेछ । यस युद्धको घातक राजनीतिक र रणनीतिक प्रभाव मध्यपूर्वभन्दा बाहिर पनि फैलिएको छ । आयरल्यान्डमा इन्धन मूल्यको विरोधले केही अघि देशका कैयौं ठाउँमा ठप्प पार्ने गरी विरोध उठ्यो । सरकारले राजमार्ग र बन्दरगाहहरू पुनः खोल्न सेना नै बोलाउनुपऱ्यो । चुलिँदो असन्तुष्टि साम्य पार्न आइरिस सरकार ५०.५ करोड युरोको इन्धन अनुदान घोषणा गर्न बाध्य भयो ।

आयरल्यान्ड यसप्रकारको अशान्ति अनुभव गर्ने पहिलो देश भए पनि अन्तिम हुनेछैन । एसिया र युरोपका कैयौं न्यून स्रोत भएका सरकारहरूसँग यसरी प्रदर्शन उठ्यो भने अघि सार्न सक्ने कुनै वित्तीय शक्तिसमेत छैन । इन्धन मूल्य बढ्दा प्रायः आन्दोलन उठ्ने गरेको फ्रान्स भारी ऋणमा छ । त्यसैले सरकारले जुनसुकै वेला उठ्न सक्ने विरोधको सामना गर्ने तयारी गरिरहेको छ । त्यसमाथि त्यहाँ अर्को वर्ष राष्ट्रपति चुनाव हुँदै छ । अहिलेको संकटले राजनीतिक प्रभाव पर्नेछ ।

अमेरिकी नाकाबन्दीको घोषणा हुनुभन्दा अगाडि नै तेल उद्योगहरूले चुपचाप इरानलाई हर्मुज पार गर्न दिएबापत टोल रकम तिर्न सहमति जनाएको देखिएको थियो । इरानले प्रतिब्यारेल तेलको १ डलर शुल्क उठाइरहेको थियो । तर, ट्रम्प प्रशासनले इरानको यस 'टोलिङ प्रणाली' अस्वीकार्य हुने कुरामा जोड दियो । सैद्धान्तिक रूपमा विश्वभर समुद्रमा जहाजहरूले स्वतन्त्रता बहाव गर्न पाउनुपर्छ भन्ने अडानमा सही छ । तर, मध्यपूर्वको शक्तिसन्तुलनमा यसको प्रभाव गम्भीर हुनेछ ।

उपयुक्त अवस्थितिको फाइदा उठाएर इरान एक्लैले अहिले विश्वको तेल र ग्यास आपूर्तिमाथि नियन्त्रण कायम राखेको छ । यस शक्तिमार्फत इरानले तेल उत्पादक देशहरूको कार्टेल ओपेकको भन्दा ठुलो लाभ हासिल गरेको छ । यस लाभलाई तेहरानले मध्यपूर्वभरि छरिएका आफ्ना छद्म समूहको सञ्जाल र आणविक कार्यक्रम पुनर्निर्माण गर्न प्रयोग गर्न सक्छ । फेब्रुअरी २८ मा इरान र अमेरिकाले सुरु गरेको युद्धको अन्त्य गर्न (र, त्यससँगै युद्धले निम्त्याउने ऊर्जा संकट अन्त्य गर्न) रणनीतिक दृष्टिकोण, धैर्य, लेनदेन र गठबन्धन निर्माण गर्ने क्षमता आवश्यक पर्नेछ । तर, दुर्भाग्यको कुरा ट्रम्पमा यी सबै गुणको अभाव छ ।

फाइनान्सियल टाइम्सबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ९ वैशाख ०८३

हिमालयन रिका चार सञ्चालकले राजीनामा दिएपछि रित्तियो निर्वाचित समिति

प्राधिकरणले सोधेको स्पष्टीकरणमा व्यवस्थापक र राजीनामा गरेका सञ्चालकले बुझाए जवाफ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल बिमा प्राधिकरणको नियामकीय कारबाहीमा पर्ने भएपछि हिमालयन रि-इन्स्योरेन्सका चार सञ्चालकले राजीनामा गरेका छन्। राजीनामा दिनेमा अमित मोर, राजीव मोर, शुभेच्छा खरेल र सुवास भुनभुनवाला छन्। उनीहरूले राजीनामा गरेको व्यहोरा उल्लेख गरेर प्राधिकरणमा स्पष्टीकरणसमेत बुझाइसकेका छन्।

पब्लिक कम्पनी हिमालयन रि-इन्स्योरेन्सको रकम दुरुपयोग गरेको र विवादास्पद व्यवसायी दीपक भट्टको अनियमितताका सहयोग गरेको भन्दै प्राधिकरणले निलम्बन गर्ने चेतावनीसहित अघिल्लो मंगलबार सञ्चालक समिति र व्यवस्थापनलाई स्पष्टीकरण सोधेको थियो। प्राधिकरणको पत्रपछि चार सञ्चालकले राजीनामा गरेका हुन्। कम्पनीको ४ वैशाखमा सम्पन्न सञ्चालक समितिको बैठकले उनीहरूको राजीनामा स्वीकृति गरेको जानकारी मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से)लाई गराएको छ।

दुई विवादले रित्तियो निर्वाचित सञ्चालक समिति

पछिल्ला दुई विवादले हिमालयन रिको निर्वाचित सञ्चालक समिति नै रित्तिएको छ। कम्पनीका सबै सञ्चालकले राजीनामा दिएका छन्। त्यसपछि आगामी साधारणसभासम्मका लागि नयाँ सञ्चालक नियुक्त गरिएको छ।

हिल्टन होटेलको पुनर्बिमा दाबी प्रकरणसमेत अनुसन्धानमा पर्ने देखिएपछि कम्पनीका अध्यक्ष शेखर गोल्छाले ८ चैतमा राजीनामा दिएका थिए। त्यस्तै, कम्पनीको रकम दुरुपयोग गरेको विषयमा कारबाहीमा पर्ने देखिएपछि बाँकी ६ जना सञ्चालकले पनि दुई चरणमा राजीनामा दिएका छन्। संस्थापक सेयरधनी साहिल अग्रवाल र रोहित गुप्ताले चैत चौथो साता नै राजीनामा दिएका थिए। त्यसपछि प्राधिकरणले उनीहरूसहित सञ्चालक समितिमा रहेका पुराना चार सदस्यलाई पनि निलम्बन गर्ने चेतावनीसहित स्पष्टीकरण सोध्यो। प्राधिकरणले स्पष्टीकरण सोधेपछि उनीहरूले पनि राजीनामा गरेका हुन्।

अहिले कम्पनीको सञ्चालकमा पूर्णतः नयाँ सदस्य छन्। त्यसमा अध्यक्षमा उदयकुमार निरौला र सदस्यहरूमा दीपेन्द्रकुमार मिश्र र पृथ्वीराज थापालाई २५ चैतमा नियुक्त गरिएको थियो। त्यसपछि पुराना चार सञ्चालकको राजीनामा आएपछि थप दुईजना सञ्चालक दीपककुमार मिश्र र आशिषचन्द्र न्यौपानेलाई नियुक्ति गरिएको छ। न्यौपाने स्वतन्त्र सञ्चालक हुन्। उनीहरूको अवधि आगामी साधारणसभासम्मका लागि मात्रै रहेको कम्पनीको भनाइ छ। आगामी साधारणसभाको मिति भने तय भइसकेको छैन।

राजीनामा गरेका सञ्चालक र व्यवस्थापकले बुझाए स्पष्टीकरण

कम्पनीबाट राजीनामा गरेका सञ्चालक र व्यवस्थापकले प्राधिकरणमा स्पष्टीकरण पनि बुझाइसकेका छन्। उनीहरूले स्पष्टीकरण बुझाउने म्याद मंगलबारसम्म रहेकाले सबैले पेस गरेको प्राधिकरणका एक उच्च अधिकारीले जानकारी दिए। प्राधिरकणकी प्रवक्ता पूजन ढुंगेल अधिकारीले पनि स्पष्टीकरण आउने क्रम जारी रहेको बताइन्। 'हिमालयन रिका सञ्चालक र व्यवस्थापकको स्पष्टीकरण आउने क्रम जारी छ,' उनले भनिन्, 'यसबारे विस्तृत जानकारी मलाई पनि आइसकेको छैन।'

स्रोतका अनुसार अब बस्ने सञ्चालक समितिको बैठकमा उक्त स्पष्टीकरण पेस गरिने स्रोतको भनाइ छ। स्पष्टीकरणको अध्ययन गरेपछि बोर्डले यसमा उपयुक्त निर्णय लिने स्रोतले बतायो।

प्राधिकरणले व्यवस्थापनतर्फ प्रमुख कार्यकारी अधिकृत (सिइओ) उपास्ना पौडेल, नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) मुकेशकुमार कपुर तथा कार्यकारी निर्देशकहरू मनीष कुमार, शिशिर गैरे र सन्तोष केसीलाई स्पष्टीकरण सोधेको थियो।

यसैगरी, सञ्चालक समिति सदस्यहरू अमित मोर, राजीव मोर, शुभेच्छा खरेल र सुवास भुनभुनवालालाई पनि स्पष्टीकरण सोधिएको थियो। उनीहरूले राजीनामा दिएर स्पष्टीकरण दिएका छन्। यसअघि नै सञ्चालक समितिबाट बाहिरिएका साहिल अग्रवाल र रोहित गुप्तालाई पनि स्पष्टीकरण सोधिएको थियो। उनीहरूले पनि जवाफ पेस गरेका छन्।

मुख्यतः विवादास्पद व्यवसायी दीपक भट्टलाई सहयोग गरेको आरोपमा उनीहरूलाई स्पष्टीकरण सोधिएको हो। हिमालयन रिमा भट्टको इन्फिनिटी होल्डिङ्सको ४.५० प्रतिशत सेयर हिस्सा अर्थात् ४६ लाख ८० हजार कित्ता सेयर छ। गत २८ फागुनमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले भट्टले हिमालयन रि-इन्स्योरेन्सलगायतका बिमा कम्पनीको रकम अनियमितता वा आर्थिक दुरुपयोग गरे-नगरेको सम्बन्धमा छानबिन गरी राय-प्रतिक्रियासहितको प्रतिवेदन सात दिनभित्र पेस गर्न प्राधिकरणलाई अनुरोध गरेको थियो। भट्टले बिमा क्षेत्रको तीन अर्ब ८१ करोड ४६ लाख चार हजार रुपैयाँबराबरको रकम दुरुपयोग गरेको विभागको आशंका छ। भट्टले दोस्रो बजारबाट नेपाल रि-इन्स्योरेन्सलगायतका कम्पनीको सेयर किन्न विभिन्न मितिमा हिमालयन रिबाट दुई अर्ब ७३ करोड ३३ लाख १५ हजार, हिमालयन रिके सहायक कम्पनी हिमालयन सेक्युरिटिजबाट २२ करोड १९ लाख ७१ हजार, नेपाल लाइफको सहायक कम्पनीबाट ३७ करोड, एचएलआई लार्ज क्याप फन्डबाट २५ करोड १४ लाख ८४ हजार र नेपाल माइक्रो इन्स्योरेन्सबाट १६ करोड १७ लाख ५२ हजार गरेर कुल तीन अर्ब ८१ करोड ४६ लाख चार हजार रुपैयाँ दुरुपयोग गरेको विभागको आशंका छ। उक्त रकम प्रयोग गरेर भृकुटी स्टक ब्रोकिङ कम्पनी (ब्रोकर नम्बर ५५) बाट सेयर खरिद गरी भुक्तानी गरेको देखिएको छ। त्यस सम्बन्धमा छानबिन गरेर राय प्रतिक्रियासहितको प्रतिवेदन विभागमा पठाउन भनी प्राधिकरणलाई पत्र पठाइएको थियो।

प्राधिकरणले यसबारे छानबिन गरेर कारबाहीको सिफारिससहित प्रतिवेदन विभागलाई बुझाएको थियो। प्राधिकरणको छानबिनमा भट्टले अनियमितता गरेको देखिएको थियो। सोहीअनुसार कारबाहीका लागि सिफारिस गरिएको हो। त्यसमा सहयोग गर्ने कर्मचारी र सञ्चालकलाई भने नियामकीय कारबाही गर्न लागिएको हो।

छानबिनका क्रममा हिमालयन रि-इन्स्योरेन्स कम्पनीले आफ्नो लगानीको विभिन्न सेयर बिक्री गरेको देखिन्छ। तर, सेयर बिक्रीबापत कम्पनीले पाउनुपर्ने भुक्तानी ब्रोकरबाट प्राप्ति भएको देखिन्न। त्यो भुक्तानी प्राप्तिका लागि कम्पनीबाट पनि ताकेता भएको देखिएन। कम्पनीले पाउनुपर्ने त्यो रकम भट्टले प्रयोग गरेको देखिएको छ।

हिमालयन रि हिल्टन होटेलको पुनर्बिमा दाबीको घोटालामा पनि विवादमा छ। हिल्टनको बिमा गरेको दी ओरियन्टल इन्स्योरेन्सले प्राधिकरणको निर्देशनविपरीत हुलदंगा तथा आतंकवाद जोखिमको पुनर्बिमा हिमालयन रिमा गरेको थियो। तर, जेन-जी आन्दोलनमा ध्वस्त भएको हिल्टनको दाबी परेपछि त्यसको पुनर्बिमा दाबी भने सरकारी स्वामित्वको नेपाल रिमा गरेको थियो। यस सम्बन्धमा प्राधिकरणले हिमालयन रिलगायतका कम्पनीलाई कारबाही गरिसकेको छ। यही विवादबिच कम्पनीका अध्यक्ष शेखर गोल्छाले पनि राजीनामा दिएका थिए। त्यसलगत्तै कम्पनी अर्को विवादमा परेको छ।

हिमालयन रि
HIMALAYAN RE

यी हुन् राजीनामा दिएका सञ्चालकहरू

- **शेखर गोल्छा** (अध्यक्ष) (८ चैत)
- **साहिल अग्रवाल** (२५ चैत)
- **रोहित गुप्ता** (२५ चैत)
- **अमित मोर** (४ वैशाख)
- **राजीव मोर** (४ वैशाख)
- **शुभेच्छा खरेल** (४ वैशाख)
- **सुवास भुनभुनवाला** (४ वैशाख)

केराको अस्वाभाविक मूल्य नियन्त्रण गर्न उत्पादक किसानको माग



नयाँ पत्रिका

बजारमा प्रतिदर्जन तीन सय रुपैयाँभन्दा बढी पुगेको केराको उपभोक्ता मूल्य नियन्त्रण हुनुपर्ने केरा उत्पादक किसानले बताएका छन्। मंगलबार दिउँसो पत्रकार सम्मेलन गर्दै केरा उत्पादक महासंघ, तदर्थ समितिका अध्यक्ष विष्णुहरि पन्तले बारीमा अधिकतम ८५ रुपैयाँ दर्जनले बिक्री भइरहेको केराको बजार मूल्य अस्वाभाविक भएको बताए।

'किसानको बारीबाट बिलियम र जी-नाइज जातको केरा ५० देखि ६० रुपैयाँ र मालभोग केरा ७० देखि ८५ रुपैयाँ प्रतिदर्जनले बिक्री गरिरहेका छौं,' उनले भने, 'तर, बजारमा तीन सय रुपैयाँभन्दा माथि पुगेको सुनेका छौं। त्यसैले यस्तो अस्वाभाविक मूल्य नियन्त्रण गर्न सरकारी निकायले सक्रियता बढाउनुपर्छ।' टिआर-४ नामक रोग नियन्त्रणका लागि सरकारले भारतबाट आयात प्रतिबन्ध लगाएपछि अहिले बजारमा स्वदेशी केरा मात्रै उपलब्ध छ, तर बजार मागअनुसार स्वदेशी उत्पादन कम भएकाले मूल्य अकासिएको व्यवसायीको टिप्पणी छ। हाल मासिक ८० हजार टन केराको माग रहेको, तर स्वदेशी उत्पादन ६० हजार टन मात्रै भएकाले मागअनुसार आपूर्ति हुन नसकेको अध्यक्ष पन्तले स्वीकार गरे। भारतबाट आयात प्रतिबन्ध भएपछि स्वदेशमा केरा खेती विस्तार भएको र साउनदेखि बजारमा मागभन्दा बढी केरा आपूर्ति हुने सुनिश्चित भइसकेको उनले बताए। उनले आगामी दुई वर्षभित्र बाह्रै महिना स्वदेशी केराले माग धान्न सक्ने गरी खेती विस्तार भएको जानकारी दिए। हाल देशभर १५ हजार पाँच सय हेक्टरमा केरा खेती भइरहेको र सात हजार हेक्टरमा विस्तार गरेको खण्डमा आत्मनिर्भर हुन सक्ने उनले बताए।

GREEN HOME LOAN FOR SUSTAINABLE LIVING!
INTEREST RATE STARTING FROM 6.07% p.a. *T & C apply
Global IME Bank ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT Call Us: +977-1-5970600 globalconnect@gibl.com.np

अघि बढ्यो धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति प्रक्रिया

काठमाडौं/ सरकारले नेपाल धितोपत्र बोर्ड (सेबोन)को अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढाएको छ। मन्त्रिपरिषद्को मंगलबारको बैठकले बोर्ड अध्यक्ष नियुक्तिका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टको संयोजकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गरेको छ। समितिमा अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्याय र नेपाल बैंकर्स एसोसिएसनका पूर्वअध्यक्ष भुवनकुमार दाहाल सदस्य रहेका छन्।

तत्कालीन अध्यक्ष सन्तोषनारायण श्रेष्ठले गत शुक्रबार पदबाट राजीनामा दिएका थिए। भ्रष्टाचार र अनियमितताको आरोप लागेका श्रेष्ठले सरकारले हटाउन सक्ने संकेत पाएपछि राजीनामा दिएका थिए। उनले राजीनामा दिएपछि रिक्त पदपूर्तिका लागि सरकारले प्रक्रिया अघि बढाएको हो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले तीन सदस्यीय सिफारिस समिति गठन गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले सञ्चारकर्मीलाई जानकारी दिए। मन्त्रिपरिषद्को बैठकले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अध्यक्ष पदमा डिल्लीराज आचार्य तथ सदस्यमा नवराज सिम्खडा र रोशनबहादुर शाक्यलाई नियुक्ति गर्ने निर्णय गरेको सञ्चारमन्त्री डा. तिमिल्सिनाले जानकारी दिए।

'योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठान खारेज होइन, सुदृढीकरण'



काठमाडौं/ प्रधानमन्त्री बालेन्द्र शाहले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानलाई खारेज गर्नुको साटो सुदृढीकरण गरिने बताएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोगका पदाधिकारी तथा कर्मचारीसँग भएको छलफलमा प्रधानमन्त्री शाहले योजना निर्माण र नीतिगत अनुसन्धान व्यवस्थित भएमा मात्र सरकारलाई सेवा प्रवाहमा सहजता मिल्ने बताएका हुन्। 'यी निकायहरूलाई सुधार गर्न सके सरकार सञ्चालनमा ठुलो सहयोग पुग्नेछ,' उनले भने, 'कुनै पनि कार्यसम्पादन गर्दा ठोस योजना र सजग कार्यान्वयन आवश्यक हुन्छ। विकासमा विषयविज्ञको भूमिका अतुलनीय हुन्छ, यो तथ्यलाई आत्मसात् गरेर अघि बढ्नुस्।'

मन्त्रालयहरूबिच समन्वय नभएको तर्क स्वीकार्य नहुने स्पष्ट पार्दै उनले एउटै सरकारमातहत त्यस्तो समस्या हुन नहुने बताए। बजेट र कानुनी जटिलतालाई काम नगर्ने बहानाका रूपमा प्रयोग नगर्नसमेत उनले मातहतका निकायलाई सचेत गराए। 'प्रभावकारी अध्ययन र अनुसन्धानबाट मात्रै परिणाम सम्भव छ। पुराना नीति र ऐनकै भरमा ५० वर्षसम्म काम त चलाउन सकिएला, तर सुधार नगरेसम्म देश समृद्ध हुन सक्दैन,' उनले भने। सो अवसरमा अर्थमन्त्री स्वर्णिम वाग्लेले वर्तमान समयलाई सुधारको स्वर्णिम अवसरका रूपमा लिनुपर्ने र उच्च राजनीतिक प्रतिबद्धताअनुसार काम अघि बढ्ने बताए।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८३/०१/०९)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०१/२३ — **तपसिल** — **बोलपत्र खोलिने मिति** २०८३/०१/२४ दिउँसो ३ बजे

क्र. सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/ व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : आर.पी. ट्रेड प्रा.लि. (चालपुँजी कर्जा)**, दर्ता नं. ८८४६१/०६८/०६९ ठेगाना : का.म.न.पा. २२, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : ठमेल** **शेयरधनी/व्यक्तिगत जमानीकर्ता :** **रुपेश कुमार पाण्डेय-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ९१५५१६८१, मिति २०५१/०५/०८ मा जि.प्र.का. पर्साबाट जारी भएको), बाबु : बृज मोहन पाण्डेय, बाजे : रघुनाथ पाण्डेय	१. सुमीता ढकालको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, कल्यानपुर गा.वि.स./न.पा. वडा नं. ७ (ख) स्थित कि.नं. ४२१ (०-०-१३ विगाहा) र कि.नं. ४३० (०-०-७ विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. सुमीता ढकालको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, बिरगञ्ज गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. १४० (०,०१४८.७ व.मि.) र कि.नं. १४१ (०,०१६९.३ व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३. ऋणीले बैंकको नाममा हाइपोथिकेशन पारित गरिदिएको ऋणीको मालसामान, स्टक मौज्दात (सारी, सुरुवाल, कुर्ता) तथा अन्य रेडिमेड कपडाका विविध सामानहरु। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय पर्सा, चितवन/बिरगञ्ज पर्सा/सम्बन्धित मालपोत नजिकको शाखा
२.	**ऋणी : हेम बहादुर थापा (धितो कर्जा),** (ना.प्र.नं. ६७८/६०२६७, मिति २०४९/१०/१५ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको), ठेगाना : कुन्चोक ५, सिन्धुपाल्चोक बाबु : टंक बहादुर थापा, बाजे : जय बहादुर थापा, **ऋण प्रवाह गर्ने शाखा : इन्द्रावती** **व्यक्तिगत जमानीकर्ताहरु :** **१. विनु थापा-जमानीकर्ता** (ना.प्र.नं. १४०२८४, मिति २०६१/१०/१८ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको), पति : हेम बहादुर थापा, ससुरा : टंक बहादुर थापा **२. सुस्मा थापा-जमानीकर्ता** (ना.प्र.नं. २४-०१-७५-०२१४८, मिति २०७५/०३/१८ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको), बाबु : हेम बहादुर थापा, बाजे : टंक बहादुर थापा	हेम बहादुर थापाको नाममा सिन्धुपाल्चोक जिल्ला मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, कुन्चोक गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ६९९ (०-६-०-२ रोपनी), कि.नं. ५०९ (०-८-०-० रोपनी) र कि.नं. ५१३ (१-८-२-१ रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय चौतारा, सिन्धुपाल्चोक/सम्बन्धित मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु. १०००/- तिरी लिन सकिनेछ।

ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि निःशर्त लागु हुनेछ।

पूर्व-पश्चिम राजमार्ग विस्तारमा इन्धनको मूल्यवृद्धि र बिटुमिन अभावको असर

झापामा चिरञ्जीवी घिमिरे

अमेरिका-इरान युद्धका कारण बजारमा इन्धनको मूल्यवृद्धि र बिटुमिन अभावको प्रभाव पूर्व-पश्चिम राजमार्गअन्तर्गत काँकडभिट्टा-लौकही सडक विस्तारमा पनि देखिएको छ। एसियन राजमार्गसँग जोड्न चार लेनमा विस्तार गर्ने योजनाअन्तर्गत झापाको काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्मको खण्डमध्ये ठेक्का लागेर विस्तारको काम भइरहेको ९५ किलोमिटर सडकमा असर देखिएको हो। काँकडभिट्टा-लौकही सडक खण्डअन्तर्गत झापा काँकडभिट्टादेखि सुनसरीको लबिपुरसम्म ठेक्का लागेर काम भइरहेको छ।



विस्तारका लागि सडक भत्काइँदै, धुलाम्मे बनेको पूर्व-पश्चिम राजमार्गअन्तर्गत झापाको शिवसताक्षीको सडक। तस्बिर : **नयाँ पत्रिका**

एसियाली विकास बैंकको तीन सय मिलियन डलर ऋण सहायता र नेपालको लगानीमा चार लेनमा विस्तार हुँदै गरेको काँकडभिट्टा-लौकही सडकलाई दुई खण्डमा विभाजन गरिएको छ। पूर्वी र पश्चिम खण्डमा विभाजन गरी दुई कार्यालयले यसको काम गराइरहेका छन्। यसलाई पनि विभिन्न खण्ड बनाएर ठेक्का लगाइएको छ। काँकडभिट्टादेखि लौकहीसम्मको एक सय २० किलोमिटर सडक ठेक्कामा लगाउने योजना भए पनि सुनसरीको लबिपुरसम्मको ९५ किलोमिटर मात्रै ठेक्का लागेको हो।

९५ किलोमिटर सडक विस्तार र यसमा पर्ने पुल निर्माणका लागि २ कात्तिक ०८० मा ठेक्का सम्झौता भएको थियो। सम्झौताअनुसार सम्पन्न गर्नुपर्ने म्याद भने १९ माघ ०८३ छ। ठेक्का २ कात्तिक ०८० मा लागेको भए पनि सम्झौता मितिले काम माघदेखि सुरु भएको हो। पूर्वी खण्ड अर्थात् झापा काँकडभिट्टादेखि झापाकै कमल गाउँपालिकास्थित केर्खासम्मको ४५ किलोमिटर सडक पर्छ। ४५ किलोमिटर सडक निर्माणको ठेक्का भने १० अर्ब ६ करोडमा एभरसकोन-कालिका जेभीले ठेक्का लिएको हो। यो सडक निर्माणको काम ठेक्का लागेको अढाई वर्षमा बल्ल ४० प्रतिशत भएको छ। यस्तै, यो खण्डमा कन्काई, निन्दा र बिरिङ नदीको पुलको काम २१ प्रतिशत मात्र सम्पन्न भएको उनले बताए। यी तीन पुल निर्माणका लागि कोभेक-सिआरइजिसी-टुन्डी जेभीले पाँच अर्ब ९७ करोडमा ठेक्का लिएको छ। पुल निर्माणको काम २६ प्रतिशत मात्र भएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड)का प्रमुख सुनीलबाबु पन्तले जानकारी दिए।

यस्तै, पश्चिम खण्डमा केर्खादेखि पश्चिम सुनसरीको लबिपुरसम्म पर्छ। केर्खादेखि पश्चिम मोरङको गोठगाउँसम्मको ४० किलोमिटर सडक सिआरएफजी-टुन्डी जेभीले नौ अर्ब १३ करोडमा ठेक्का लिएको छ। गोठगाउँदेखि लबिपुरसम्मको १० दशमलव ७६ किलोमिटर कोभेक-सिआरइजिसी-टुन्डी जेभीले चार अर्ब सात करोडमा निर्माणका लागि ठेक्का लिएको छ। पश्चिम खण्डमा पर्ने रतुवा, बक्राह र लोहेन्द्र नदीमा पुल निर्माण भइरहेको छ। यो पुल निर्माणका लागि कोभेक-सिआरइजिसी-टुन्डी जेभीले पाँच अर्ब ६५ करोडमा ठेक्का लिएको छ। यो खण्डमा सडक निर्माणको काम ३६ प्रतिशत र पुल निर्माणको काम ३२ प्रतिशत मात्रै भएको काँकडभिट्टा-लौकही सडक योजना (पश्चिम खण्ड)का प्रमुख जगत प्रजापतिले जानकारी दिए।

पूर्वी खण्डमा अझै १५ दिनलाई पुग्ने बिटुमिन भण्डार भएको भए पनि इन्धनको मूल्यवृद्धि र इन्धन अभावको प्रभाव देखिएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड)का प्रमुख सुनीलबाबु पन्तले बताए। उनले भने, 'मूल्यवृद्धिको असर त देखिएको छ, जुन रफ्तारमा काम हुनुपर्ने हो, त्यो रफ्तारमा काम हुन सकेको छैन। अहिले काम गर्ने सिजन हो। यो सिजनमा ५० प्रतिशत पुऱ्याउने लक्ष्य थियो। तर, पुग्ने अवस्था देखिएन।'

पश्चिम खण्डमा पनि मूल्यवृद्धि, इन्धन र बिटुमिन अभावले काम सुस्त भएको उनी बताउँछन्। यो खण्डमा मासिक चार प्रतिशत काम हुनुपर्ने हो। तर, चैत महिनामा दुई प्रतिशत मात्रै भएको उनले बताए। 'यो समय विगतमा काम ढिला भएको पनि रिकभर गर्ने समय थियो। तर, अहिले बिटुमिन अभाव र मूल्यवृद्धिले काम सुस्त छ। असारसम्म ६० प्रतिशत पुऱ्याउने लक्ष्य थियो। तर, पुग्ने अवस्था देखिएन,' उनी भन्छन्, 'मूल्यवृद्धिले निर्माण कम्पनी पनि टिक्ने अवस्था छैन। फागुनदेखि जेठसम्म सबैभन्दा धेरै काम हुनुपर्ने हो। तर, यही समयमा काम अपेक्षित हुन सकेन।'

चितवनमा कजारियाको सोरुम विस्तार

काठमाडौं/ कजारिया रमेश टायल्स लिमिटेडले चितवनको मंगलपुरमा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ। अथर्व इन्टरप्राइजेजद्वारा सञ्चालित उक्त सोरुम सोमबार उद्घाटन गरिएको हो। यो सोरुमले प्रमुख क्षेत्रीय बजारमा आफ्नो पहुँच विस्तार गर्ने ब्रान्डको प्रतिबद्धतालाई थप पुष्टि गरेको बताइएको छ।

सोरुम सञ्चालनमा आएसँगै चितवन तथा आसपासका ग्राहकलाई कजारियाका प्रिमियम टायल समाधान अझ सहज रूपमा उपलब्ध हुने कम्पनीले जनाएको छ।

कम्पनीका निर्देशक हिमांशु अग्रवालले भने, 'अथर्व इन्टरप्राइजेजसँगको सहकार्यमार्फत चितवनमा आफ्नो उपस्थिति विस्तार गर्न पाउँदा खुसी छौं। यस क्षेत्रमा पूर्वाधार तथा आवास निर्माणको माग निरन्तर बढ्दै गएको अवस्थामा उच्च गुणस्तरका तथा डिजाइनकेन्द्रित टायल समाधान प्रदान



गर्ने ठुलो सम्भावना देखिरहेका छौं।' नेपालभर निरन्तर विस्तार भइरहेको आफ्नो सञ्जालसँगै कजारियाले टायल उद्योगमा विश्वासिलो ब्रान्डका रूपमा आफ्नो स्थान अझ सुदृढ बनाउँदै नवीनता, गुणस्तर तथा उत्कृष्ट डिजाइनमार्फत ग्राहकलाई सेवा प्रदान गरिरहेको जनाएको छ।

कम्पनीले उन्नत प्रविधिसहित देशकै सबैभन्दा ठुलो टायल उत्पादन उद्योग स्थापना गरी नेपालमा टायल उद्योगलाई नयाँ परिभाषा दिएको छ। यसको नेतृत्व विभिन्न अन्तर्राष्ट्रिय मान्यताबाट थप सुदृढ बनेको कम्पनीको दाबी छ।

कम्पनीले तीन हजारभन्दा बढी डिजाइन विकल्पसहित टिकाउपन, सौन्दर्य र कार्यसम्पादनको उत्कृष्ट संयोजनमार्फत आन्तरिक स्थानलाई रूपान्तरण गर्दै आएको बताइएको छ। हाल कजारियाले देशभर एक सयभन्दा बढी सोरुमको सञ्जाल विस्तार गरिसकेको छ। कम्पनीका उत्पादनमा ग्लेज्ड भिट्रिफाइड, हेभी ड्युटी ग्लेज्ड भिट्रिफाइड तथा सेरामिक वाल टायल समावेश छन्। यी टायलहरू पानी तथा दागप्रतिरोधी, बलियो, दिगो र आधुनिक डिजाइनमा उपलब्ध हुने बताइएको छ।

नेपाल लाइफको व्यतीत बिमालेख नवीकरण गर्दा शतप्रतिशतसम्म छुट

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले व्यतीत बिमालेख नवीकरण गर्दा शतप्रतिशतसम्म छुट पाइने योजना सार्वजनिक गरेको छ। कम्पनीले २५औं वार्षिकोत्सवका अवसरमा व्यतीत बिमालेख पुनर्जागरण गराउने उद्देश्यले विलम्ब शुल्कमा विशेष छुट दिने योजना सार्वजनिक गरेको हो।



कम्पनीका अनुसार अहिले आर्थिक कठिनाइका कारण धेरै बिमालेख व्यतीत भइरहेका छन्। ती बिमालेख सहज रूपमा नवीकरण गरी पुनः सक्रिय गरी बिमितको आर्थिक सुरक्षा सुनिश्चित गर्नु आवश्यक छ। यसैलाई मध्यनजर गर्दै कम्पनीले ७ वैशाखदेखि ५ जेठसम्म व्यतीत बिमालेख नवीकरण गर्दा विलम्ब शुल्कमा शतप्रतिशतसम्म छुट प्रदान गर्ने घोषणा गरेको हो।

कम्पनीले रजत जयन्तीको अवसरमा बिमितका लागि पहिलोपटक यति ठुलो विलम्ब शुल्क छुट योजना ल्याइएको जनाएको छ। एक महिनासम्म चल्ने योजनामा बिमालेख व्यतीत भएका बिमितले विलम्ब शुल्क छुटको लाभ लिन सक्नेछन्। कम्पनीले ग्राहकलाई यो अवसरको सदुपयोग गर्दै निरन्तर सुरक्षा सुनिश्चित गर्न अनुरोधसमेत गरेको छ।

प्रभु महालक्ष्मी लाइफका अभिकर्ता लिडरलाई क्षमता वृद्धि तालिम



काठमाडौं/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले अभिकर्ता लिडरका लागि क्षमतावृद्धिसम्बन्धी तालिमसहित मनोरञ्जनात्मक कार्यक्रम सम्पन्न भएको छ।

चितवनको नारायणगढमा ६ देखि ८ वैशाखसम्म विभिन्न मनोरञ्जनात्मक एवं क्षमता अभिवृद्धि तालिम कार्यक्रम सम्पन्न गरिएको कम्पनीले जनाएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए।

सिइओ प्रसाईंले व्यावसायिक जीवनमा सफल अभिकर्तालाई अझ प्रखर बनाउन यस किसिमका क्षमता अभिवृद्धि कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गरे। कार्यक्रममा डेढ सयजनाभन्दा बढी अभिकर्ता लिडरको उपस्थिति थियो। सहभागीलाई अन्तर्राष्ट्रियस्तरका लाइफ इन्स्योरेन्स कोच काजिम रजाले बिमा बिक्री कला र व्यावसायिक क्षमता अभिवृद्धिबारे तालिम प्रशिक्षण दिएका थिए।

कम्पनीले अभिकर्ताका लागि निरन्तर मोटिभेसनल, रिफ्रेसमेन्ट, सम्मान तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

नागरिक लगानी कोषको उपदान तथा पेन्सन योजनामा मेरो माइक्रोफाइनान्स आबद्ध

काठमाडौं/ नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान तथा पेन्सन योजनामा मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था आबद्ध भएको छ। यससम्बन्धी समझदारीपत्रमा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्की र मेरो माइक्रोफाइनान्सका प्रमुख कार्यकारी अधिकृत रामहरि दाहालले हस्ताक्षर गरेका हुन्।

६४ जिल्ला कार्यक्षेत्र रहेको यस लघुवित्तमा करिब पाँच सय कर्मचारी कार्यरत रहेका छन्। कोषको यस योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन



सक्ने व्यवस्था छ। यसअन्तर्गत योगदानमा वा गैरयोगदानमा आधारित भएर संघ-संस्थाले उपदान कोष व्यवस्थापन गर्न सक्नेछन्। सोही व्यवस्थाअनुसार उक्त लघुवित्त वित्तीय संस्था कोषको उपदान योजनामा आबद्ध भएको हो।

यसअघि पनि कोषसँग विभिन्न लघुवित्त वित्तीय संस्था लिमिटेड आबद्ध भइसकेका छन्। कोषले ०५५ देखि सुरु गरेको उपदान तथा पेन्सन योजनामा विभिन्न संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको उपदान तथा पेन्सनबापतको रकम संकलन गरी लगानी गर्ने र कर्मचारी निवृत्त भएपछि भुक्तानी गर्ने गरिएको छ। योजनामा योगदानमा आधारित र गैरयोगदानमा आधारित रकम जम्मा गरी सहभागी हुन सकिने व्यवस्था छ।

महालक्ष्मी विकास बैंकद्वारा युनियन पेसँगको सहकार्यमा अन्तरदेशीय क्युआर भुक्तानी सुरु

काठमाडौं/ महालक्ष्मी विकास बैंकले युनियन पे वालेट प्रयोगकर्ताबाट नेपालभित्रै क्युआर कोडमार्फत भुक्तानी स्वीकार गर्ने सुविधाको सुरुवात गरेको छ। बैंकले आफ्नो फोनपे क्युआर मर्चेन्ट नेटवर्कमार्फत भुक्तानी स्वीकार गर्न सक्ने सुविधा सञ्चालनमा ल्याएको हो।



यो सेवा युनियनसँगको सहकार्यमा फोनपेमार्फत लागू गरिएको हो। यससँगै युनियन पे डिजिटल प्रयोगकर्ताले नेपालभरका महालक्ष्मी विकास बैंकका क्युआर मर्चेन्टमा सजिलै भुक्तानी गर्न सक्नेछन्। विशेष गरी चीनलगायतका विभिन्न देशबाट नेपाल आउने पर्यटकलाई यो सुविधाले लाभ दिने बताइएको छ।

सन् २००२ मा स्थपना भएको युनियन पे विश्वकै ठुला भुक्तानी सेवाप्रदायकमध्ये एक हो। यसको ९.६ अर्बभन्दा बढी कार्ड जारी भइसकेको छ। यस्तै, एक सय ८० भन्दा बढी देश तथा क्षेत्रमा यसको स्वीकृति रहेको बताइएको छ।

यो सेवापछि अहिले नेपालमा प्रदान भइरहेको क्युआर पूर्वाधार अझ प्रभावकारी हुने विश्वास बैंकले लिएको छ। डिजिटल नवप्रवर्द्धनलाई अझ सुरक्षित, प्रभावकारी तथा समावेशी बनाउन प्रतिबद्ध रहेको बैंकले जनाएको छ।

०८३ लाई डिजिटल प्रवर्द्धन वर्षका रूपमा मनाउने योजनाअनुरूप बैंकले 'महालक्ष्मी स्मार्ट साथी'मार्फत नयाँ योजना घोषणा गरेको छ। महिनाको पहिलो हप्ता कम्तीमा एक कारोबार गर्ने ग्राहकमध्ये तीनजनाले आकर्षक भ्रमण प्याकेज प्राप्त गर्न सक्नेछन्। बैंकका देशभर एक सय तीन शाखा कार्यालय र साढे आठ लाखभन्दा बढी ग्राहक छन्।

एनआइसीको सम्पत्ति लिलाम बिक्री पोर्टल

काठमाडौं/ एनआइसी एसिया बैंकले लिलाम बिक्रीसम्बन्धी अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ। बैंकले आफ्नो नाममा रहेका बैंकिङ, गैरबैंकिङ सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्तिसमेतको लिलाम बिक्रीसम्बन्धी अनलाइन पोर्टल सार्वजनिक गरिएको जनाएको छ।

बैंकले सञ्चालनमा ल्याएको अनलाइन पोर्टलमार्फत बैंकले



लिलाम बिक्री गर्ने सम्पत्तिसम्बन्धी सम्पूर्ण सूचनाबारे विस्तृत जानकारी समेटिएको छ। यसका लागि ग्राहक महानुभावले लिलाम बिक्रीसम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी विस्तृत सूचना पाउन सक्नेछन्। बिक्रीमा रहेका सम्पत्तिको क्षेत्रफलसहितको विवरण, फोटो, नक्सा एवं उक्त सम्पत्तिको स्थान (लोकेसन) पहिचानका लागि गुगल म्यापसहितका विविध जानकारी प्राप्त गर्न सकिने बताइएको छ।

सच्चाईएको

यस बैंकको मिति २०८२/१०/२३ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना र मिति २०८३/०१/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचनामा **चाबहिल शाखा, काठमाडौंका ऋणी रितु खड्काको व्यक्तिगत जमानतकर्ता राजन अधिकारीको बाबुको नाम चन्द्र बहादुर अधिकारी र बाजेको नाम कृष्ण बहादुर अधिकारी** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्चाईएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

मोटरसाइकल हरायो

मिति २०८२/१०/२ गते अ. राति ११ बजेको समयमा का.जि.ता.न.पा. ११ नेपालटारबाट पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : हुलास फिन सर्भ हायर पर्चेस लि. (ऋणी: सन्जिब तमाङ)
मो.सा.नं.: बा.प्र. ०२ ०६२ प २५५७
चेसिस नं.: MD2A13EX9SCE86329
इन्जिन नं.: DKXCSD32688
सम्पर्क न.: 9845445044

मौला कालिका हाइड्रोपावर कम्पनी लि.

सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०८३/०१/०५

मिति २०८३/०१/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको सत्रौं वार्षिक साधारण-सभा देहाय बमोजिमको मिति, स्थान र समयमा निम्न बमोजिमका विषय र प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, स्थान र समय :

मिति : २०८३/०१/३० गते शनिवार (तदनुसार १३ मे २०२६)
स्थान : देवपुर, देवघाट गाउँपालिका, तनहुँ स्थित कम्पनीको साईट कार्यालय।
समय : बिहानको १०:०० बजे।

छलफलका बिषयहरू

क) सामान्य प्रस्तावहरू :

१. सत्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने।
३. आ.व. २०८२/८३ को लागि लेखापरिक्षक नियूक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. शेयर लगानी अनुमोदन सम्बन्धमा।

ख) विविध।

सञ्चालक समितिको आज्ञाले
प्रमुख कार्यकारी अधिकृत

पचली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

भंसारमार्ग, टेकु-१२, काठमाडौंको

कर्जा तिर्न आउने बारे २१ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३/०१/०९, बुधबार)

यस पचली बहुउद्देश्यीय सहकारी संस्था लि. टेकु १२, काठमाडौंबाट विभिन्न मितिमा विभिन्न कर्जा नं.बाट एक मुष्ट/पटक पटक गरी कर्जा लिनु भएका तपसिल बमोजिमका ऋणी महानुभावहरुलाई मौखिक/पत्राचार/सूचना आदि माध्यमबाट बारम्बार कर्जा चुक्ता गर्न आउन अनुरोध गर्दा समेत संस्थाबाट लिएको कर्जा भाखा नघाइ संस्थामा कर्जा चुक्ता गर्न आउनु नभएको र कर्जा तिर्ने मनसाय नदेखाई संस्थामा सम्पर्क समेत राख्न आउनु नभएकोले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस संस्थामा सम्पर्क राख्न आइ सम्पूर्ण कर्जाको बाँकी बक्यौता रकम चुक्ता गर्न आउनु हुन अनुरोध गरिन्छ।

कथंकदाचितः ऋणीले माथि तोकिएको भाखा(म्याद) भित्र यस संस्थामा आई बाँकी बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तानी नगरेमा यो सूचना प्रकाशित भएको मितिले २२औं दिन देखि यस संस्थाले ऋणीहरुसँग बाँकी लेना रकम असुल उपर गर्न ऋणी, ऋणीका एकासगोल परिवारको नाममा रहेको चल अचल सम्पत्ति र ऋण दिंदा व्यक्तिगत जमानी दिनेको नाममा रहेको/वा निजको चल अचल सम्पत्तिबाट समेत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र अन्य प्रचलित नियम तथा निर्देशनहरु, संस्थाको विनियम बमोजिम र अन्य कानूनी प्रक्रिया समेत अपनाई संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपशिल

सि नं.	ऋणीको तीन पुस्ते विवरण र ठेगाना	ऋणीको फोटो	व्यक्तिगत जमानी बस्नेको नाम, ठेगाना
१.	नाम : **रोमीलाल श्रेष्ठ** ना.प्र.प.नं. : २३०७/७८०७ पिता : गोविन्दलाल श्रेष्ठ बाजे : सुर्यलाल श्रेष्ठ ठेगाना : का.म.न.पा.-१९, ढोकाटोल, काठमाडौं		*
२.	कर्जा नं. : १२२८ नाम : **मन्दिरा महर्जन** ना.प्र.प.नं. : १०३६ पिता : आशाकाजी महर्जन पति : अशोक महर्जन ठेगाना : का.म.न.पा.-१२, ब्रम्हटोल, तःननी, काठमाडौं।		नाम: **दयाराम प्रजापति** ठेगाना: का.म.न.पा.-१२, ब्रम्हटोल, काठमाडौं।
३.	कर्जा नं. : १४६७ नाम : **मोहन काजी ताम्राकार** ना.प्र.प.नं. : १९४०५ पिता : भाइ काजी ताम्राकार बाजे : हिरा काजी ताम्राकार ठेगाना : का.म.न.पा.-१६, बालाजु, काठमाडौं।		नाम: **दयाराम प्रजापति** ठेगाना: का.म.न.पा.-१२, ब्रम्हटोल, काठमाडौं।
४.	कर्जा नं. : १५३० नाम : **रोहित साही** ना.प्र.प.नं. : २७१०६० पिता : रामेश्वर साही बाजे : तेज काजी साही ठेगाना : का.म.न.पा.-१२, टेकु, काठमाडौं।		नाम: **रामेश्वर साही** ठेगाना: का.म.न.पा-१२, काठमाडौं नाम: **दयाराम प्रजापति** ठेगाना: का.म.न.पा -१२, ब्रम्हटोल, काठमाडौं।
५.	कर्जा नं. : १५५२ नाम : **रामेश्वर साही** ना.प्र.प.नं. : २९३३ पिता : तेज काजी साही बाजे : बाजु काजी साही ठेगाना : का.म.न.पा.- १२, टेकु, काठमाडौं।		नाम: **रोहित साही** ठेगाना: का.म.न.पा- १२, टेकु, काठमाडौं।
६.	कर्जा नं. : १६७३ नाम : **राजभाई महर्जन** ना.प्र.प.नं. : ३७००/३९३२ पिता : जित नारायण महर्जन बाजे : नाती महर्जन ठेगाना : का.म.न.पा.-१५, काठमाडौं।		नाम: **दयाराम प्रजापति** ठेगाना: का.म.न.पा -१२, ब्रम्हटोल, काठमाडौं। नाम: **नवीन मानन्धर** ठेगाना: का.म.न.पा.-२३, काठमाडौं।
७.	कर्जा नं. : १६६८ नाम : **बिनोद डंगोल** ना.प्र.प.नं. : ७४१३ पिता : बद्री डंगोल बाजे : कृष्णलाल डंगोल ठेगाना : का.म.न.पा.-१२, ह्युमत टोल, काठमाडौं।		नाम: **दयाराम प्रजापति** ठेगाना: का.म.न.पा.-१२, ब्रम्हटोल, काठमाडौं।
८.	कर्जा नं. : १६८१ नाम : **अजेन महर्जन** ना.प्र.प.नं. : ४४७६ पिता : भिम बहादुर महर्जन बाजे : जित नारायण महर्जन ठेगाना : का.म.न.पा.-१३, कालीमाटी, काठमाडौं।		नाम: **दयाराम प्रजापति** ठेगाना: का.म.न.पा.-१२, ब्रम्हटोल, काठमाडौं।
९.	कर्जा नं. : १७११ नाम : **अरुण महर्जन** ना.प्र.प.नं. : ८८३६ पिता : हर्ष बहादुर महर्जन बाजे : जित नारायण महर्जन ठेगाना : का.म.न.पा.-१२, ब्रम्हटोल, काठमाडौं।		नाम: **दयाराम प्रजापति** ठेगाना: का.म.न.पा.-१२, ब्रम्हटोल, काठमाडौं।
१०.	कर्जा नं. : १७४६ नाम : **दयाराम प्रजापति** ना.प्र.प.नं. : १५६९७ पिता : सीताराम प्रजापति बाजे : जोगमान प्रजापति ठेगाना : का.म.न.पा.- १२, ब्रम्हटोल, काठमाडौं।		*
११.	कर्जा नं. : १७४७ नाम : **गीता श्रेष्ठ** ना.प्र.प.नं. : २९१००७-६३९ पिता : पुर्ण बहादुर श्रेष्ठ पति : सन्तोष लामा ठेगाना : भ.न.पा.-२, नगरकोट, काठमाडौं।		नाम: **सन्तोष लामा** ठेगाना : मेची नगर पालिका, वडा नं. १९, झापा। नाम: **दयाराम प्रजापति** ठेगाना: का.म.न.पा.-१२, ब्रम्हटोल, काठमाडौं।

सूची दर्ता गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०९)

आर्थिक वर्ष २०८३/०८४ को लागि यस बैंकलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान तथा सेवाहरु आपूर्ति तथा कारोवार गर्न स्वीकृति प्राप्त गरेको अनुभवी इच्छुक व्यक्ति, फर्म तथा कम्पनीहरुलाई आफुले आपूर्ति गर्ने वस्तु तथा प्रदान गर्ने सेवाको विवरण खुलाई सूची दर्ताको लागि आवश्यक निवेदनसहित खामबन्दी गरी खामको बाहिरपट्टि सूची दर्ता गरिने विषयबारे भनी प्रष्ट रुपमा उल्लेख गरी देहायका शर्त बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र यस बैंकको केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं स्थित सामान्य सेवा विभागमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धमा थप जानकारी चाहिएमा यस बैंकको केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं स्थित सामान्य सेवा विभागमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

बैंकलाई आवश्यक पर्ने सामान तथा सेवाहरुको विवरण :

समुह	सूची	विवरण
	(क) मालसामान आपूर्ति :	
१	मसलन्द/छपाइ सामग्री आपूर्ति (कम्तीमा ५ वर्षको कार्य अनुभव हुनुपर्ने)	बैंकका लागि आवश्यक MICR चेक, मुद्दती रसिद, अन्य प्रिन्टेड बैंक स्टेसनरीहरु, डायरी, क्यालेन्डर, वार्षिक प्रतिवेदन, तथा बैंकका अन्य छपाई तथा प्रकाशनहरु।
२	मसलन्द स्टेसनरी आपूर्ति (कम्तीमा ३ वर्षको कार्य अनुभव हुनुपर्ने)	बैंकका लागि आवश्यक स्टेसनरी सामानहरु, ATM, POS, Queue Management Rolls, Temper Evident Envelopes, Tonner, Cartridges आदि।
३	अफिस उपकरण आपूर्ति	Note Counting Machine, Fake Note Detectors, Note Sorting Machine, Gold Weighing Machine, Cheque Writer, Queue Management system आदि।
४	कम्प्यूटर तथा कम्प्यूटरजन्य उपकरण, IT सँग सम्बन्धित उपकरणहरु तथा सरसामानहरु, सेवाहरु आपूर्ति तथा मर्मत संभार	Desktop तथा Laptop कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेसिन, Router, Switch, Networking लगायत IT सँग सम्बन्धित अन्य उपकरणहरु, Cheque (ECC) Scanner, CCTV System and Cameras, ATM and POS Machine आपूर्ति तथा मर्मत संभार तथा IT Hardware and Software Engineering Procurement सम्बन्धी परामर्श सेवा तथा इन्टरनेट सेवा प्रदायक। (**Note: IT सँग सम्बन्धित वस्तु तथा सेवाको बारे बिस्तृत जानकारीको लागि बैंकको Website:www.nimb.com.np मा हेर्नुहोला**)।
५	सञ्चार उपकरण तथा सरसामानहरु आपूर्ति	EPABX System तथा Telephone Sets.
६	बिद्युतीय उपकरण तथा सरसामानहरु आपूर्ति	Generator, Solar Power Back up, Air Conditioners, Online UPS and Batteries, Stabilizer तथा अन्य उपकरणहरुको आपूर्ति तथा Rental Service।
७	फर्निचर तथा फिक्चर्स आपूर्ति	स्टिल तथा काठका दराज, टेबल, कुर्सी, सोफा, Safe Vault, Fire Proof Filling Cabinet, Locker, Furnishing, Carpeting तथा अन्य उपकरणहरु
८	Staff Uniform आपूर्ति तथा सिलाइ	Shirt, Pant, Coat, Tie, Cap, Jacket, Shoes आपूर्ति तथा सिलाई कार्य
९	अन्य सामान आपूर्ति	चिया, कफि, दुध, कुकिङ्ग ग्यास तथा सरसफाइ सामग्री आपूर्ति।
	(ख) निर्माण कार्य :	
१	निर्माण तथा मर्मत सम्भार	Civil/Interior Construction/Renovation, Electrical and Allied Work तथा मर्मत सम्भार।
	(ग) परामर्श सेवा :	
१	परामर्श सेवा	भवन निर्माण, Interior Designing/layout, Structural Engineering सम्बन्धि परामर्श सेवा।
	(घ) अन्य सेवा :	
१	ब्रान्डिङ, बिज्ञापन तथा प्रचार प्रसार	साइनबोर्ड, साइनेज, नेमप्लेट, स्टिल लेटर, क्यू स्ट्याण्ड, बिज्ञापन (प्रिन्ट, अनलाईन, रेडियो, टेलिभिजन), एजेन्सी, व्यवसाय प्रवर्धनात्मक कार्य, छपाई बिज्ञापन डिजाइनिङ तथा निर्माण, ब्रान्डिङ (साइनबोर्ड, साइनेज, नेमप्लेट, स्टिल लेटर, क्यू स्ट्याण्ड) आदि।
२	ढुवानी तथा कुरियर सेवा (कम्तीमा ३ वर्षको कार्य अनुभव हुनुपर्ने)	बैंकको सरसामान, चिठीपत्रहरु ओसार पसार तथा ढुवानी
३	खानेपानी आपूर्ति	खानेपानी (जार, बोटल तथा ट्याङकर) को पानी आपूर्ति सेवा
४	हवाई टिकट	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानको हवाई टिकट आपूर्ति
५	सुरक्षा सेवा प्रदायक तथा कार्यालय सहयोगी तथा सरसफाई सेवा प्रदायक (कम्तीमा ३ वर्षको कार्य अनुभव हुनुपर्ने)	सुरक्षा गार्ड, कार्यालय सहयोगी, Messengers, Drivers, Office Cleaning and Cleaning Staffs, Electricians, Tea Boy/Girl आदिको आपूर्ति।
६	बिमा	Life, non-life insurance, BBI
७	मर्मत सम्भार	अफिस उपकरणहरु, बिद्युतिय उपकरण तथा सरसामानहरु, फर्निचर तथा फिक्चर्स, सवारी साधनहरु, प्लम्बिङ्ग आदि।
८	अन्य सेवा	चमेना गृह संचालन सेवा प्रदायक, प्लम्बिङ्ग सेवा प्रदायक।

सूची दर्ताका लागि निवदेनका साथ पेश गर्नुपर्ने कागजात तथा शर्तहरु :

१. सूचीकृत हुन चाहने व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि - १
२. फर्म तथा कम्पनीको हकमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि - १
३. स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि - १
४. करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि - १
५. कार्यसम्पादन तथा मुल्याङ्कन सम्बन्धी पत्रहरुको प्रतिलिपि (भएमा)।
६. सूचीकृत हुन चाहने फर्म (एकल वा संयूक्त) को तर्फबाट निवेदन पेश गर्दा प्रोप्राइटर/साझेदार र कम्पनीको हकमा संचालक समितिको निर्णयबाट अख्तियार प्राप्त व्यक्तिले अनिवार्य रुपमा दस्तखत गरी निवेदन पेश गर्नुपर्ने छ।
७. बिगत्मा कालोसूचीमा नपरेको स्वघोषणा - १
८. बस्तु तथा सेवा आपूर्ति गर्न आधिकारीक एजेन्सी, वितरक भए सोको प्रमाण पत्रको प्रतिलिपि - १

पुनश्च : माथि उल्लेख भए अनुसार आ.व. २०८३/०८४ को लागि बैंकलाई वार्षिक आवश्यक पर्ने बस्तु तथा सेवा आपूर्तिकर्ताहरु सूचिकृत हुनका लागि इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीहरुबाट प्राप्त हुन आएको निवेदनबाटै वार्षिक आपूर्तिकर्ताको छोटो सूची तयार गरि सूचिकृत भएका आपूर्तिकर्ताहरु मध्येबाट बैंकको खरिद प्रक्रिया बमोजिम वस्तु तथा सेवाहरु खरिद गरिनेछ। सूची दर्ता सम्बन्धी प्राप्त हुन आएको निवेदनलाई कुनै कारण दिई वा नदिई स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ।

सूची दर्ताको लागि सम्पर्क ठेगाना :

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
सामान्य सेवा विभाग, दरबारमार्ग, काठमाडौं।
फोन नं. ५३२८२२९, ५३४२५३०
एक्स्टेन्सन नं. ३७३, ३२४, ३८८ र ३६८

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
बुधबार ९ वैशाख ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

भुर्तेलको अर्धशतकमा युएईमाथि नेपालको सानदार जित



टी-२० आई सिरिजको ट्फीका साथ घरेलु टोली नेपाल र युएईका खेलाडी । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

- १२९ रन लक्ष्य पछ्याएको इनिङ्समा
- २३ र ३४ रनमा जीवनदान पाएका नेपालका ओपनर कुशल भुर्तेलले ५७ बलमा ८४ रनको अविजित योगदान दिए

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालले युएईसँगको दोस्रो टी-२० क्रिकेट प्रतियोगितामा आठ विकेटको सानदार जित निकालेको छ । त्रिवि क्रिकेट मैदानमा मंगलबार पहिलो ब्याटिङ गरेको युएईले २० ओभरमा आठ विकेट गुमाएर १२८ रन बनाएको थियो । नेपालले केवल १५.५ ओभरमा दुई विकेट गुमाएर आठ विकेटको जित निकाल्यो । त्रिवि मैदानमा जित निकालेसँगै दुई खेलको टी-२० आई सिरिज १-१ को बराबरीमा सकिएको छ । यसअघि वर्षाले प्रभावित बनाएको सोमबारको पहिलो खेलमा युएईले नेपाललाई ६ विकेटले हराएको थियो ।

दोस्रो खेलमा ब्याटिङ र बलिङमा उत्कृष्ट पुनरागमन गरेको नेपालका लागि ओपनर कुशल भुर्तेलले दुई जीवनदानको फाइदा उठाएर अर्धशतकीय योगदान दिए । उनले ५७ बलमा १२ चौका र दुई छक्काको सहयोगमा ८४ रन बनाए । उनी इनिङ्समा २३ रन तथा ३४ रनमा सहज क्याचआउटबाट जोगिएका थिए । त्यसपछि कुशलले आक्रामक रूपमा प्रदर्शन गरी नेपालको जित सहज बनाए । कप्तान दीपेन्द्रसिंह ऐरीले १७ बलमा तीन चौकाको सहयोगमा नटआउट २३ रन बटुले । त्यसअघि अर्का बायाँहाते ओपनर कुशल मल्ल १७ बलमा १९ रन जोडेका थिए । डेब्यु खेलाडी सन्तोष यादव १ रनमा आउट भए ।

भुर्तेलले मल्लसँग पहिलो विकेटका लागि ७.३ ओभरमा ६७ रनको साझेदारी गरेका थिए । भुर्तेलले कप्तान ऐरीसँग तेस्रो विकेटका लागि ५८ रनको साझेदारी गर्दै नेपाललाई सानदार जित दिलाए । टस जितेको नेपालका कप्तान ऐरीले युएईलाई ब्याटिङको निम्तो दिएका थिए । तर, लेग स्पिनर सन्दीप लामिछानेको उत्कृष्ट स्पेलमा युएई दोस्रो खेलमा कमजोर देखियो । युएईका लागि दोस्रो टी-२० आई खेलिरहेका अक्षदीप नाथले अर्धशतक बनाउँदै ५३ रन बनाए । उनले ४२ बलमा ३ चौका र ४ छक्का प्रहार गरे ।

ओपनर तथा कप्तान मोहमद वासिमलाई हेमन्त धामीले पहिलो बलमै आउट गरे । इनिङ्सको एक समयमा युएईले आठ ओभरमा ६ विकेट गुमाएर ४८ को कमजोर प्रदर्शन गरेको थियो । अक्षदीप नाथ र मोहमद अर्फानबिच सातौँ विकेटका लागि ६४ रनको साझेदारी हुँदा युएई खेलमा फर्कियो । बलिङमा सन्दीपले चार ओभरमा एक मेडनसहित ६ रन खर्चेर तीन विकेट लिए । हेमन्त धामीले २ विकेट लिन २० रन खर्चे । नन्दन यादव र साहब आलमको नाममा समान एक विकेट लिए । नेपालले आइसिसी पुरुष विश्वकप लिग २ को सिरिजअघि त्रिवि मैदानमा युएईसँग टी-२० सिरिज खेलेको हो । त्रिवि मैदानमा नेपाल, ओमान र युएईबिच वैशाख १२ देखि २२ सम्म पहिलो सिरिज हुनेछ ।

सबैले एकदम राम्रो खेले

● **दीपेन्द्रसिंह ऐरी**, कप्तान, नेपाल



युएईविरुद्ध दोस्रो टी-२० आईमा सबै खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका थिए । अघिल्लो दिनमा हामी ब्याटिङ र बलिङमा कमजोर थियौँ । दोस्रो खेलमा यही पक्ष सुधार भयो । विशेषतः नेपालको जितमा कुशल भुर्तेल र सन्दीप लामिछानेले प्रभावशाली प्रदर्शन गरेका थिए । सन्दीपको प्रदर्शन सधैँ नेपालका लागि राम्रो हुने गर्छ । डेब्यु खेलाडी पनि राम्रो गरेको पाएँ । युवा खेलाडीहरूलाई एक्सपोजर दिलाउन नै यस किसिमको अवसर दिइएको हो ।

नेपालको उत्कृष्ट पुनरागमन भयो

● **मुहम्मद वासिम**, कप्तान, युएई



पहिलो खेलको तुलनामा हामीले दोस्रोमा राम्रो गर्न सकेनौँ । ब्याटिङ र बलिङमा कमजोर प्रदर्शन भयो । खेलमा यस्तो हुने गर्छ । कुनै दिन हामी माथिल्लोस्तरमा प्रतिस्पर्धा गरिरहेका हुन्छौँ भने अर्को दिन खराब प्रदर्शन हुने गर्छ । नेपालविरुद्धको दोस्रो खेलमा पनि यस्तै भयो । अघिल्लो दिन नेपालको प्रदर्शन खराब थियो । दोस्रोमा हाम्रो प्रदर्शन नसोचेजस्तो भयो । मलाई आशा छ, अब एकदिवसीय क्रिकेटमा हामी उत्कृष्ट प्रदर्शन गर्छौं ।



सन्तोषले गरे डेब्यु

मुख्य प्रशिक्षक स्टुवार्ट लले युएईविरुद्धको दोस्रो टी-२० आईमा युवा अलराउन्डर सन्तोष यादवलाई डेब्यु गराएका छन् । पहिलो खेलमा स्टुवार्टले फास्टबलर हेमन्त धानीलाई डेब्यु गराएका थिए । प्रतिस्पर्धाको टस हुनुअघि सन्तोषले नेपाली राष्ट्रिय टोलीको डेब्यु क्याप पाएका थिए । लुम्बिनी प्रदेशका सन्तोषले प्रधानमन्त्री एकदिवसीय क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै सर्वोत्कृष्ट खेलाडीको अवार्ड जितेका थिए । डेब्यु गरेको टी-२० आईमा उनले एकपटक मात्र बलिङ गर्ने अवसर पाए । उनले एक ओभरमा ११ रन खर्चेका थिए । पहिलो ओभरमै खर्चिलो भएपछि सन्तोष फिल्डिङमै व्यस्त भए । उनले ब्याटिङमा समेत मौका पाउँदा उत्कृष्ट बनाउन सकेनन् । इनिङ्सको ८.३ ओभरमा उनी स्टम्पिङ भएका थिए । क्रिज छाडेर अगाडि बढ्दा उनलाई विकेट पछाडि अदिब उस्मानीले आउट पारेका हुन् ।

■ चन्द्रगढी महिला गोल्डकप

एपिएफको जितमा रश्मिको व्यक्तिगत चार गोल



झापामा चिरञ्जीवी घिमिरे

नेपाल एपिएफ फुटबल क्लब झापाको भद्रपुरमा चलिरहेको पहिलो संस्करणको चन्द्रगढी महिला गोल्डकपको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । मेची रंगशालामा मंगलबार पद्मा स्पोर्टिङ क्लबविरुद्ध ६-० को सानदार जित निकाल्दै एपिएफले अन्तिम आठको स्थान पक्का गरेको हो । एपिएफको जितमा रश्मिकुमारी घिसिङले चार गोल गरेकी थिइन् । रेनुका नगरकोटी र अनिता केसीले समान एक गोल गरे ।

एपिएफले पद्मामाथि निरन्तर दबाब सिर्जना गर्दै पहिलो हाफको २८औँ मिनेटमा मात्रै अग्रता लियो । एपिएफकी स्ट्राइकर रश्मिकुमारीले १-० का लागि गोल गरिन् । डिबक्सबाट कप्तान अनिता बस्नेतले गरेको क्रसमा पद्माका डिफेन्डरलाई बिट गर्दै रश्मिले सहजै गोल गरिन् । पहिलो हाफमा मोफसलको पद्मा स्पोर्टिङले नेपाली महिला फुटबलको सशक्त टोली एपिएफविरुद्ध सानदार प्रदर्शन गऱ्यो । तर, पद्मासे एपिएफको बलियो डिफेन्स लाइन तोड्न सकेन ।

> उपाधि दाबेदार एपिएफले मोफसलको क्लब पद्मा स्पोर्टिङविरुद्ध ६-० को सानदार जित निकाल्यो । एपिएफको जितमा रश्मिकुमारी घिसिङले पहिलो हाफमा एक र दोस्रो हाफमा तीन गोल गरिन् ।

नेपाली राष्ट्रिय महिला फुटबल टोलीका अधिकांश सदस्यसहित मैदानमा उत्रिएको एपिएफको दबाबलाई पद्माले पहिलो हाफमा विफल बनायो । पद्माको उत्कृष्ट प्रदर्शनका कारण पहिलो हाफमा एपिएफले एक गोल मात्रै गर्न सक्यो । पहिलो हाफमा पद्माको डिफेन्स लाइन बलियो रह्यो । गोलरक्षक भरना डुम्राकोटीले एपिएफका खेलाडीको बारम्बारको प्रहारलाई विफल बनाइन् ।

तर, दोस्रो हाफको सुरुवाती समयदेखि नै पद्माले कमजोर प्रदर्शन गऱ्यो । एपिएफले दोस्रो हाफको सुरुवाती समयमै आक्रामक खेल प्रदर्शन गऱ्यो । एपिएफले दोस्रो हाफमा पद्माको पोस्टमा पाँच गोल गर्न सफल भयो । खेलको ४१औँ मिनेटमा रश्मिले दोस्रो गोल गरिन् । मैदानको मध्यभागबाट अनिता केसीले दिएको पासमा गोलरक्षक बिट भएको मौकामा उनले गोल गरिन् । रश्मिको दोस्रो हाफमा ह्याट्रिक पूरा खेलको ४२औँ मिनेटमा एपिएफका लागि रेनुकाले व्यक्तिगत पहिलो गर्दा एपिएफ ३-० ले अघि रह्यो । सरु लिम्बूको कटब्याकमा डिबक्समा अनमार्क रहेकी रेनुकाले गोल गरेकी हुन् । खेलको ५२औँ मिनेटमा एपिएफकी रश्मिले ह्याट्रिक पूरा गरिन् । मनमाया दमाईंले दिएको लामो पासमा डिबक्समा रहेकी रश्मिले ह्याट्रिक गोल गरेकी हुन् । खेलको ५४औँ मिनेटमा एपिएफकी अनिता केसीले टिमका लागि पाँचौँ गोल गरिन् । मैदानको मध्यभागबाट डिफेन्डर प्रतीक्षा चौधरीले दिएको पासलाई मुभ बनाउँदै डिबक्सबाट अनिताले गरेको प्रहार गोलमा परिणत भयो ।

खेलको ५६औँ मिनेटमा रश्मिले व्यक्तिगत चौथो तथा टोलीका लागि छैटौँ गोल गरिन् । उनले पद्माकी डिफेन्डर सेमिहाङमा लिम्बूले हेडिङमा क्लियर गरेको बल डिबक्सनजिकैबाट रश्मिले गरेको प्रहार गोलमा परिणत भएको थियो । मंगलबारको खेलको प्लेयर अफ दी म्याच रश्मीकुमार घिसिङ हुँदै ११ हजार रुपैयाँ प्राप्त गरिन् । प्रतियोगिताको बुधबार हुने क्वार्टरफाइनलमा नेपाल पुलिस फुटबल क्लबले भारतको रानी लक्ष्मीबाई स्पोर्टस् एकेडेमीको सामना गर्नेछ ।

अनिलको कप्तानीमा नेपाल 'ए' टोली

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले ओमानसँगको एकदिवसीय सिरिजका लागि नेपाली 'ए' टोलीको घोषणा गरेको छ । क्यानले अनिलकुमार शाहको कप्तानीमा १४ सदस्यीय टिमको घोषणा गरेको जनाएको छ । युएईविरुद्धको टी-२० आई सिरिजमा डेब्यु गरेका सन्तोष यादव र हेमन्त धामी पनि 'ए' टोलीमा समावेश भएका छन् ।

एकदिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीहरूले सिनियर टोलीमा स्थान बनाउन नसक्दा राष्ट्रिय 'ए' टोलीमा अटाएका छन् । त्रितराज दास, देव खनाल, इशान पाण्डे, सन्दीप जोरा, कुशल मल्ल र रसिद खानले स्थान पक्का गरेका छन् । यसैगरी, साहब आलम, रिजन ढकाल, आकाश चन्द, युवराज खत्री र शेर मल्ल रहेका छन् ।



नेपाल 'ए' र ओमानबिच दुई खेलको सिरिज मूलपानी क्रिकेट मैदानमा हुनेछ । पहिलो खेल बुधबार र दोस्रो खेल शुक्रबार हुने क्यानले जनाएको छ । ओमान आइसिसी पुरुष विश्वकप लिग २ को सिरिज तयारीका लागि नेपाल आएको छ । शनिबारदेखि लिग २ अन्तर्गत नेपाल, युएई र ओमानबिच सिरिज हुँदै छ । नेपाली टोलीमा प्रशिक्षकमा राजु बस्न्यात र सहायक प्रशिक्षकमा प्रकाश शर्मा रहेका छन् ।

■ साफ महिला च्याम्पियनसिप

नेपालको प्रारम्भिक टोलीको घोषणा

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले मंगलबार साफ महिला च्याम्पियनसिप २०२६ का लागि प्रारम्भिक ३५ सदस्यीय टोली घोषणा गरेको छ । प्रशिक्षक नवीन न्यौपानेको प्रशिक्षणमा रहेको महिला टोलीको बन्द प्रशिक्षण एन्फा कम्प्लेक्समा सुरु हुनेछ । भारतमा साफ महिला फुटबल आगमी २५ मेदेखि ७ जुनसम्म फतोर्डा स्टेडियममा आयोजना हुनेछ । नेपाली टोलीको क्लोज क्याम्पमा आगामी २७ अप्रिलबाट सुरु हुनेछ । साफ च्याम्पियनसिपमा नेपाल सधैँ उपविजेतामा सीमित रहँदै आएको छ ।

मुख्य प्रशिक्षक न्यौपानेले यसपटक उपाधि जित्ने लक्ष्यका साथ टोली चयन हुने जनाएका छन् । यसअघि राष्ट्रिय खेलकुद परिषद्ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई तीन महिनाको निलम्बन गरेपछि नेपालको सहभागिता अन्योलमा परेको थियो । साफ च्याम्पियनसिप सुरु हुनुअघि नै एन्फा निलम्बन सकिनेछ ।



■ **प्रारम्भिक टोली :**

अञ्जिला तुम्बापो सुब्बा, अञ्जना राना मगर, अनिता बस्नेत, अनिता लाम्जेल, अनिता केसी, अस्मिता नेपाली, वर्षा ओली, विमला विक, विमला चौधरी, विर्सना चौधरी, दीपा शाही, गीता राना, हीरा भुजेल, जेनिफर राना, मनमाया दमाईं, मीना देउवा, नेहाकुमारी चौधरी, निशा थोकर, पुनम चेम्जोङ, प्रतीक्षा चौधरी, प्रीति राई, पूजा राना, पूर्णिमा राई, रश्मिकुमारी घिसिङ, रेखा पौडेल, रेनुका नगरकोटी, सविना चौधरी, सजनी ठोकर, समीक्षा धिमिरे, सरस्वती हमाल, सरु लिम्बू, सिलु परियार, सुक्रिया मियाँ, सुशीला कुमारी, उषा नाथ ।

खेल संक्षेप

प्रमिजयले भुटानको लिग खेल्ने

काठमाडौं/ घरेलु फुटबलका चर्चित गोलरक्षक प्रमिजय गच्छदारले भुटानको शीर्ष डिभिजन लिग खेल्ने भएका छन् । भुटानी प्रिमियर लिग क्लब थिम्पु एफसीले मंगलबार नेपालका प्रमिजयलाई आबद्ध गरेको बताएको छ । घरेलु फुटबलमा प्रमिजय चर्च ब्वाइज युनाइटेडमा आबद्ध छन् । उनले स्थगित एन्फा राष्ट्रिय लिगमा चर्च ब्वाइजबाट प्रतिस्पर्धा गरेका थिए । प्रमिजयले गत वर्ष जेठमा भएको सहिद स्मारक 'बी' डिभिजन लिगमा वीरगन्ज युनाइटेडबाट खेलेका थिए । वीरगन्जले अंकतालिकाको चौथो स्थानमा रह्यो । उनी लिगकै सर्वोत्कृष्ट गोलरक्षक बनेका थिए । थिम्पुले १० दिनअघि मात्र नेपाली राष्ट्रिय फुटबल टोलीका मिडफिल्डर कृतिशरत्न छुन्जूलाई अनुबन्ध गरेको थियो । भुटान प्रिमियर लिगको नयाँ सिजन २ मेबाट सुरु हुँदै छ ।

पाँचौं अन्तर्राष्ट्रिय कराँते हुँदै

काठमाडौं/ रुपन्देहीमा पाँचौं एमके अन्तर्राष्ट्रिय कराँते प्रतियोगिता हुने भएको छ । जापान गोजुरियो कराँते डो मिसन संघका संस्थापक तथा प्रमुख प्रशिक्षक काजी रानाले प्रतियोगिता ११ र १२ वैशाखमा हुने जानकारी दिए । उनले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालले उत्कृष्ट नतिजा निकालेको बताए । प्रतियोगितामा जुनियर, क्याडेट र सिनियर समूहका खेलाडीबिच प्रतिस्पर्धा हुने सचिव गिरी पुनले बताए । प्रतियोगितामा ११ देखि १४ वर्ष, १५ देखि १७ वर्ष तथा १८ वर्षमाथिका खेलाडी सहभागी हुनेछन् । प्रतियोगितामा भारत, बंगलादेश, भुटान र नेपालका खेलाडीबिच प्रतिस्पर्धा हुने रानाले बताए ।

जुनियरमा सारालाई दोहोरो उपाधि

कास्की/ सारा पन्तले पोखरामा चलिरहेको राष्ट्रिय जुनियर टेनिस प्रतियोगिताअन्तर्गत यू-१२ र यू-१४ मा उपाधि हात पारेकी छिन् । प्रतियोगिताको मंगलबार भएको महिलातर्फ सारासे यू-१२ को फाइनलमा नाइरा घलेलाई ६-२ र ६-१ ले हराइन् । यू-१४ तर्फमा स्वरा थापालाई ६-४ र ६-१ को सोझो सेटमा पराजित गर्दै सारासे दोहोरो उपाधि हात पारेकी हुन् । यू-१० पुरुषतर्फ कायान चालिसेले र यू-१२ पुरुषतर्फ वेदान्त चालिसेले उपाधि हात पारे । यू-१४ पुरुषमा आरित मल्लले वेदान्त चासिले पहिलो भएका छन् । यू-१६ पुरुषमा सन्दीप विकले स्पन्दन उदासलाई २-१ ले हराउँदै उपाधि जिते । गत ५ वैशाखदेखि सुरु प्रतियोगितामा कास्कीका १५ सहित काठमाडौं, चितवन, बुटवललगायतका खेलाडीले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा आठ वर्षमुनिदेखि १८ वर्ष मुनिका गरी ९० जना जुनियर खेलाडीले प्रतिस्पर्धा गरेको आयोजकले जनाएको छ ।

अल्काराज र साबालेन्कालाई लाउरेस अवार्ड

म्याड्रिड/ स्पेनका कार्लोस अल्काराज राउरेन्स वल्ड स्पोर्टस् अवार्ड जितेका छन् । गत सिजनमा अल्काराजले फ्रेन्च र युएस ओपन जितेका थिए । यसैगरी, महिलामा बेलारुसकी आर्यना सबालेन्काले २०२५ मा युएस ओपन उपाधि जोगाउँदै वर्षकी उत्कृष्ट खेलाडी अवार्ड जितिन् । पेरिस सेन्ट जर्मनलाई वर्षको उत्कृष्ट टिम घोषित गरिएको छ । विश्व खेलकुद क्षेत्रमा प्रतिष्ठित मानिने लाउरेस वर्ल्ड स्पोर्टस् अवार्ड वर्षभरिको अन्तर्राष्ट्रिय खेलमा निकालेको नतिजाअनुसार अवार्ड प्रदान गरिन्छ । २२ वर्षका अल्काराजले दुईवटा ग्रान्डस्लाम जित्दै एटिपी वरीयताको शीर्ष स्थानमाथि कब्जा जमाएका छन् । स्पेनिस क्लब बार्सिलोनाका लामिन यमालसहित उदीयमान खेलाडीलाई पनि सम्मान गरिएको थियो ।

एक हजार गोलनजिक रोनाल्डो

फुटबलमा एक हजार गोल पूरा गर्न पोर्चुगलका क्रिस्टियानो रोनाल्डोलाई ३१ गोल आवश्यक

एजेन्सी

पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो फुटबल इतिहासमै आधिकारिक रूपमा एक हजार गोलनजिक पुगेका छन् । साउदी प्रो लिगमा अल नासरबाट व्यावसायिक फुटबल खेलिरहेका रोनाल्डोले करिअरमा ९६९ गोल संख्या पुऱ्याएका छन् । फुटबल इतिहासमा आधिकारिक रूपमा तथ्यांक संकलन गरेपछि रोनाल्डो र अर्जेन्टिनी कप्तान लियोनल मेसी एक हजार गोल पूरा गर्ने अभियानमा छन् । यद्यपि, फुटबलमा डेटा संकलन गर्नुअघिसम्म ब्राजिलका पेले र ब्राजिलकै रोमारियोले करिअरमा एक हजारभन्दा बढी गोल गरेको दाबी गरेका छन् ।

रोनाल्डोले सोमबार राति एएफसी च्याम्पिन्स लिग २ मा अल नासरलाई सेमिफाइनलमा पुऱ्याउँदा एक गोल गरेका थिए । यो खेलम अल नासरले अल वास्लेलाई ४-० ले हराएको थियो । जितसँगै अल नासर एएफसी च्याम्पियन्स लिग २ को सेमिफाइनलमा पुगेको छ । अल वास्लविरुद्ध गरेको एक गोलसँगै रोनाल्डो ऐतिहासिक एक हजार गोलको उपलब्धितर्फ थपनजिक भएको हो । उनी यो उपलब्धि हासिल गर्न ३१ गोल टाढा छन् । दोस्रो स्थानमा मेसी रहेका छन् । मेसीले अहिलेसम्म ९०५ गोल गरेका छन् । रोनाल्डोले विभिन्न क्लबमा आबद्ध हुँदै करिअरमा ५९६ गोल गरको छन् । उनले राष्ट्रिय टोली पोर्चुगलबाट सर्वाधिक १४३ गोल ठोकेका छन् । रोनाल्डोलाई पछ्याइरहेका मेसीले क्लब फुटबल करिअरमा ५६० गोल गरेका छन् । उनी अहिले अमेरिकाको इन्टर मियामीबाट खेलिरहेका छन् । मेसीले राष्ट्रिय टोलीबाट ११६ गोल गरेका छन् । क्लब इतिहासमा धेरै गोल गर्ने खेलाडीमा ब्राजिलका पेले हुन् । उनले ६०४ गोल गरेका थिए । यसैगरी, बाज्रिलकै रोमारियोले क्लब फुटबलमा ५१६ गोल गरेका छन् । तथ्यांकअनुसार पेलेले करिअरमा आधिकारिक रूपमा ७६२ र रोमारियाले ७५६ गोल गरेका थिए ।

लगातार उत्कृष्ट फर्ममा

४१ वर्षीय रोनाल्डो अल नासरमा आबद्ध भएयता उत्कृष्ट फर्ममा छन् । उनले गोल संख्या पनि बिस्तारै बढाइरहेका छन् । यो सिजनमा रोनाल्डोले २६ गोल गरेका छन् । रोनाल्डोले एक दशक स्पेनिस क्लब रियल म्याड्रिडमा बिताउँदा कुनै पनि सिजनमा कमजोर प्रदर्शन गरेका थिएनन् । अहिले अल नासरमा उनी यस्तै प्रदर्शन गरिरहेका छन् । अल वास्लविरुद्ध खेलको ११औँ मिनेटमा रोनाल्डोले उत्कृष्ट फिनिसिङ गरेका थिए । नावाफ बौसालको पासमा डिबक्सभित्र उनले सुन्दर गोल गरेका थिए । खेलको २४औँ मिनेटमा इनिगो मार्टिनेजले जोआओ फेलिक्सको पासबाट दोस्रो गोल गरे । त्यसको दुई मिनेटपछि फेलिक्सकै अर्को पासमा अब्दुलेलाह अल-अम्रीले तेस्रो गोल थपे । अन्तिम गोल साडियो मानेले गरे । यसमा अब्दुल्लाह अल-हमदानको सहयोग थियो । ४१ वर्षीय रोनाल्डो गत महिना चोटग्रस्त बनेका थिए । यद्यपि, उनले छिट्टै आफूलाई फर्मामा ल्याए ।

साउदीमा रमाइरहेका रोनाल्डो

सन् २०२३ मा युरोपियन फुटबल छाडेर मध्यपूर्वी एसिया आउँदा रोनाल्डोको करिअर समाप्त भएको धेरैले प्रतिक्रिया दिएका थिए । तर, उनले एसियन भूमि रोज्नुको पछाडि यहाँको फुटबल कल्चर विकास र प्रवर्द्धन गर्नु बताएका छन् । 'यहाँ आउँदा कस्तो हुन्छ जस्तो लागेको थियो, तर यो तीन वर्षमा मलाई साउदी अरेबियासँगै अन्य राष्ट्र एकदम मन परेको छ,' रोनाल्डोले भने । उनले आफू कहिले पनि गोलको पछाडि नलागेको बताए । 'धेरैले म गोलका लागि दौडिरहेको मान्छन्, तर मेरो लक्ष्य क्लबलाई जिताउनु मात्र नभएर उपाधि दिलाउनु पनि हो,' उनले भने, 'अहिले एक हजारको चर्चा चलिरहेको छ । हेर्दै आउँदा दिनमा कस्तो नतिजा आउनेछ ।'

फिफा विश्वकपको उपाधिमा नजर

अहिले रोनाल्डोको मुख्य लक्ष्य नै अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने फिफा विश्वकपमा पोर्चुगललाई उपाधि दिलाउनु हो । सन् २००६ देखि विश्वकपमा सहभागी हुँदै आइरहेका रोनाल्डोले आगामी जुन-जुलाईमा आयोजना हुने विश्वकपमा पोर्चुगललाई उपाधि दिलाउने प्रयास गर्ने बताएका छन् ।

उनले गत डिसेम्बरमा दुबईमा भएको ग्लोबल सकर अवार्डमा भनेका थिए । 'अब मेरो प्रयास भनेको पोर्चुगललाई विश्व च्याम्पियन बनाउने हो । यसअघि पोर्चुगल युरोकप तथा नेसन्स कपको विजेता बनिसक्यो,' रोनाल्डोले भनेका थिए, 'यसका लागि सबैले कडा मिहिनेत गर्नुपर्छ ।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com